हल्दीबारी गाउँपालिका शिक्षा योजना

(आ.व. २०८२/८३ – २०८६/८७)

हल्दीबारी गाउँपालिका

झापा, कोशी प्रदेश

"हल्दीबारीको दृष्टि, कृषि र पर्यटन मार्फत समृद्धि"

हल्दीबारी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

जलथल, झापा कोशी प्रदेश, नेपाल

मन्तव्य

नेपालको संविधानको धारा ३१ मा व्यवस्था गरिएको नागरिकको शिक्षासम्बन्धी मौलिक हक सुनिश्चित गर्न संविधानको अनुसूची ८ मा व्यवस्था गरिएको स्थानीय सरकारको एकल अधिकार र अनुसूची ९ मा व्यवस्था गरिएको संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको जिम्मेवारी व्यवस्थित र योजनाबद्ध ढङ्गले बहन गर्न यस हल्दीबारी गाउँपालिकाले शिक्षा क्षेत्रको पञ्चवर्षीय योजना (२०८२/०८३-२०८६/०८७) तर्जुमा गरेको छ। यस गाउँपालिकामा बसोवास गर्ने भावी कर्णधारहरुलाई २१ औँ शताब्दी सुहाऊँदो प्रतिस्पर्धी, वैज्ञानिक, व्यावहारिक तथा रोजगारमूलक शिक्षाको आधार सिर्जना गर्न गाउँपालिकाका शैक्षिक प्रयासहरुलाई नतीजामूखी तथा योजनाबद्ध ढङ्गले अगाडि बढाउने प्रयासहरुलाई मूर्तरूप दिन यो योजना सहायक हुने अपेक्षा गरेको छु। राष्ट्रिय स्तरमा विद्यालय शिक्षा क्षेत्र योजना, २०७९-२०८८ हाल लागु भएको परिप्रेक्ष्यमा उक्त योजना अनुरूप यस गाउँपालिकामा हुने शैक्षिक योजना तथा कार्यक्रमसँग तादात्म्यता मिलाउन यो योजना सहायकसिद्ध हुनेछ। राष्ट्रिय शिक्षा नीति, २०७६, १६ औँ पञ्चवर्षीय योजना, २०८१/०८२-२०८५/०८६ तथा दिगो विकासका लक्ष्य नं. ४ मा व्यवस्था गरिएको सबै नागरिकलाई गुणस्तरीय शिक्षा प्रदान गर्ने मर्मबाट यो योजना मार्गदर्शित छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई आवधिक योजनाको निर्माण गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था गरे अनुरूप गाउँ शिक्षा योजना र विद्यालयस्तरमा विद्यालय सुधार योजनाको निर्माण तथा सोही योजना अनुरूप शैक्षिक कार्यक्रमको तर्जुमा गरी गाउँपालिकाको स्रोत तथा साधनको उच्चतम प्रयोग गरी गाउँपालिकाको शिक्षालाई शैक्षिक रूपमा सवल तथा सक्षम देखिएका अन्य पालिकाको शैक्षिक स्तरसँग तुलना योग्य शिक्षा प्रदान गर्नु गाउँ शिक्षा योजना तर्जुमा गर्नु को मुख्य ध्येय हो। यस योजना शिक्षा तथा मानव स्रोत विकास केन्द्रले स्वीकृत गरेको स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन, २०७९ (परिमार्जित संस्करण, २०८१) ले सुझाएको ढाँचा तथा प्रक्रियालाई पालना गरी निर्माण गरिएको छ। नेपालको संविधानले परिकल्पना गरेको समतामूलक, समावेशी र समाजवाद उन्मुख राष्ट्र निर्माण गर्ने मर्म तथा धारा ३१ मा रहेको नागरिकको शिक्षासम्बन्धी मौलिक हकलाई सुनिश्चित गर्न स्थानीय स्तरबाट तयार पारिएको यो गाउँ शिक्षा योजना सहायकसिद्ध हुने अपेक्षा गरिएको छ।

दीर्घकालीन सोच सहित राष्ट्रिय आकाङ्क्षालाई स्थानीय स्तरमा हासिल गर्न शिक्षा क्षेत्रमा निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५, नियमावली २०७७, बालबालिकासम्बन्धी ऐन २०७५, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा गरिएका व्यवस्था अनुसार शिक्षा क्षेत्रको विकास तथा विस्तार गर्नुपर्ने वर्तमान आवश्यकता भएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले शिक्षा सम्बन्धी २३ ओटा कार्यहरु सम्पादन गर्ने अधिकार स्थानीय तहलाई तोकेको छ। यस गाउँपालिकाले शिक्षाको समग्र उन्नयनका लागि शिक्षासम्बन्धी राष्ट्रिय स्तरका विभिन्न नीति तथा योजनाहरुका दूरदृष्टि, लक्ष्य, उद्देश्य, रणनीति र कार्यक्रमसँग तादात्म्य हुने गरी गाउँपालिकास्तरीय शिक्षा क्षेत्रको योजना निर्माण गर्ने जमर्को गरिएको हो। गाउँपालिकाका नागरिकले अपेक्षा गरेको समतामूलक, सान्दर्भिक, गुणस्तरीय शिक्षा प्रदान गर्न यो योजना सहायक हुनेछ। विभिन्न प्राकृतिक विपद् र महामारीबाट शिक्षा क्षेत्रमा पर्न सक्ने शैक्षिक क्षतिलाई न्यूनीकरण गर्न सक्षम, उत्थानशील शिक्षा पद्धतिको विकासको आवश्यकतालाई उपयुक्त ढङ्गले सम्बोधन गर्न यो योजना साधन र साध्यको रूपमा कार्यान्वयनमा रहनेछ।

योजना निर्माणको क्रममा गाउँ शिक्षा योजना निर्माण समिति र मस्यौदा कार्यदलमा रही महत्त्वपूर्ण जिम्मेवारी बहन गरी यस गाउँ शिक्षा योजनालाई पूर्णता प्रदान गर्न सहयोग गर्ने गाउँपालिकाका निर्वाचित पदाधिकारी, प्रमुख प्रशासकीय अधिकृत, शिक्षा शाखालगायत अन्य शाखा प्रमुखहरु, कर्मचारी साथीहरु, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, प्रधानाध्यापक, शिक्षक, विद्यार्थीलगायत सम्पूर्ण महानुभावहरुमा हार्दिक कृतज्ञता जाहेर गर्दै यस योजनाको कार्यान्वयन चरणमा पनि उचित योगदान रहनेछ भन्ने पूर्ण विश्ववास लिएको छु। अन्त्यमा, यस शिक्षा योजना निर्माणमा प्राविधिक सहयोग प्रदान गर्ने श्री गोरखकाली मनकामना अध्ययन अनुसान्धान केन्द्र, सानोठिमी, भक्तपुरका विज्ञ तथा समग्र संस्थाप्रति गाउँपालिकाको तर्फबाट धन्यवाद दिन चाहन्छु।

रबिन्द्र प्रसाद लिङ्गदेन
अध्यक्ष
हल्दीबारी गाउँपालिका, झापा
असार, २०८२

"हल्दीबारीको दृष्टि, कृषि र पर्यटन मार्फत समृद्धि"

हल्दीबारी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

जलथल, झापा कोशी प्रदेश, नेपाल

मन्तव्य

शिक्षालाई सामाजिक आर्थिक रूपान्तरणको मूल विषय क्षेत्र मानिदै आएको पाइन्छ । राज्यको आर्थिक समृद्धि र सामाजिक न्यायसहितको समतामूलक समाज निर्माणका लागि गुणस्तरीय शिक्षाको सुनिश्चितता र सबैका लागि जीवनपर्यन्त शिक्षाको समान अवसरले दिगो शान्ति, असल संस्कृति, सामाजिक सहिष्णुता तथा साझा मूल्यको प्रवर्द्धन गरी राष्ट्र निर्माणमा आवश्यक मानव संसाधनको विकासमा शिक्षाको अहम् भूमिका रहन्छ ।

शैक्षिक सेवा प्रभावकारी रूपमा कार्यान्वयन गरी अपेक्षित नतीजा हासिल गर्न एवम् शिक्षामा पहुँच, गुणस्तर, सहभागिता र समता सुनिश्चित गर्नका लागि शिक्षा योजनाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई आत्मसात् गर्न र सिर्जनशील, सक्रिय तथा नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि उपयोगी नागरिक तयार गर्नका लागि र शिक्षाको योजदानलाई समय सापेक्ष बनाउन समेत विद्यालय शिक्षा क्षेत्रको योजनामार्फत समग्र शिक्षा प्रणालीमा सुधार गर्नु अति आवश्यक छ ।

यसै परिप्रेक्ष्यमा हल्दीबारी गाउँपालिकाको शिक्षा क्षेत्रको पञ्चवर्षीय योजना (२०८२/०८३-२०८६/०८७) तर्जुमा गरिएको छ । गाउँपालिकाका नागरिकहरुले अपेक्षा गरेको समतामूलक, सान्दर्भिक, गुणस्तरीय शिक्षा प्रदान गरी पालिकाको समग्र शिक्षा क्षेत्रको विकासमा यस योजनाले महत्त्वपूर्ण भूमिका खेल्नेछ भन्नेमा म विश्वस्त छु ।

यस शिक्षा योजना निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुहुने गाउँपालिकाका निर्वाचित पदाधिकारी, प्रमुख प्रशासकीय अधिकृत, शिक्षा शाखा लगायत अन्य शाखा प्रमुखहरु, कर्मचारी साथीहरु, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, प्रधानाध्यापक, शिक्षक, विद्यार्थीलगायत सम्पूर्ण महानुभावहरुमा हार्दिक कृतज्ञता जाहेर गर्दै यस शिक्षा योजना निर्माणमा प्राविधिक सहयोग प्रदान गर्ने श्री गोरखकाली मनकामना अध्ययन अनुसान्धान केन्द्र, सानोठिमी, भक्तपुरका विज्ञ तथा समग्र संस्थाप्रति धन्यवाद दिन चाहन्छु ।

लक्ष्मी देवी मैनाली

गाउँपालिका उपाध्यक्ष

हल्दीबारी गाउँपालिका, झापा

असार, २०८२

"हल्दीबारीको दृष्टि, कृषि र पर्यटन मार्फत समृद्धि"

हल्दीबारी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

जलथल, झापा कोशी प्रदेश, नेपाल

मन्तव्य

नेपालको संविधान २०७२ ले संघीय लोकतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट सुशासन, विकास र समृद्धि हासिल गरी समुन्नत तथा समाजवाद उन्मुख अर्थतन्त्रको विकास गर्ने परिकल्पना गरेको छ। यसै परिकल्पनालाई साकार पार्न स्थानीय स्तरको समग्र आर्थिक, सामाजिक, सांस्कृतिक तथा राजनीतिक विकासमा ध्यान दिई स्थानीय योजना तर्जुमा र कार्यान्वयनमा सरकार क्रियाशील हुनुपर्ने भएको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्रको विषयमा स्थानीयस्तरको विकासको लागि आवधिक र विषयगत, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना गर्जुमा गर्नुपर्ने व्यवस्था गरिएको छ। नेपालको संविधान, ऐन, नियम, नीति, कार्यविधि, बजेट आदिमा उल्लिखित कानुन वमोजिम यस हल्दीबारी गाउँपालिकाको शिक्षा योजनाको रूपमा आर्थिक वर्ष २०८२/८३ – २०८६/८७ को पञ्चवर्षीय स्थानीय शिक्षा योजना बनाई पारित गरिएको छ। यस योजना कार्यान्वयनमा सहभागितामूलक लोकतन्त्रको अभ्यासलाई आत्मसात् गर्ने, सामाजिक एवम् शिक्षाको विकासको प्रतिफलको समन्यायिक वितरण गर्ने र भोलिको समाजको आवश्यकता अनुसारको जनशक्ति तयार गर्ने कुरामा यस हल्दीबारी गाउँपालिका प्रतिबद्ध रहनेछ।

यस योजनाले शिक्षा क्षेत्रको विगतका योजना तथा कार्यक्रमहरुबाट पूरा हुन नसकेका विषय र मौजुदा चुनौतीहरुको अन्तर घटाउन सहयोग गर्ने अवसरका रूपमा लिँदै परिवर्तित परिस्थिती अनुसार कार्यान्वयनमा लचकता अपनाउन सकिने गरी योजना कार्यक्रम र भावी कार्यदिशा तय गरेको छ। यस योजनाले अङ्गीकार गर्नुपर्ने रणनीति र भावी कार्यदिशालाई प्रतिविम्बित गरेको छ। यसको प्रभावकारी कार्यान्वयनमार्फत निर्धारित उद्देश्य तथा नतीजाहरु प्राप्तिका लागि यथेष्ट लगानीको अवश्यकता महसुस गरिएको छ। योजनाको सफल कार्यान्वयनको सुनिश्चितताका लागि नेपाल सरकार, प्रदेश सरकारको बलियो प्रतिबद्धताका साथै विकास साझेदारहरुको निरन्तर सहयोग प्राप्त हुने विश्वास लिएको छु।

यस गाउँपालिकाको शिक्षा योजना तर्जुमाको क्रममा अभिभावकत्व, मार्गदर्शन साथै महत्त्वपूर्ण सुझाव तथा सल्लाह प्रदान गर्नुहुने गाउँपालिका अध्यक्षज्यू, उपाध्यक्षज्यूप्रति कृतज्ञता सहित आभार प्रकट गर्दछु। साथै, यस गाउँ शिक्षा योजनालाई पूर्णता प्रदान गर्न सहयोग गर्ने गाउँपालिकाका निर्वाचित पदाधिकारी, शिक्षा शाखालगायत अन्य शाखा प्रमुखहरु, कर्मचारी साथीहरु, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, प्रधानाध्यापक, शिक्षक, विद्यार्थीलगायत सम्पूर्ण महानुभावहरुमा धन्यवाद दिन चाहन्छु। अन्त्यमा, यस शिक्षा योजना निर्माणमा प्राविधिक सहयोग प्रदान गर्ने गोरखकाली मनकामना अध्ययन अनुसान्धान केन्द्र, सानोठिमी, भक्तपुरका विज्ञ तथा समग्र संस्थाप्रति गाउँपालिकाको तर्फबाट धन्यवाद दिन चाहन्छु।

मान ब. वन (महेन्द्र)
प्रमुख प्रशासकीय अधिकृत
हल्दीबारी गाउँपालिका, झापा
असार, २०८२

"हल्दीबारीको दृष्टि, कृषि र पर्यटन मार्फत समृद्धि"

हल्दीबारी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

जलथल, झापा कोशी प्रदेश, नेपाल

मन्तव्य

नेपालको संविधानको भाग ३, मौलिक हक र कर्तव्य अन्तर्गतको धारा ३१ ले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक शिक्षा निःशुल्क पाउने हक सुनिश्चित गरेको छ। यसका अतिरिक्त अपाङ्गता भएका र आर्थिक रूपमा विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क शिक्षा पाउने र मातृभाषामा शिक्षा पाउने हक समेतको व्यवस्था गरेको छ। संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकारभित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानुन बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तर्जुमा गर्ने र त्यसको कार्यान्वयन गर्ने व्यवस्था संविधानमा उल्लेख छ।

संविधानको अनुसूची–८ मा आधारभूत र माध्यमिक शिक्षा सम्बन्धी अधिकार स्थानीय तहमा निहित रहेको छ। साथै, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ गाउँपालिका तथा नगरपालिकाको अधिकार अन्तर्गत खण्ड (ज) मा आधारभूत र माध्यमिक शिक्षा सम्बन्धी २३ ओटा अधिकारहरु निक्षेपण गरिएको छ। त्यस्तै, नेपाल सरकार, शिक्षा मन्त्रालयले तयार पारेको विद्यालय क्षेत्र सुधार योजना सन् २०२३–२०३० को दस्तावेजमा सबै स्थानीय तहहरुले आ–आफ्नो शिक्षा योजना बनाउनु पर्ने र वार्षिक रूपमा उपलब्धि समीक्षा गर्नुपर्ने स्पष्ट गरिएको छ।

विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई आत्मसात् गर्न र सिर्जनशील, सक्रिय तथा नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि उपयोगी नागरिक तयार गर्नका लागि र शिक्षाको योगदानलाई समय सापेक्ष बनाउन समेत विद्यालय शिक्षा क्षेत्रको योजनामार्फत समग्र शिक्षा प्रणालीमा सुधार गर्नु अति आवश्यक छ। त्यस्तै, सबै तहमा शिक्षाको गुणस्तरीयता, समावेशिता, पहुँच र प्रभावकारिता सुनिश्चित गर्न समेत शिक्षा योजना तर्जुमा गर्न वाञ्छनीय हुन आउँछ। यसै सन्दर्भमा, हल्दीबारी गाउँपालिकाले पाँच वर्षीय शिक्षा योजना (२०८२/८३ – २०८६/८७) तर्जुमा गरेको छ। यस योजना संघ, प्रदेश र स्थानीय तहका शिक्षा योजनाहरुबिच समन्वय र सहकार्य सुदृढ गर्न, स्रोत साधनको अधिकतम उपयोग गर्न, दोहोरोपना र असक्षमतामा कमी ल्याउन, तथा शिक्षा क्षेत्रको दिगो विकासमा योगदान पुऱ्याउने अपेक्षासहित तयार गरिएको छ। साथै, शिक्षासम्बन्धी राष्ट्रिय लक्ष्य र अन्तर्राष्ट्रिय प्रतिबद्धता प्राप्तिका लागि पनि यस योजनाले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नेछ भन्नेमा म विश्वस्त छु।

यस गाउँपालिकाको शिक्षा योजना तर्जुमाको क्रममा अभिभावकत्व, मार्गदर्शन साथै महत्त्वपूर्ण सुझाव तथा सल्लाह प्रदान गर्नुहुने गाउँपालिका अध्यक्षज्यू, उपाध्यक्षज्यू र प्रमुख प्रशासकीय अधिकृतज्यूप्रति कृतज्ञता सहित आभार प्रकट गर्दछु। साथै, यस गाउँ शिक्षा योजनालाई पूर्णता प्रदान गर्न सहयोग गर्ने गाउँपालिकाका निर्वाचित पदाधिकारी, विषयगत शाखा प्रमुखहरु, कर्मचारी साथीहरु, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, प्रधानाध्यापक, शिक्षक, विद्यार्थीलगायत सम्पूर्ण महानुभावहरुमा धन्यवाद दिन चाहन्छु। अन्त्यमा, यस शिक्षा योजना निर्माणमा प्राविधिक सहजीकरण गर्ने श्री गोरखकाली मनकामना अध्ययन अनुसान्धान केन्द्र, सानोठिमी, भक्तपुरका विज्ञ तथा समग्र संस्थाप्रति धन्यवाद दिन चाहन्छु।

जनक कुमारी राई
शिक्षा अधिकृत
हल्दीबारी गाउँपालिका, झापा
असार, २०८२

विषय सूची

परिच्छेद १: हल्दीबारी गाउँपालिकाको संक्षिप्त परिचय १
१.१ परिचय १
१.२ भौगोलिक अवस्थिति २
१.३ भू–उपयोग र हावापानी २
१.४ प्राकृतिक सम्पदा र पर्यटन २
१.५ बसोवासको अवस्था ३
१.६ शिक्षा तथा साक्षरता ६
१.७ आर्थिक रूपमा सक्रिय जनसङ्ख्या ८
१.८ महिला तथा बालबालिका ८
१.९ भाषा तथा संस्कृति ८
१.१० सेवासुविधामा पहुँचको अवस्था १०
१.११ वन तथा वातावरण १०
परिच्छेद: २ दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण ११
२.१ परिचय ११
२.२ दूरदृष्टि ११
२.३ लक्ष्य ११
२.४ ध्येय १२
२.५ उद्देश्य १२
२.६ रणनीति १२
२.७ कार्यनीति १३
२.८ अपेक्षित उपलब्धि १३
२.९ अपेक्षित मुख्य कार्य सम्पादन सूचक (परिमाणात्मक नतीजा) १५
परिच्छेद: ३ विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र २३
३.१ प्रारम्भिक बालविकास र शिक्षा २३
३.२ आधारभूत शिक्षा २८
३.३ माध्यमिक शिक्षा ३४
३.४ अनौपचारिक शिक्षा ४१
३.५ प्राविधिक तथा व्यावसायिक शिक्षा ४५
परिच्छेद ४: अन्तरसम्बन्धित विषय तथा क्षेत्र ४८
४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन ४८
४.२ शिक्षक व्यवस्थापन र विकास ५२
४.३ आपत्कालीन तथा सङ्कटकालीन अवस्थामा शिक्षा ५८
४.४ विद्यालय भौतिक पूर्वाधार विकास ५९
४.५ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि ६२
परिच्छेद ५: सुशासन तथा व्यवस्थापन ६७

५.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास ६७
५.२ स्थानीय शिक्षा योजना कार्यान्यनको प्रबन्ध ७१
परिच्छेद ६: लगानी र स्रोत व्यवस्थापन ७४
६.१ वर्तमान अवस्था ७४
६.२ उद्देश्य ७५
६.३ रणनीति ७५
६.४ प्रमुख उपलब्धि तथा नतीजा ७६
बजेटको शारांश ७७
परिच्छेद ७: अनुगमन तथा मूल्याङ्कन ७९
७.१ वर्तमान अवस्था ७९
७.२ उद्देश्य ७९
७.३ रणनीति ७९
७.४ प्रमुख उपलब्धि तथा नतीजा ८०
७.५ मुख्य क्रियाकलाप र परिमाणात्मक लक्ष्य ८१
अनुसूची ८२

तालिकाहरुको सूची

तालिका १ वडागत जनसङ्ख्या ३
तालिका २ उमेर समूहका आधारमा जनसङ्ख्या ३
तालिका ३ छानाको प्रकारअनुसार घर सङ्ख्या ४
तालिका ४ खानेपानी उपभोगका आधारमा घर सङ्ख्या ४
तालिका ५ शौचालय प्रयोगका आधारमा घरपरिवार ५
तालिका ६ खाना पकाउन इन्धन उपभोगका आधारमा घरपरिवार सङ्ख्या ५
तालिका ७ बत्ती बाल्न प्रयोग भएको ऊर्जाका आधारमा घरपरिवार ६
तालिका ८ साक्षरताका आधारमा जनसङ्ख्या ६
तालिका ९ उमेरगत शाक्षरता विवरण ६
तालिका १० शैक्षिक अवस्थाका आधारमा जनसङ्ख्या ७
तालिका ११ आर्थिक रूपमा सक्रिय तथा निष्क्रिय जनसङ्ख्या ८
तालिका १२ जातजाति अनुसार जनसङ्ख्या विवरण ९
तालिका १३ मातृभाषाको आधारमा जनसङ्ख्या विवरण ९
तालिका १४ धर्मका आधारमा जनसङ्ख्या विवरण १०

अनुसूचीहरुको सूची

अनुसूची १: शिक्षा योजना तर्जुमा प्रक्रियामा सहभागीको विवरण ८३
अनुसूची २: शिक्षा योजना तर्जुमाको सिलसिलामा लिइएका केही तस्विर ९४

परिच्छेद १: हल्दीबारी गाउँपालिकाको संक्षिप्त परिचय

१.१ परिचय

कोशी प्रदेशका १४ वटा जिल्लामध्ये झापा जिल्लाको १५ स्थानीय तहमध्येको हल्दीबारी गाउँपालिका एक हो। नेपालको संविधान २०७२ बमोजिम नयाँ पुनसंरचना मार्फत स्थानीय तहको निर्माण गर्दा साविक जलथल, हल्दीबारी र गोलधाप गाविसलाई मिलाएर हल्दीबारी गाउँपालिका बनाइएको हो। यस गाउँपालिकाको पूर्वमा भद्रपुर नगरपालिका, दक्षिणमा कचनकवल गाउँपालिका, पश्चिममा बाह्रदशी गाउँपालिका र उत्तरमा बिर्तामोड नगरपालिका रहेको छ। गाउँपालिका पूर्वपश्चिम महेन्द्र राजमार्गबाट १५ कि.मि. दक्षिण र सदरमुकाम चन्द्रगढीबाट १२ कि.मि. पश्चिममा रहेको छ।

हल्दीबारी गाउँपालिका ऐतिहासिक महत्त्व बोकेको स्थान हो। यहाँको इतिहास साहित्यिक स्रोतहरुको आधारमा आजभन्दा करिव ३००० वर्ष अगाडिसम्म पुग्ने गर्दछ। यसको सीमावर्ती नगर भद्रपुरमा पर्ने किचकबध स्थानमा महाभारतका पात्र किचकको बध भएको थियो भन्ने साहित्यिक विवरण पाइन्छ। प्राप्त कथाअनुसार गुप्तवासमा विराट राजाको दरबारमा बसेका पाण्डवमध्येको भिमले किचकलाई यही स्थानमा बध गरेका थिए भनिन्छ। यसै नामका आधारमा यसलाई किचकबध भनिएको हो भन्ने विश्वास छ। यसैगरी, यस भेगलाई विराटको साल किचकको राज्यभित्र पर्ने पनि बताइन्छ। विभिन्न किंवदन्ती तथा लोकपरम्पराका आधारमा किचक किराँती थिए। तिनको राज्यको पश्चिमी सिमाना भने माई नदी थियो। किचकबध क्षेत्रमा गरिएको उत्खननले पनि त्यस भेगमा इसापूर्व कालमा मानिसहरुको वस्ती बसिसकेको दर्साएको छ। कालान्तरमा सम्भवत: बाढीका कारण यस भेगको पुरानो वस्ती विनाश भयो र यस भेगको इतिहास पनि टुट्न पुग्यो।

महाभारतको कथा र विभिन्न लोकोक्ति तथा किंवदन्तीका आधारमा हल्दीबारी लगायतको किचकबध क्षेत्रमा विस्तारै कालक्रमले गर्दा वस्ती विनाश भयो र निर्जन जङ्गलका रूपमा परिणत हुनपुग्यो। त्यसपछि पुन बौद्ध कालमा यस भेगमा मानिसहरुको बस्ती बसेको अनुमान छ। शाक्यमुनि बुद्धको समयमा यस भेगमा थुप्रै वस्तीहरु थिए। तसर्थ बुद्ध बारम्बार यस भेगको भ्रमणमा आउने गरेको किंवदन्ती पाइन्छ। हल्दीबारीको केही दक्षिणतिर कर्ण–सुवर्ण नामको एउटा प्रख्यात सहर थियो, जहाँ हजारौंको सङ्ख्यामा बौद्ध भिक्षु भिक्षुणीहरु बस्थे भनिन्छ। बुद्धको अवसानका साथमा यहाँको वस्ती कारणवस विनाश भयो र यो स्थान जङ्गलले ढाक्यो।

प्राचीन कालमा झापाको हल्दीबारी लगायतको क्षेत्र पुण्ड्रवर्धन अन्तर्गत पनि रह्यो। पुण्ड्रवर्धनको सीमा पूर्वमा टिष्टा थियो भने यसको फैलावट उत्तरमा महाभारत पर्वत श्रेणी तथा दक्षिणमा गङ्गा नदी थियो। त्यसपछि यो भेग विभिन्न रजौटाको अधीनमा पर्दै विजयपुरको अधीनमा पर्यो। विजयपुरमा विजयनारायणले राज्य स्थापना गरेपछि यो भेग पनि विजयनारायणको अधीनमा परेको हो। यसैगरी विजयपुर पाल्पाली सेनको अधीनमा पर्दा हल्दीबारी भेग पनि सेनहरुको एउटा भू-भाग बन्न पुग्यो। नेपाल एकीकरण पछि भने यो स्थान बृहत्तर नेपालमा परेको हो।

एकीकरणपछि हल्दीबारी लगायतको झापा मोरङ भेगबाट शासित थियो। राणाकालतिर भने यताको प्रशासन झापाबाट चलाउन थालियो। यहाँ झापाको मतलव अहिलेको कुमरखोद हो। उक्त स्थान अघि चारैतिरबाट जङ्गलले ढाकिएको हुनाले स्थानीय राजवंशी भाषामा यसलाई झापा भनियो। यही आधारमा यस जिल्लाको नाम पनि झापा रहेको हो। आजभोलि पनि झापाबजार भन्नाले कुमरखोदलाई बुझिन्छ। नेपाल एकीकरणपछि झापा जिल्लाको प्रशासनिक कार्य झापा गोश्वाराले हेर्ने गर्दथ्यो। पछि झापाको झापा क्षेत्र हेर्ने गोश्वारा झापा बजारमा सारियो। यहाँ झापाको अर्थ राजबंशी भाषामा ढकनी या विर्को भन्ने हुन्छ। अघि कुमारखोद गाउँ चारैतिरबाट जङ्गलले घेरेको या छोपेको हुनाले यसलाई झापा भनियो

र पछि त्यही गाउँमा रहेको गोश्वाराको नामका आधारमा यस जिल्लाको नाम पनि झापा रह्यो भनिएको छ। हल्दीबारी यही कुमरखोद नजिक रहेको गाउँ हो।

नेपाल एकीकरणपछि झापालाई झापा प्रगन्नाभित्र राखीएको थियो, जुन प्रगन्नाभित्र सुनसरी, मोरङ र झापाको सम्पूर्ण क्षेत्र पर्दथ्यो। वि.सं. २०१८ सालको राजनैतिक विभाजन पश्चात् मोरङबाट सुनसरी र झापा जिल्लालाई अलग गरेपछि झापा जिल्लाको वर्तमानको स्वरूप कोरिएको हो। झापाका मुख्य ऐतिहासिक स्थानमा अर्जुनधारा, कोटिहोम, कन्काईमाई, कलवलगुडी, कचनकवल, कृष्णथुम्की, चन्द्रगढ, चिल्लागढ, दोमुखा, धनुषकोटिधाम, बाह्रदशी, पातालगङ्गा, विराटपोखर, किचकबध, सताक्षीधाम र समयगढ हुन्। यिनै पुराना वस्तीक्षेत्रको सीमावर्ती गाउँ हल्दीबारी ऐतिहासिक रूपमा पनि प्रख्यात छ। हुलाकी मार्ग यहींबाट भद्रपुरतिर गएको छ। हल्दीबारी भद्रपुरको सीमावर्ती गाउँ हो।

१.२ भौगोलिक अवस्थिति

विश्व मानचित्रमा २६.३३, ३६ उत्तरी आक्षांशदेखि ८८.१, १२ पूर्व देशान्तरमा फैलिएको यस गाउँपालिकाको कुल क्षेत्रफल ११७ वर्ग किलोमिटर रहेको छ। नेपालको कुल भूभागको ०.०७९ प्रतिशत र झापाको ७.३१ प्रतिशत भूभाग हल्दीबारी गाउँपालिकाले ओगटेको छ।

हल्दीबारी गाउँपालिका समथर भूभाग भएको आवादीयोग्य क्षेत्र हो। समुन्द्र सतहबाट १०० फिट उचाइमा रहेको यस क्षेत्रमा वर्षाको समयमा अत्यधिक पानी जम्मा हुने गर्दछ। पाँगो र बलौटे माटोको सम्मिश्रण रहेको यो क्षेत्र धान उत्पादनका लागि उपयुक्त मानिन्छ। सामान्य किसिमका डाँडा र खोल्साहरु भए पनि यहाँको संरचनामा प्रभाव पार्ने भिन्न प्रकृतिका प्रकोपहरु निम्त्याउने फरक बनावट पाइँदैन। हिँउदमा सामान्य रहने खोलाहरु वर्षामा खहरे बाढीजस्तै रूपमा आउने गर्दा नदी आसपास क्षेत्रमा कटान हुने गरेकोले त्यस्ता ठाउँहरुमा साना साना बगरहरु बनेका पाइन्छन्।

१.३ भू–उपयोग र हावापानी

हल्दीबारी गाउँपालिकाको कुल क्षेत्रफल ११७ वर्ग किलोमिटर रहेको छ। यस गाउँपालिकाको कुल क्षेत्रफलमध्ये ७०१४ हेक्टर मानव उपयोग क्षेत्र रहेको छ भने ४७२० हेक्टर जङ्गलले ढाकेको छ। गाउँपालिका कृषिका लागि उर्बर मानिन्छ। यहाँका अधिकांश मानिसहरु कृषि पेसामा संलग्न छन्। यहाँको मुख्य उत्पादन धान र मकै हो। यस गाउँपालिकामा २०२२ हेक्टर जमिनमा चियाखेती लगाएको पाइन्छ।

१.४ प्राकृतिक सम्पदा र पर्यटन

हल्दीबारी गाउँपालिकामा जैविक विविधताले भरिपूर्ण जलथल चारकोसे जङ्गल रहेको छ। जलथल जङ्गलको करिव ८० प्रतिशत भूभाग यस गाउँपालिकामा पर्दछ। यस जङ्गल परिसरभित्र धार्मिक मन्दिर, पोखरी, सिमसार, दुर्लभ वन्यजन्तु, चराचुरुङ्गी तथा वनस्पति आदि यहाँका विशेषता हुन्। जलथल वनक्षेत्रमा दुधकन्या देवी मन्दिर, स्वोर्गद्वारी शिबालय, किराँत माङ्हिम, त्रिरत्न बौद्ध, साकेला थान, पाथीभरा सिंहकाली जस्ता धार्मिक तथा पर्यटकीय क्षेत्रहरु रहेका छन्। त्यस्तै, पालिकाभित्र धनुषपोखरी, भेलागुडी पार्क तथा सिमसार क्षेत्र, चिया बगान आदि पर्यटकीय क्षेत्रहरु रहेका छन्।

१.५ बसोवासको अवस्था

१.५.१ जनसङ्ख्या

यस गाउँपालिकामा २०७८ सालमा भएको राष्ट्रिय जनगणनाअनुसार पालिकाको घरधुरी र जनसङ्ख्याको विवरण तल तालिकाहरुमा दिइएको छ।

तालिका १ वडागत जनसङ्ख्या

वडा	घर सङ्ख्या	जनसङ्ख्या			औसत परिवार सङ्ख्या
		जम्मा	पुरुष	महिला	
सबै वडा	७८७८	३२७२२	१५६११	१७१११	४.१५
१	२०१५	८३३१	३९२०	४४११	४.१३
२	२२९०	९४१४	४५६५	४८४९	४.११
३	१२६०	५३३४	२५४६	२७८८	४.२३
४	१३८७	५८५६	२७६८	३०८८	४.२२
५	९२६	३७८७	१८१२	१९७५	४.०९

स्रोत: राष्ट्रिय जनगणना, २०७८

यस गाउँपालिकाको वडागत जनसङ्ख्यालाई विश्लेषण गर्दा, वडा नं. २ मा सबैभन्दा बढी जनसङ्ख्या रहेको छ। जुन पालिकाको कुल जनसङ्ख्या को २८.७६ प्रतिशत हुन आउँछ।

तालिका २ उमेर समूहका आधारमा जनसङ्ख्या

उमेर समूह	जम्मा	पुरुष	महिला
सबै उमेर समूह	३२७२२	१५६११	१७१११
००-०४ वर्षका	२४०३	१२२७	११७६
०५-०९ वर्षका	२९९३	१५४९	१४४४
१०-१४ वर्षका	२९८५	१५२८	१४५७
१५-१९ वर्षका	३१२३	१५८५	१५३८
२०-२४ वर्षका	२६५२	११९९	१४५३
२५-२९ वर्षका	२६०६	१०५९	१५४७
३०-३४ वर्षका	२४६४	१०१४	१४५०
३५-३९ वर्षका	२५३२	११२४	१४०८
४०-४४ वर्षका	२१२९	१०२१	११०८
४५-४९ वर्षका	१७७६	८७२	९०४
५०-५४ वर्षका	१६९३	८२४	८६९
५५-५९ वर्षका	१३६९	६४६	७२३
६०-६४ वर्षका	१२६५	५९९	६६६
६५-६९ वर्षका	१०४७	५३०	५१७
७०-७४ वर्षका	७८५	३८५	४००
७५-७९ वर्षका	४७९	२३६	२४३
८०-८४ वर्षका	२२४	१२५	९९
८५-८९ वर्षका	१३७	६१	७६

९०-९४ वर्षका	३९	१९	२०
९५+ वर्षका	२१	८	१३

स्रोत: राष्ट्रिय जनगणना, २०७८

पालिकाको उमेरगत जनसङ्ख्या वितरण हेर्दा विद्यालय शिक्षा उमेरको (५-१९ वर्ष) जनसङ्ख्या ९०९१ (२७.८१%) रहेको छ। यो सङ्ख्या भविष्यको जनशक्तिको हिसाबले अत्यन्त राम्रो अवस्था रहेको देखिन्छ।

१.५.२ छानाको प्रकारअनुसार घर सङ्ख्या

छानाको प्रकारअनुसार घरपरिवार सङ्ख्याको हिसाबले २०७८ को राष्ट्रिय जनगणनाअनुसार सबैभन्दा ६०९० घर कर्कटपाताले छाएका, दोस्रोमा १६७५ घरका छत ढलान भएका, त्यसैगरी ४४ घर खर तथा परालले छाएका, ९ घर टायलले छाएका, २४ घर ढुङ्गाले छाएका, ३१ घर काठ तथा तखताले छाएका र ५ अन्य प्रकारले छाएका छन्। वडागत विवरण तलको तालिकामा दिइएको छ।

तालिका ३ छानाको प्रकारअनुसार घर सङ्ख्या

वडा	जम्मा	छानाको प्रकार						
		कर्कटपाताले छाएका	छत ढलान भएका	खर तथा परालको छाना	टायल छाना	ढुङ्गाको छाना	काठ तथा तखताको छाना	अन्य
सबै वडा	७८७८	६०९०	१६७५	४४	९	२४	३१	५
१	२०१५	१५९४	४०३	४	३	४	५	२
२	२२९०	१७५५	५०७	१६	१	४	७	०
३	१२६०	९४२	२९०	१३	२	८	४	१
४	१३८७	९९३	३५८	११	२	८	१३	२
५	९२६	८०६	११७	०	१	०	२	०

स्रोत: राष्ट्रिय जनगणना, २०७८

१.५.३ स्वास्थ्य

हल्दीबारी गाउँपालिकामा जम्मा वटा ३ स्वास्थ्य चौकी, २ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र, एउटा प्रसूतिगृह सञ्चालनमा रहेका छन् भने खोपकेन्द्र र १४ वटा गाउँ घर क्लिनिक १२ छन् र एउटा बर्थिङ्ग सेन्टर रहेको छ। यसैगरी, १५ शैयाको एउटा आधारभूत अस्पताल रहेको छ र साथै सबैमा गरी ४४ स्वास्थ्य कर्मचारी र महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाहरु ३२ जना रहेका छन्।

१.५.४ खानेपानी तथा सरसफाइ

खानेपानीको सुविधाका हिसाबले घरपरिवारले पाएको सुविधालाई ध्यानमा राखी २०७८ को राष्ट्रिय जनगणनाको आँकडा लिँदा ७८७८ घरपरिवारमध्ये सबैभन्दा धेरै इनार तथा कलको पानीमा निर्भर छन्। विस्तृत तल तालिका ४ मा उल्लेख छ।

तालिका ४ खानेपानी उपभोगका आधारमा घर सङ्ख्या

वडा नं	जम्मा	मूल स्रोत								
		घर कम्पाउण्ड भित्रै धारा तथा पाइप	धारा तथा पाइपको घर कम्पाउण्ड बाहिर	इनार तथा कल	ढाकिएको इनार तथा कुवा	नढाकिएको इनार तथा कुवा	सङ्कलित पानी	खोला तथा खोल्साको पानी	जार तथा बोतल	अन्य
जम्मा सबै वडा	७८७८	७७८	५२०	६४३९	४८	७३	५	१	३	११

१	२०१५	१११	१९५	१६६७	२२	१५	२	०	२	१
२	२२९०	५०	१८	२१८५	९	२५	१	०	१	१
३	१२६०	१०९	४६	१०८१	११	११	१	०	०	१
४	१३८७	४०७	१९५	७५४	४	१८	१	१	०	७
५	९२६	१०१	६६	७५२	२	४	०	०	०	१

स्रोत: राष्ट्रिय जनगणना, २०७८

१.५.५ शौचालय उपयोगका आधारमा घरपरिवार

शौचालय उपयोग स्थानीयको जीवनस्तर मापनका आधारहरुमध्ये एक हो। २०७८ को राष्ट्रिय जनगणनाका आधारमा निम्न तालिका ५ को विश्लेषण गर्दा हल्दीबारी गाउँपालिकाका जम्मा ७८७८ घरपरिवारमध्ये केवल १०३ ले ढलसहित फ्लस भएको शौचालय प्रयोग गरेको अवस्था छ भने जम्मा ४७९९ घरपरिवारले फ्लस भएको तर, सेफ्टी ट्यांकी भएको शौचालय प्रयोग र्गछन्। जबकि, २७०५ (३४.३३ प्रतिशत) घरपरिवार खाल्टे चर्पीको भरमा छन् र जम्मा ८५ परिवार सार्वजनिक शौचलय प्रयोग गर्छन्। आजको युगमा पनि १८६ (२.३६ प्रतिशत) घरपरिवार शौचालयविहीन छन्। यो तथ्यलाई हेर्दा पालिकाले सरसफाइ क्षेत्रमा अझ बढी ध्यान दिनुपर्ने अवस्था छ।

तालिका ५ शौचालय प्रयोगका आधारमा घरपरिवार

वडा नं	जम्मा	शौचालय उपयोगको प्रकार				शौचालय नभएका
		ढल सहित फ्लस भएको	फ्लस भएको (सेफ्टि ट्यांकी)	खाल्टे चर्पी	सार्वजनिक शौचालय	
जम्मा सबै वडा	७८७८	१०३	४७९९	२७०५	८५	१८६
१	२०१५	७५	१४८९	३९५	१२	४४
२	२२९०	१७	८१०	१३४७	५९	५७
३	१२६०	६	९२३	२७७	११	४३
४	१३८७	५	७४९	६०५	३	२५
५	९२६	०	८२८	८१	०	१७

स्रोत: राष्ट्रिय जनगणना, २०७८

१.५.६ खाना पकाउने प्रयोग हुने इन्धन

खाना पकाउने इन्धनको उपयोगको आधारमा घरपरिवारको विश्लेषण गर्दा २०७८ को राष्ट्रिय जनगणनाको आँकडाअनुसार जम्मा ७८७८ घरपरिवारमध्ये ३७८० परिवार अर्थात ४७.९८ प्रतिशत खाना पकाउन दाउरा प्रयोग गर्छन् भने दोस्रोमा ग्याँस, तेस्रोमा बायो ग्यास प्रयोगकर्ता छन्। विस्तृत विवरण तल तालिका ६ मा दिइएको छ।

तालिका ६ खाना पकाउन इन्धन उपभोगका आधारमा घरपरिवार सङ्ख्या

वडा नं	जम्मा	इन्धनको प्रकार						
		दाउरा	ग्यास	बिजुली	गुइँठा	बायो ग्यास	मट्टीतेल	अन्य
जम्मा सबै वडा	७८७८	३७८०	३७४६	७०	१	२७९	०	२
१	२०१५	८८५	१०६६	११	०	५३	०	०
२	२२९०	१२९०	९२३	१९	०	५८	०	०
३	१२६०	६२५	५९१	११	१	३२	०	०
४	१३८७	५६०	७७१	२९	०	२६	०	१
५	९२६	४२०	३९५	०	०	११०	०	१

स्रोत: राष्ट्रिय जनगणना, २०७८

१.५.७ बत्ती बाल्न प्रयोग हुने ऊर्जा

यस गाउँपालिकामा विद्युतीकरणको अवस्था राम्रो छ । २०७८ को राष्ट्रिय जनगणनाको तथ्याङ्क हेर्दा ७८७८ घरपरिवारमध्ये ७७७७ अर्थात ९८.७१ प्रतिशतले उज्यालोको लागि बिजुली बत्तीको प्रयोग गर्छन् भने ४६ घरपरिवारले सोलार लाइट बाल्ने गर्छन् । १ घरपरिवारले बायो ग्याँस प्रयोग गर्दछन् भने अझै पनि ४९ परिवार उज्यालेको लागि मट्टीतेल बाल्ने गर्छन् । विस्तृत तालिका ७ मा दिइएको छ ।

तालिका ७ बत्ती बाल्न प्रयोग भएको ऊर्जाका आधारमा घरपरिवार

वडा नं	जम्मा	बत्तीबाल्न प्रयोग हुने ऊर्जाको प्रकार				
		बिजुली	सोलार	मट्टीतेल	बायो ग्यास	अन्य
जम्मा सबै वडा	७८७८	७७७७	४६	४९	१	५
१	२०१५	१९९७	९	८	०	१
२	२२९०	२२६२	११	१७	०	०
३	१२६०	१२३८	७	१३	१	१
४	१३८७	१३६२	१६	८	०	१
५	९२६	९१८	३	३	०	२

स्रोत: राष्ट्रिय जनगणना, २०७८

१.६ शिक्षा तथा साक्षरता

यस हल्दीबारी गाउँपालिका क्षेत्रभरिमा जम्मा ३० वटा विद्यालय सञ्चालनमा रहका छन् जसमध्ये १७ वटा सामुदायिक, १२ वटा संस्थागत र एउटा संस्कृत विद्यापीठ रहेका छन् । २०७८ को राष्ट्रिय जनगणनाका आधारमा तालिका ८ अनुसार यस पालिकाका बासिन्दाको सरदर साक्षरता दर ८१.२८ प्रतिशत रहेको छ र महिलाको साक्षरता दर अलिक कम देखिन्छ ।

तालिका ८ साक्षरताका आधारमा जनसङ्ख्या

लिङ्ग	५ वर्ष र सोभन्दा माथिको जनसङ्ख्या	जनसङ्ख्या			उल्लेख नभएको	साक्षरता दर
		लेखपढ गर्न सक्ने	पढ्न मात्र सक्ने	लेखपढ गर्न नसक्ने		
जम्मा	३०३१९	२४६४४	४२	५६३१	२	८१.२८
पुरुष	१४३८४	१२५४७	२२	१८१५	०	८७.२३
महिला	१५९३५	१२०९७	२०	३८१६	२	७५.९१

स्रोत: राष्ट्रिय जनगणना, २०७८

तालिका ९ उमेरगत शाक्षरता विवरण

उमेर समूह	जम्मा				महिला				पुरुष			
	लेखपढ गर्न सक्ने	पढ्न मात्र सक्ने	लेखपढ गर्न नसक्ने	उल्लेख नभएको	लेखपढ गर्न सक्ने	पढ्न मात्र सक्ने	लेखपढ गर्न नसक्ने	उल्लेख नभएको	लेखपढ गर्न सक्ने	पढ्न मात्र सक्ने	लेखपढ गर्न नसक्ने	उल्लेख नभएको
सबै	२४६४४	४२	५६३१	२	१२०९७	२०	३८१६	२	१२५४७	२२	१८१५	०
५ वर्ष	५२१	१	२६	०	२३९	१	९	०	२८२	०	१७	०
६ वर्ष	५८२	१	११	०	२९१	१	४	०	२९१	०	७	०
७ वर्ष	६६३	१	७	०	३२६	१	४	०	३३७	०	३	०

८ वर्ष	५६९	१	७	०	२६६	०	५	०	३०३	१	२	०
९ वर्ष	५९६	०	७	०	२९२	०	५	०	३०४	०	२	०
१० वर्ष	५६५	०	५	०	२६७	०	३	०	२९८	०	२	०
११ वर्ष	५६२	०	२	०	२६६	०	१	०	२९६	०	१	०
१२ वर्ष	६०४	०	७	०	२८४	०	४	०	३२०	०	३	०
१३ वर्ष	५८२	१	५	०	२९९	०	४	०	२८३	१	१	०
१४ वर्ष	६४५	०	७	०	३२६	०	३	०	३१९	०	४	०
१५ वर्ष	६६४	०	९	०	३३७	०	५	०	३२७	०	४	०
१६ – १९ वर्ष	२४२१	०	२९	०	११८०	०	१६	०	१२४१	०	१३	०
२० – २४ वर्ष	२५८३	२	६७	०	१४१३	०	४०	०	११७०	२	२७	०
२५ – २९ वर्ष	२४९५	१	११०	०	१४६५	१	८१	०	१०३०	०	२९	०
३० – ३४ वर्ष	२२३३	२	२२९	०	१२६५	१	१८४	०	९६८	१	४५	०
३५ – ३९ वर्ष	२१९४	१	३३७	०	११६१	१	२४६	०	१०३३	०	९१	०
४० – ४४ वर्ष	१७२३	०	४०६	०	८१६	०	२९२	०	९०७	०	११४	०
४५ – ४९ वर्ष	१२२५	४	५४७	०	५४२	३	३५९	०	६८३	१	१८८	०
५० – ५४ वर्ष	१०५५	३	६३५	०	४२१	१	४४७	०	६३४	२	१८८	०
५५ – ५९ वर्ष	६९४	६	६६८	१	२४९	३	४७०	१	४४५	३	१९८	०
६० – ६४ वर्ष	४९४	७	७६४	०	१४३	५	५१८	०	३५१	२	२४६	०
६५ – ६९ वर्ष	४३९	३	६०४	१	१२०	१	३९५	१	३१९	२	२०९	०
७० – ७४ वर्ष	२६६	३	५१६	०	६९	१	३३०	०	१९७	२	१८६	०
७५+ वर्ष	२६९	५	६२६	०	६०	०	३९१	०	२०९	५	२३५	०

स्रोत: राष्ट्रिय जनगणना, २०७८

पालिकाको कुल शाक्षर जनसङ्ख्यामा १६-३९ वर्ष उमेर समूहको जनसङ्ख्या ११९२६ (३९.३३%) सबैभन्दा बढी देखिन्छ। आर्थिक हिसाबले सक्रिय जनसङ्ख्या सर्वाधिक हुनु यस क्षेत्रको आर्थिक विकासको लागि सवल पक्ष हो।

तालिका १० शैक्षिक अवस्थाका आधारमा जनसङ्ख्या

उमेर समूह	जम्मा	बालविकास तथा शिक्षा	प्राथमिक	निम्न माध्यामिक	माध्यामिक	एस.एल.सी.	११ र १२	स्नातक	स्नातकोतर	अन्य	तह नखुलेको	उल्लेख नभएको
सबै	२४३३३	१०५८	६५७५	५२६४	४५०५	२९८९	२७२०	५२६	१९४	५४	३९३	५५
५ वर्ष	५२५	५२५	०	०	०	०	०	०	०	०	०	०
६ वर्ष	५८५	३०९	२७५	०	०	०	०	०	०	०	०	१
७ वर्ष	६६४	१४५	५१९	०	०	०	०	०	०	०	०	०
८ वर्ष	५६८	३८	५२९	०	०	०	०	०	०	०	१	०
९ वर्ष	५९६	९	५८७	०	०	०	०	०	०	०	०	०
१० वर्ष	५६५	४	५६१	०	०	०	०	०	०	०	०	०
११ वर्ष	५६१	१	४४५	११४	०	०	०	०	०	०	०	१
१२ वर्ष	६०४	१	२४०	३६२	०	०	०	०	०	०	०	१
१३ वर्ष	५८२	०	९९	४८३	०	०	०	०	०	०	०	०
१४ वर्ष	६४५	२	४६	४६९	१२८	०	०	०	०	०	०	०
१५ वर्ष	६६४	१	२२	२६५	२९१	८३	०	०	०	०	०	२
१६ – १९ वर्ष	२४१७	०	८६	३९७	५८९	८९७	४३१	१२	०	०	२	३
२० – २४ वर्ष	२५७७	१	१७५	४३५	४८७	४४९	८८८	१२२	१४	०	२	४
२५ – २९ वर्ष	२४९३	५	२५९	४९२	६८६	३९१	४८०	१३२	३९	२	३	४
३० – ३४ वर्ष	२२२४	०	२८३	४९०	५६२	३६९	३७८	८९	४२	०	६	५
३५ – ३९ वर्ष	२१८०	३	४१४	५४१	५९५	२८८	२१४	६३	४४	३	१४	१
४० – ४४ वर्ष	१७०६	१	४३०	४४६	४२६	२०१	१२५	३१	२०	३	२०	३
४५ – ४९ वर्ष	१२००	३	३२४	२९०	३०५	११२	८६	२३	१७	३	२९	८
५० – ५४ वर्ष	१००६	१	३४६	१८१	२१९	८७	७४	३२	५	१४	४५	२
५५ – ५९ वर्ष	६६०	२	२८४	११५	१०५	४५	२२	११	७	७	५७	५

६० – ६४ वर्ष	४६१	२	२२७	६८	५२	२२	११	५	४	८	५८	४
६५ – ६९ वर्ष	३९७	२	२०९	६५	३१	२४	५	२	०	६	५१	२
७० – ७४ वर्ष	२३४	१	११७	२८	१८	१५	४	१	२	२	४१	५
७५+ वर्ष	२१९	२	९८	२३	११	६	२	३	०	६	६४	४

स्रोत: राष्ट्रिय जनगणना, २०७८

१.७ आर्थिक रूपमा सक्रिय जनसङ्ख्या

तालिका ११ अनुसार १० वर्ष र सोभन्दा माथिको २७३२६ जनसङ्ख्यामध्ये १७९८३ रोजगार भएको अवस्था छ।

तालिका ११ आर्थिक रूपमा सक्रिय तथा निष्क्रिय जनसङ्ख्या

लिङ्ग	१० वर्ष र सोभन्दा माथिको जनसङ्ख्या	आर्थिक रुपा सक्रिय तथा निष्क्रिय जनसङ्ख्या				
		आर्थिक रुपमा सक्रिय			आर्थिक रुपमा निष्क्रिय	आर्थिक रुपमा सक्रिय नभनेको
		सामान्यतया निष्क्रिय		सामान्यतया सक्रिय		
		रोजगार	बेरोजगार			
जम्मा	२७३२६	१७९८३	३३४	५२४६	३७२७	३६
पुरुष	१२८३५	८७८३	१९०	२२०७	१६४५	१०
महिला	१४४९१	९२००	१४४	३०३९	२०८२	२६

स्रोत: राष्ट्रिय जनगणना, २०७८

१.८ महिला तथा बालबालिका

हल्दीबारी गाउँपालिका महिला अझै पनि घरबाहिर निस्केर सामाजिक कार्यमा सहभागी कमै हुन्छन् । हल्दीबारी गाउँपालिकालाई बालमैत्री बनाउने कोसिस छ। पालिकामा केही वडामा बालक्लव तथा किशोरी सञ्जाल गठन भएको अवस्था छ भने अपाङ्गता भएका व्यक्तिहरुको छुट्टै सञ्जाल निर्माण भएको छ। गाउँपालिकाबाट निरन्तर लक्ष्यित वर्गको क्षेत्रमा बजेट विनियोजन हुने गरेको र न्यायिक समिति गठन भएको साथै सामाजिक परिचालकद्वारा महिला समूहको सक्रियताका लागि निरन्तर कार्य भइरहेको अवस्था छ।

१.९ भाषा तथा संस्कृति

हल्दीबारी गाउँपालिकामा ब्राम्हण, क्षेत्री, राई, लिम्बू, तामाङ, राजवंशी, नेवार, गुरुङ, मगर, सन्थाल, विश्वकर्मा, दमाई, मेचे, पण्डित, चौधरी, मुसलमान आदि जातजातिका मानिसहरुको बसोवास रहेको छ । यहाँका मानिसहरुका आ-आफ्ना जातिअनुसार भाषा, धर्म चाडपर्व तथा संस्कृतिहरु रहेका छन् । यस गाउँपालिकामा प्रमुख मातृभाषाको रूपमा नेपाली, राजवंशी, याक्थुम/ लिम्बू, सन्थाली, मेचे, तामाङ, मैथिली, राई, मगर ढुट रहेका छन्। त्यस्तै, गाउँपालिकाभित्र हिन्दु, बौद्ध, इस्लाम, इसाई तथा अन्य धर्म मान्ने मानिसहरुको बसोवास रहेको छ। हल्दीबारी गाउँपालिकामा मनाइने प्रमुख चाडपर्वमा दशैँ, तिहार, रामनवमी, होली, छठ पर्व, ल्होसार, उँधौली, उँभौली, सोहराई, सिरुवा, दधिकादो, वुद्ध जयन्ती, ईदउल फित्र, रमजान, क्रिसमस डे, वैसागु, मागो, डोलनोखापर आदि हुन्।

सांस्कृतिक विविधताले भरिपूर्ण यस गाउँपालिकाका विभिन्न जातजातिका आफ्नै मौलिक लोकगीत जस्तै: सिरुवा पर्वको अवसरमा राजवंशी महिलाले गाउने घातोसरी गीत, सन्थाल समुदायको सोराहय, बाहा, तुसु गीत, मेचे समुदायको आफ्नै लोकगीत, तामाङसेलो, सङ्गिनी गीत, असारे गीत, तीज, देउसी भैलो, आदि विभिन्न लोकगीत रहेका छन्। त्यस्तै, लोकनृत्यमा राजवंशी समुदायका विभिन्न नृत्य जस्तै नटुवा, ढोल, गाउन, चपनहाई, हुदुरधुरा, बडानाच, सन्थाल समुदायको

बाहा नृत्य, सोहराय, दोङ, लाग्डे, मेचे समुदायको बागुरुम्बा, देमसी, देवदनी, ना गुरनाय मोसानाय, किरात समुदायको साकेला नाच, नेवार समुदायको लाखे नाच, क्षेत्री तथा ब्राह्मण जतिको सङ्गिनी नृत्य र अन्य समुदायका आफ्नै मौलिक लोकनृत्य रहेका छन् ।

तालिका १२ जातजाति अनुसार जनसङ्ख्या विवरण

जातजाति	जनसङ्ख्या		
	जम्मा	पुरुष	महिला
सबै जातजाति	३२७२२	१५६११	१७१११
क्षेत्री	४६९१	२१८३	२५०८
ब्राह्मण पहाडी	७२३१	३४३४	३७९७
मगर	५७१	२७६	२९५
थारु	२७९	१३१	१४८
तामाङ	१२४३	५८९	६५४
नेवार	५८७	२८४	३०३
विश्वकर्मा	७४२	३६०	३८२
राई	१६०९	७६२	८४७
गुरुङ	५२९	२६७	२६२
परियार	४६०	२१४	२४६
लिम्बू	३३६८	१५८६	१७८२
सन्यासी/दस्नामी	११४३	५६१	५८२
राजवंशी	३४०९	१६८६	१७२३
सन्थाल	२३९८	११६५	१२३३
मेचे	११९२	५४६	६४६
अन्य	३२७०	१५६७	१७०३

स्रोत: राष्ट्रिय जनगणना, २०७८

तालिका १३ मातृभाषाको आधारमा जनसङ्ख्या विवरण

मातृभाषा	जनसङ्ख्या		
	जम्मा	पुरुष	महिला
सबै मातृभाषा	३२७२२	१५६११	१७१११
नेपाली	१७२५४	८१४१	९११३
मैथिली	९६०	४८७	४७३
भोजपुरी	२५	१३	१२
थारू	२३२	१०६	१२६
तामाङ	१०६३	५१२	५५१
नेपालभाषा (नेवारी)	२३९	१२३	११६
मगर ढुट	३९८	१८६	२१२
याक्थुम/ लिम्बू	२८७०	१३५४	१५१६
गुरुङ	२६५	१३५	१३०
राई	८३७	३९३	४४४
वान्तवा	३४५	१६४	१८१
राजवंशी	३४७५	१७२५	१७५०
चाम्लिङ	१३८	७५	६३
संथाली	२३३१	११३२	११९९
सुनुवार	३०	१२	१८

कुलुङ	२०६	८७	११९
मेचे	११७६	५३८	६३८
कुर्माली	१८८	९३	९५
अन्य	६९०	३३५	३५५

स्रोत: राष्ट्रिय जनगणना, २०७८

तालिका १४ धर्मका आधारमा जनसङ्ख्या विवरण

लिङ्ग	जम्मा जनसङ्ख्या	धर्म					
		हिन्दु	बौद्ध	इस्लाम	किरात	इसाई	प्रकृति
जम्मा	३२७२२	२४३९४	२१४७	९२	४८७३	१०१४	२०२
पुरुष	१५६११	११६६४	१०३१	४६	२२९४	४७८	९८
महिला	१७१११	१२७३०	१११६	४६	२५७९	५३६	१०४

स्रोत: राष्ट्रिय जनगणना, २०७८

१.१० सेवासुविधामा पहुँचको अवस्था

२०७८ को राष्ट्रिय जनगणनाको तथ्याङ्कअनुसार पालिकाभरिका जम्मा ७८७८ घरपरिवारमध्ये ७७२४ ले कुनै न कुनै सेवा सुविधामा पहुँच छ भने ६५९६ घरपरिवारमा स्मार्ट मोबाइलको पहुँच छ। त्यस्तै, ४७६६ घरपरिवारमा इन्टरनेट सेवाको पहुँच छ।

१.११ वन तथा वातावरण

हल्दीबारी गाउँपालिकामा जैविक विविधताले भरिपूर्ण जलथल चारकोसे जङ्गल रहेको छ। जलथल जङ्गलको करिव ८० प्रतिशत भूभाग यस गाउँपालिकामा पर्दछ। यस जङ्गलमा ५९० भन्दा बढी प्रजातिका वनस्पति, ४३ प्रजातिका माछा, १४ उभयचर, ३२ सरिसृप, २३५ चरा, २६ स्तनधारी, १२७ पुतली आदि पाइन्छ।

परिच्छेद: २ दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

२.१ परिचय

परिच्छेद एकमा उल्लेख गरिएको हल्दीबारी गाउँपालिकाको शैक्षिक परिवेशले विद्यालय शिक्षाको आगामी ५ वर्षको मार्ग पहिचानका लागि आधार सिर्जना गरेको छ। यही सन्दर्भलाई दृष्टिगत गरी यस विद्यालय क्षेत्र योजनाको माध्यमबाट अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा र सर्वसुलभ साक्षरता, निरन्तर शिक्षा तथा जीवन पर्यन्त सिकाइमा नेपालले वि.सं. २०८७ (सन् २०३०) सम्ममा प्राप्त गर्ने उपलब्धिहरुलाई समेट्ने गरी यस परिच्छेदमा योजनाको दूरदृष्टि (Vision), ध्येय (Mission), उद्देश्यहरु (Objectives), रणनीतिहरु (Strategies) तथा प्रमुख उपलब्धि सूचक (Key indicators) प्रस्तुत गरिएको छ।

२.२ दूरदृष्टि

संघीय तथा प्रदेश सरकारले लिएका दीर्घकालीन सोचको मर्मलाई आत्मसात् गरी आफ्नो भौगोलिक, आर्थिक तथा सामाजिक विशेषता तथा मौलिकता, प्राकृतिक सम्पदा तथा सांस्कृतिक विविधता लगायत गाउँपालिका बासीको अपेक्षाका आधारमा गाउँपालिकाको दीर्घकालीन सोच निर्धारण गरिएको छ।

विद्यालय शिक्षामा देखापरेका समस्या तथा चुनौतीको समाधान गर्दै विभिन्न कारणबाट शिक्षामा पहुँच नपुगेका बालबालिकालाई विभिन्न अवसर प्रदान गर्दै विद्यालय तहको शिक्षा प्रदान गर्ने, प्रत्येक विद्यार्थीलाई गुणस्तरीय व्यावहारिक र प्राविधिक शिक्षा प्रदान गरी बदलिँदो विश्व परिवेशमा समायोजन हुने गरी उनीहरुको व्यक्तित्व तथा व्यावसायिक सफलता सुनिश्चित गर्ने, समावेशी, प्रविधिमैत्री, व्यावसायिक र जीवनोपयोगी शिक्षाको माध्यमबाट गाउँका हरेक बालबालिकालाई गुणस्तरीय शिक्षा प्रदान गर्दै आत्मनिर्भर समाजको निर्माण गर्ने र वर्तमान समयसम्म पनि परम्परागत रूपमा सञ्चालन हुँदै आएको शिक्षा प्रणालीमा व्यापक परिवर्तन गर्दै आधुनिक तथा प्राविधिक शिक्षाको माध्यमबाट विश्वबजारमा बिक्न सक्ने जनशक्ति तयार गर्ने र यस गाउँपालिको शैक्षिक क्षतिलाई कम गरी शिक्षामा गुणस्तर कायम गर्दै शैक्षिक जगत् मा नमुना गाउँपालिका बनाउने दूरदृष्टि रहेको छ।

२.३ लक्ष्य

१. प्रविधिमैत्री शिक्षाको पहुँच वृद्धि गर्ने।
२. शिक्षामा सबैको समान पहुँच सुनिश्चित गर्ने।
३. विद्यालयहरुको शैक्षिक गुणस्तरमा अपेक्षाकृत सुधार गर्ने।
४. अपाङ्गमैत्री विद्यालय र शिक्षाको प्रबन्ध गर्ने।
५. विद्यालयहरुलाई भौतिक रूपले सु–सम्पन्न बनाउने।
६. विद्यालय बाहिर रहेका बालबालिकाको दर ० % मा पुर्याउने।
७. शैक्षिक क्षतिलाई कम गरी आगामी ५ वर्षभित्र २०% सुधार गर्ने।

२.४ ध्येय

नेपाली मूल्य र मान्यता सहितको एक्काकइसौँ शताब्दी सुहाउँदो सक्षम नागरिक तयार गर्न गुणस्तरीय र व्यावहारिक शिक्षा, स्वावलम्बी र आत्म निर्भर नागरिकको अपेक्षा गर्न विद्यालय शिक्षालाई अधिकारका रूपमा स्थापित गरी सबैको सहज पहुँच, सहभागिता र निरन्तरता सुनिश्चित गर्ने।

२.५ उद्देश्य

१. सबै विद्यालयहरुमा डिजिटल र प्रविधिमैत्री शिक्षाको सुनिश्चित गर्ने।
२. प्राविधिक र व्यावसायिक शिक्षालाई विद्यालय स्तरमै समावेश गर्ने।
३. गाउँका सबै बालबालिका लागि विद्यालय सम्म सहज रूपमा पहुँच पुर्याउने।
४. शिक्षकहरुको पेसागत क्षमता अभिवृद्धि गर्ने।
५. अपाङ्गता भएका विद्यार्थीहरुलाई समावेशी शिक्षा प्रदान गर्ने।
६. विद्यालय भवन, शौचालय खानेपानी पुस्तकालय प्रयोगशाला खेलमैदान जस्ता पूर्वाधारको विकास गर्ने।
७. विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई विभिन्न अवसरहरु सहित विद्यालय शिक्षामा ल्याउने।
८. विद्यालयमा देखिएको शैक्षिक क्षमतालाई अभिवृद्धि गर्दै शैक्षिक गुणस्तर कायम गर्ने।
९. अभिभावक शिक्षा समय समयमा प्रदान गर्ने व्यवस्था मिलाउने।
१०. लैङ्गिक हिंसा र भेदभाव न्यूनीकरणका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।

२.६ रणनीति

१. डिजिटल शिक्षाको प्रवर्द्धन गर्न सबै विद्यालयमा प्रविधिमैत्री शिक्षा अनिवार्य गरिनेछ जसको लागि एक शिक्षक एक ल्यापटपको कुरालाई व्यवहारमा ल्याइनेछ र एक विद्यालय कम्तीमा एक स्मार्टबोर्ड अनिवार्य गरिनेछ।
२. शिक्षण सिकाइ प्रक्रियामा नवीनतम प्रविधि तथा बालमैत्री विधिहरुको प्रयोग गरिनेछ।
३. शिक्षकहरुको क्षमता अभिवृद्धिका लागि तालिम, गोष्ठी, भर्चुअल तालिम र कार्यशालाको व्यवस्था मिलाइनेछ।
४. आधारभूत तथा माध्यमिक तहमा शिक्षाको पहुँच र गुणस्तर सुधार गर्न आवश्यक पूर्वाधार निर्माण गरिनेछ।
५. आर्थिक रूपमा विपन्न, अपाङ्ग बालबालिका, छात्रा र जातीय र सामाजिक रूपमा पिछडिएका बालबालिकालाई आकर्षक छात्रवृति सहित विद्यालय शिक्षामा पहुँच सुनिश्चित गरिनेछ।
६. सबै बालबालिकालाई विद्यालय भर्ना गराउने अभियान सञ्चालन गरिनेछ।
७. स्थानीय स्रोत संरकृति र परम्परालाई शिक्षामा समावेश गरिनेछ।
८. अपाङ्गता भएका विद्यार्थीहरुको सहजताका लागि अपाङ्गतामैत्री पूर्वाधार निर्माणको व्यवस्था मिलाइने छ।
९. विद्यालयप्रति अपनत्व वृद्धि गर्न समय समयमा अभिभावक शिक्षाको व्यवस्था गरिनेछ।
१०. विद्यालयभित्र लैङ्गिक संवेदनशील वातावरण निर्माण गरिनेछ।

२.७ कार्यनीति

१. नवीनतम प्रविधिको प्रयोग
२. स्मार्ट कक्षा सञ्चालन
३. विद्यालय पूर्वाधार सुधार
४. शिक्षक क्षमता अभिवृद्धि
५. विद्यार्थी भर्ना अभियान
६. निःशुल्क वा सहुलियतमा शैक्षिक सामग्री
७. सिपमुलक तथा व्यावसायिक शिक्षा
८. वि.व्य. स. सशक्तीकरण कार्यक्रम सञ्चालन
९. विद्यालय अनुगमन तथा मूल्याङ्कन
१०. छात्रा शिक्षालाई प्रोत्साहन
११. समावेशी शिक्षा
१२. सुरक्षा तथा हिंसा निवारण

२.८ अपेक्षित उपलब्धि

योजनाको अन्त्यमा (वि.स. २०८६) सम्ममा निम्नानुसारको उपलब्धि प्राप्त हुनेछः

१. सबै विद्यालय इन्टरनेटको पहुँचमा हुने र प्रविधिमैत्री ढङ्गले सिकाइ क्रियाकलाप भएको हुने।
२. प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकालाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव सहित कक्षा १ मा प्रवेश गर्ने अवसर हुनेछ।
३. सबै शिक्षकहरु सक्षम, योग्य र तालिम प्राप्त हुने।
४. आधारभूत शिक्षाको उमेर समूहका सबै बालबालिकाले न्यूनतम सिकाइ सक्षमता सहित आधारभूत तह पूरा गरेका हुनेछन्।
५. माध्यमिक विद्यालय उमेरका सबै बालबालिका विद्यालयमा भर्ना भई गुणस्तरीय माध्यमिक शिक्षा प्राप्ति गरेको हुने।
६. सबै विद्यालय अपाङ्गतामैत्री हुने।
७. विद्यालयभित्र हुने सम्पूर्ण भौतिक संरचना मापदण्ड अनुसार सम्पन्न हुने।
८. विद्यालयको शैक्षिक उपलब्धि निरन्तर वृद्धि हुँदै जाने।
९. आवश्यकतामा आधारित अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका अवसर सबैका लागि सुनिश्चित भई साक्षर, आत्मनिर्भर र सचेत सिकाइ समाज (Learning Society) निर्माणमा योगदान हुने।
१०. विद्यालय शिक्षा पद्धतिमा सुशासन कायम हुने।
११. योजना तथा कार्यक्रम कार्यान्वयन तथा व्यवस्थापनमा नतीजामुखी प्रणाली स्थापित भई अपेक्षित उपलब्धि हासिल हुने।

१२. विद्यालय तहको पाठ्यक्रमको सान्दर्भिकतामा वृद्धि भई विद्यालय तह पूरा गर्ने।

१३. एउटा व्यक्ति दैनिक जीवनका लागि आवश्यक आधारभूत भाषिक, सामाजिक, विज्ञान र प्रविधिसम्बन्धी तथा गणितीयलगायतका सक्षमतासहित सृजनशील, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध, रोजगार उन्मुख हुने।

१४. सक्षम र अभिप्रेरित शिक्षकद्वारा सिकारु केन्द्रित सिकाइ क्रियाकलापमा आधारित शिक्षण सिकाइको माध्यमबाट विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार हुने।

१५. विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार मनोसामाजिक कुशलता (well–being) मा अभिवृद्धि तथा सिकाइमा सुधार सहित सुरक्षित तथा रमाइलो (joyful) सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता हुने।

१६. आपत्कालीन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि बालबालिकाको सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित हुने।

१७. सबै विद्यालयमा आवश्यक सक्षमताका आाधार पूरा भई बालमैत्री तथा अपाङ्गतामैत्री भौतिक पूर्वाधार सहितको सिकाइ वातावरण तयार हुने।

२.९ अपेक्षित मुख्य कार्य सम्पादन सूचक (परिमाणात्मक नतीजा)

यस योजनाका अपेक्षित मुख्य कार्य सम्पादन सूचक निम्न बमोजिम हुनेछ:

सूचकहरुको क्षेत्र	मुख्य कार्य सम्पादन सूचक/आर्थिक वर्ष	एकाइ	आधार वर्ष २०८१	योजना कार्यान्वयनका आ.व.हरु				
			२४/२५	२५/२६	२६/२७	२७/२८	२८/२९	२९/३०
			८१/८२	८२/८३	८३/८४	८४/८५	८५/८६	८६/८७
१. प्रारम्भिक बालविकास र शिक्षा								
१.१	प्रारम्भिक बालविकास र शिक्षामा कुल भर्नादर (%)	जम्मा	१०७	१०६	१०५	१०४.५	१०३	१०१
		छात्र	११०.९	१०८.९	१०६.९	१०४.५	१०३	१०२
		छात्रा	१०२.९	१०२.४	१०१.९	१०१.४	१००.९	१००
		प्रदेश	१०३.२					
		राष्ट्रिय	८६.२		८९.५		९४	९९
१.२	प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका (%)	जम्मा	८४.४	८७	९०	९३	९६	१००
		छात्र	८२.५	८७	९०	९३	९६	१००
		छात्रा	८६.३	८७	९०	९३	९६	१००
		प्रदेश						
		राष्ट्रिय	६८.६		७३.०		८५	९५
२. आधारभूत शिक्षा (कक्षा १ - ८)								
२.१	कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कुल प्रवेश दर (%)	जम्मा	११३.३	१११	१०९	१०७	१०५	१०३
		छात्र	१०५	१०४	१०३	१०२	१०१	१००
		छात्रा	१२३.३	११९	११६	११२	१०८	१०५
		प्रदेश	७६.७					
		राष्ट्रिय	१२१.९		११५.०		१०७.०	१०५.०
२.२	कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (%)	जम्मा	९६.२	९७	९७.५	९८	९८.५	१००
		छात्र	९६.३	९७	९७.५	९८	९८.५	१००
		छात्रा	९६	९७	९७.५	९८	९८.५	१००

		प्रदेश						
		राष्ट्रिय	९६.९		९७.५		९९	१००
२.३	आधारभूत तह (प्राथमिक कक्ष १-५) मा कुल भर्ना दर (%)	जम्मा	११४.४	११३	११२	१११	११०	१०९
		छात्र	११५.६	११४	११३	११२	१११	११०
		छात्रा	११३.२	११२	१११	११०	१०९	१०८
		प्रदेश	१२६.५					
		राष्ट्रिय	११९.२		११५.०			
२.४	आधारभूत तह (प्राथमिक कक्ष १-५) मा खुद भर्ना दर (%)	जम्मा	९६.१	९६.६	९७.१	९७.६	९८.१	९९
		छात्र	९६.१	९६.६	९७.१	९७.६	९८.१	९९
		छात्रा	९६.१	९६.६	९७.१	९७.६	९८.१	९९
		प्रदेश	९४.६					
		राष्ट्रिय	९७.१		९९		९९.५	१००
२.५	आधारभूत तहको कक्षा ५ को कुल प्रवेश दर* (%)	स्थानीय						
		प्रदेश						
		राष्ट्रिय	११३		११०		१०७	१०५
२.६	आधारभूत तहको कक्षा ५ को खुद प्रवेश दर* (%)	स्थानीय						
		प्रदेश						
		राष्ट्रिय	९८.३					
२.७	आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर (%)	जम्मा	८९	९२	९४	९६	९८	१००
		छात्र	८८.६	९०	९३	९६	९८	१००
		छात्रा	८९.४	९२	९४	९६	९८	१००
		प्रदेश						
		राष्ट्रिय	९३					
२.८	आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर (%)	जम्मा	८९	९२	९४	९६	९८	१००
		छात्र	८८.६	९०	९३	९६	९८	१००
		छात्रा	८९.४	९२	९४	९६	९८	१००

		प्रदेश						
		राष्ट्रिय	८५.८		९३.१		९५.५	९९.५
२.९	आधारभूत तहमा (प्राथमिक कक्षा १-५)मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका (%)	जम्मा						
		छात्र						
		छात्रा						
		प्रदेश						
		राष्ट्रिय	२२.२		२०.०		१५.०	१०.०
२.१	आधारभूत तह (प्राथमिक कक्षा १-५) कुल भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क	स्थानीय	०.९१	०.९३	०.९५	०.९७	०.९९	१
		प्रदेश						
		राष्ट्रिय	१.०६					१.०१
२.११	आधारभूत तह (कक्षा १-८) मा कुल भर्नादर (%)	जम्मा	११५	११४	११३	११२	१११	११०
		छात्र	११३.५	११२	१११	११०	१०९	१०८
		छात्रा	११६.६	११५	११४	११३	११२	१११
		प्रदेश	१२३.०					
		राष्ट्रिय	११०.४					
२.१२	आधारभूत तह (कक्षा १-८) मा खुद भर्नादर (%)	जम्मा	९५.८	९६.५	९७	९७.५	९८	९८.५
		छात्र	९५.९	९६.५	९७	९७.५	९८	९८.५
		छात्रा	९५.७	९६.५	९७	९७.५	९८	९८.५
		प्रदेश	९४.१					
		राष्ट्रिय	९३.४		९९.०			१००.०
२.१३	आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर (%)	जम्मा	८७.२	८७.७	८८.२	८८.७	८९.२	८९.७
		छात्र	८७.३	८७.७	८८.२	८८.७	८९.२	८९.७
		छात्रा	८७.२	८७.७	८८.२	८८.७	८९.२	८९.७
		प्रदेश	८६.४					
		राष्ट्रिय	७९.३					९५.०
२.१४	आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पुरा गर्ने दर (%)	जम्मा	८७.२	८७.७	८८.२	८८.७	८९.२	८९.७

			छात्र	८७.३	८७.७	८८.२	८८.७	८९.२	८९.७
			छात्रा	८७.२	८७.७	८८.२	८८.७	८९.२	८९.७
			प्रदेश						
			राष्ट्रिय	७२.७					९५
२.१५	आधारभूततह (कक्षा १-८) को कुल भर्ना दरमा लैङ्गिक समता सूचक		स्थानीय	०.९३	०.९४	०.९५	०.९६	०.९८	१
			प्रदेश						
			राष्ट्रिय	१.०१		१.०१			
२.१६	कक्षा ३ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ३ को आधारभूत वा तह २ हासिल भएका) बालबालिकाको सङ्ख्या (%)	नेपाली भाषा	स्थानीय	९६.०९	९६.५	९६.९	९७.३	९७.६	९७.९
			प्रदेश						
			राष्ट्रिय						
		गणित	स्थानीय	९४.३८	९४.८	९५.३	९५.८	९६.३	९६.८
			प्रदेश						
			राष्ट्रिय						
२.१७	कक्षा ५ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ५ को आधारभूत) बालबालिकाको सङ्ख्या (%)	नेपाली भाषा	स्थानीय	८९.३८	९०	९१	९२	९३	९४
			प्रदेश						
			राष्ट्रिय	४५.०		४२.०		६०.०	७०.०
		गणित	स्थानीय	९०.२४	९१	९२	९३	९४	९५
			प्रदेश						
			राष्ट्रिय	२८.३		४०.०		६०.०	७०.०
		अङ्ग्रेजी	स्थानीय	९०.०९	९१	९२	९३	९४	९५
			प्रदेश						
			राष्ट्रिय						
२.१८	कक्षा ८ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ८ को तह ३ हासिल भएका) बालबालिकाको सङ्ख्या	नेपाली भाषा	स्थानीय	९७.९८	९८	९८.२	९८.४	९८.६	९९
			प्रदेश						
			राष्ट्रिय	६८.५		७०		७२	७५
		गणित	स्थानीय	९८.४९	९८.७	९८.९	९९.१	९९.३	९९.५

			प्रदेश						
			राष्ट्रिय	५३.५		६०.०		६५.०	७०.०
		अङ्ग्रेजी	स्थानीय	९९.२९	९९.४	९९.५	९९.६	९९.७	९९.८
			प्रदेश						
			राष्ट्रिय	४३.८		५०.०		६०.०	७०.०
२.१९	विद्यालय बाहिर रहेका बालबालिका (%)	आधारभूत तह (कक्षा १-५)	स्थानीय						
			प्रदेश						
			राष्ट्रिय	२.९		१		०.५	०
		आधारभूत तह (कक्षा १-८)	स्थानीय						
			प्रदेश						
			राष्ट्रिय	६.६		१			०
२.२०	आधारभूततह (कक्षा १-८) अध्यापनरत कुल शिक्षकमध्ये महिला शिक्षकको सङ्ख्या (%)		स्थानीय						
			प्रदेश	४०.०९					
			राष्ट्रिय	४३.७		४५		५०	५०
३. माध्यमिक शिक्षा (कक्षा ९-१२)									
३.१	माध्यामिक तह (कक्षा ९-१२) मा कुल भर्नादर (%)		जम्मा	७३	७४	७५	७६	७८	८०
			छात्र	७३.९	७५	७६	७७	७८	८०
			छात्रा	७२.२	७३	७४	७६	७८	८०
			प्रदेश						
			राष्ट्रिय	७१.४					९९.०
३.२	माध्यमिकतह (कक्षा ९-१२) मा खुद भर्ना दर (%)		जम्मा	५२.६	५३.५	५५.५	५७	५८	६०
			छात्र	५६.३	५८	५९	६०	६२	६२
			छात्रा	४९	५१	५३	५५	५७	६०
			प्रदेश						
			राष्ट्रिय	४७.६				६५.०	
३.३			स्थानीय	१.०२	१.०१	१	१	१	१

	माध्यमिकतह (कक्षा ९-१२) को कुल भर्ना दरमा लैङ्गिक समता सूचक (कक्षा ९-१२)		प्रदेश						
			राष्ट्रिय	१.०२		१.०		१.०	१.०
३.४	आधारभूत तहबाट माध्यमिक तहमा ट्रान्जिसन दर (%)		जम्मा						
			छात्र						
			छात्रा						
			प्रदेश						
			राष्ट्रिय	९७.५					
३.५	कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये कक्षा १० मा पुग्ने दर (%)		जम्मा						
			छात्र						
			छात्रा						
			प्रदेश						
			राष्ट्रिय	६०.३					
३.६	कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये कक्षा १२ मा पुग्ने दर (%)		स्थानीय						
			प्रदेश						
			राष्ट्रिय	२४.०					
३.७	माध्यमिक तह (कक्षा ९-१२) मा महिला शिक्षकको प्रतिशत		स्थानीय						
			प्रदेश						
			राष्ट्रिय	२०.६		२२.०		२७.०	३३.०
३.८	माध्यामिक तह (कक्षा ९-१२) मा अध्ययनरत विद्यार्थीमध्ये विज्ञान र प्राविधिक तथा व्यावसायिक शिक्षा विषयमा भर्ना भएका विद्यार्थी सङ्ख्या (%)	स्थानीय	विज्ञान						
			प्रा.व्या.						
		प्रदेश	विज्ञान						
			प्रा.व्या.						
		राष्ट्रिय	विज्ञान					१५.०	
			प्रा.व्या.	१०.०		१७.०		३०.०	
३.९	कक्षा १० मा विद्यार्थी सिकाइ उपलब्धि (अङ्कमा)	नेपाली भाषा	स्थानीय	८६.०७	८७	८८	८९	९०	९१
			प्रदेश						

			राष्ट्रिय						
		गणित	स्थानीय	६७.०७	६८	६९.५	७१	७२.५	७४
			प्रदेश						
			राष्ट्रिय						
		विज्ञान	स्थानीय	९०.९८	९१.५	९२	९२.५	९३	९३.५
			प्रदेश						
			राष्ट्रिय						
		अङ्ग्रेजी	स्थानीय	८१.५२	८२.५	८३.५	८४.५	८५.५	८६.५
			प्रदेश						
			राष्ट्रिय						
४. जीवनपर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा									
४.१	साक्षरता दर (पाँच वर्षभन्दा माथि) (%)		स्थानीय	८१.२८	८३	८५	८७	८९	९१
			प्रदेश						
			राष्ट्रिय	५८.०				९५.०	
४.२	साक्षरता दर (छ वर्षभन्दा माथि) (%)		स्थानीय	८०.६८	८२	८४	८६	८८	९०
			प्रदेश						
			राष्ट्रिय	८२.०		८९.०		९५.०	१०.०
४.३	साक्षरता दर (१५-२४ उमेर समूह) (%)		स्थानीय	९८.१४	९८.५	९९	९९.५	१००	१००
			प्रदेश						
			राष्ट्रिय	९२.०				९९.०	
४.४	साक्षरता दरमा लैङ्गिक समता (पाँच वर्षभन्दा माथि)		स्थानीय	०.९६	०.९७	०.९८	०.९९	१	१
			प्रदेश						
			राष्ट्रिय	०.६५					०.८०
५. सुशासन तथा व्यवस्थापन									
५.१	आधारभूत तह (कक्षा १-५) मा विद्यार्थी: शिक्षक अनुपात (सामुदायिक विद्यालय)		स्थानीय	१४:१	२०:१	२५:१	२५:१	२५:१	२५:१
			प्रदेश						

		राष्ट्रिय	२४:१				३०:१	३०:१
५.२	आधारभूत तह (कक्षा ६-८) मा विद्यार्थी: शिक्षक अनुपात (सामुदायिक विद्यालय)	स्थानीय	३२:१	३०:१	३०:१	३०:१	३०:१	३०:१
		प्रदेश						
		राष्ट्रिय	३०:१				३०:१	३०:१
५.३	आधारभूत तह (कक्षा १-८) मा विद्यार्थी: शिक्षक अनुपात (सामुदायिक विद्यालय)	स्थानीय	१८:१	१९:१	२०:१	२२:१	२४:१	२५:१
		प्रदेश						
		राष्ट्रिय	३३:१		३१:१		३०:१	३०:१
५.४	माध्यामिक तह (कक्षा ९-१०) मा विद्यार्थी: शिक्षक अनुपात (सामुदायिक विद्यालय)	स्थानीय	४९:१	४०:१	३५:१	३०:१	३०:१	३०:१
		प्रदेश						
		राष्ट्रिय	४०:१				३०:१	३०:१
५.५	माध्यामिक तह (कक्षा ९-१२) मा विद्यार्थी: शिक्षक अनुपात (सामुदायिक विद्यालय)	स्थानीय	६०:१	५०:१	४५:१	४०:१	३५:१	३०:१
		प्रदेश						
		राष्ट्रिय	४१:१		३५:१		३०:१	३०:१
६. शिक्षामा लगानी								
७.१	कुल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट (%)	स्थानीय	३५.९८	३५.९८	३५.९८	३५.९८	३५.९८	३५.९८
		प्रदेश						
		राष्ट्रिय	१०.६८		१५.०		१७.०	२०.०
७.२	प्रति विद्यार्थी सरकारी खर्च (रु. हजारमा)	स्थानीय	३९.२२	३९.२२	३९.२२	३९.२२	३९.२२	३९.२२
		प्रदेश						
		राष्ट्रिय						

स्रोत: Flash 1 Report, 2081, CEHRD

परिच्छेद: ३ विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र

यस परिच्छेदमा विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्रहरु जस्तैः प्रारम्भिक बाल विकास र शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा र अनौपचारिक तथा आजीवन सिकाइसँग सम्बन्धित उपक्षेत्रहरुको परिचय, वर्तमान अवस्था, उद्देश्य, रणनीति, उपलब्धि, नतीजा, मुख्य क्रियाकलापहरु र लक्ष्य निर्धारण जस्ता उपशीर्षकहरुमा विभाजन गरी विश्लेषण गरिएको छ।

३.१ प्रारम्भिक बालविकास र शिक्षा

प्रारम्भिक बालविकासले आधारभूत शिक्षाका लागि विद्यार्थीलाई तयार गराउने कार्य गर्दछ। प्रारम्भिक बालविकासले विद्यालय जाने उमेरका बालबालिकाको शारीरिक, मानसिक तथा बौद्धिक, सामाजिक जस्ता सर्वाङ्गीण विकासमा सहयोग गर्दछ। निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ तथा राष्ट्रिय शिक्षा नीति २०७६ मा चार वर्ष उमेर पुगेका बालबालिकाका लागि एक वर्षको प्रारम्भिक बाल विकास तथा शिक्षा कार्यक्रम सञ्चालन गरिने कुरा उल्लेख छ। पन्ध्रौं योजनामा पनि प्रारम्भिक बालविकास र शिक्षा कार्यक्रमलाई जोड दिइएको सन्दर्भमा सो कार्यक्रमलाई समावेश गरिएको छ। यस कार्यक्रमलाई सबै बालबालिकाको पहुँचमा पुर्याउनका लागि सरकारी तथा गैर सरकारी संस्था, स्थानीय सरकार, समुदाय, विद्यालय तथा आम सरोकारवालाको हातेमालो वा सहयोग हुन आवश्यक छ। यस योजना अवधिका लागि प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको उद्देश्य, नीति, कार्यक्रम कार्यान्वयनको योजना तथा प्रमुख नतीजाका लक्ष्य निम्नानुसार उल्लेख गरिएको छ।

३.१.१ वर्तमान अवस्था

यस गाउँपालिका अन्तर्गत कुल ३० वटा बालविकास केन्द्रहरु रहेका छन्। जसमा समुदायमा आधारित कुनै पनि नभएको र विद्यालयमा आधारितमध्ये१८ वटा बालविकास केन्द्र सामुदायिक विद्यालयमा र १२ वटा संस्थागत विद्यालयमा रहेका छन्। औसतमा प्रतिविद्यालय एक बालविकास केन्द्र सञ्चालनमा रहेको अवस्था छ। गाउँपालिकाभित्र ४ र ५ वर्ष उमेर समूहका १०८८ जना बालबालिका रहेका छन् जसमध्ये ५१४ बालिका र ५७४ बालक रहेका छन्। उमेर नपुगेका र बढी उमेरका बालबालिका समेत बालविकास केन्द्रमा जाने गरेको पाइन्छ। हाल बालविकास केन्द्रमा जम्मा ४३ जना सहजकर्ता (शिक्षक) कार्यरत छन्। बालविकास केन्द्रका सहयोगी कार्यकर्ताको सेवा, सुविधा समेत वृद्धि गर्नु पर्ने अवस्था रहेको छ। यस गाउँपालिकाको बालविकासमा सहजै देखिने भर्नादर समग्रमा १६७.०९ प्रतिशत रहेको देखिन्छ।

३.१.२ उद्देश्य

१. प्रारम्भिक बाल विकास शिक्षामा पहुँच सुनिश्चित गर्नु।
२. प्रारम्भिक बालविकास तथा शिक्षाको गुणस्तर सुनिश्चित गर्नु।

३.१.३ रणनीति

१. बालविकास केन्द्रहरुको नक्साङ्कन, समायोजन, विकास र विस्तार गर्ने,
२. बालविकास तथा शिक्षामा लगानी सुनिश्चित गर्न केन्द्र र प्रदेशका मापदण्डअनुसार कार्यान्वयन गर्ने,

३. सङ्घीय सरकारले अवलम्बन गरेको मापदण्ड र ढाँचा अनुसार अनुदानका आधारमा बालविकास शिक्षा सञ्चालन तथा व्यवस्थापन गर्ने,
४. प्रदेश सरकारको सहयोगमा क्षमता विकास समन्वय तथा सहजीकरणको माध्यमबाट स्थानीय सरकारलाई सहयोग गर्ने,
५. गुणस्तर सुनिश्चित गर्न सिकाइको आवश्यकता सम्बोधन गर्न बालविकास पाठ्यक्रमको कार्यान्वयन गर्ने,
६. बालविकास तथा शिक्षा कार्यक्रमको प्रभावकारिताका लागि परिवार, समुदाय, संघ संस्था निजी क्षेत्र विद्यालयलाई जिम्मेवार बनाइने,
७. बाल शिक्षकहरुको क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने,
८. बालविकास केन्द्रमा आवश्यकता अनुसार सिकाइ सामग्रीको व्यवस्था गर्ने,
९. प्रारम्भिक बालविकास र शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्नका लागि निर्धारित मापदण्ड ढाँचा अनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गर्ने,
१०. कार्यक्रमको नक्साङ्कन, पुनर्वितरण र आवश्यकता अनुसार नयाँ बालविकास केन्द्र स्थापना गर्ने विभिन्न प्रारम्भिक बालविकास तथा शिक्षामा लागत सहभागिता अभिवृद्धि गर्ने,
११. कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैरसरकारी संघसंस्था, निजी क्षेत्र र विद्यालयहरुलाई जिम्मेवार बनाउने,
१२. नमुना बालविकास केन्द्रहरु स्थापना र वृद्धि गर्दै लैजाने।
१३. बालविकास सहजकर्तामा महिलाहरुको सहभागितालाई प्रथामिकतासाथ निरन्तरता दिने।
१४. सहयोगी कार्यकर्ताहरुको क्षमता विकासका लागि विभिन्न तालिम कार्यक्रमहरु सञ्चालन गर्ने
१५. बालकक्षा व्यवस्थापन, कक्षा सजावट, प्रविधिमा आधारित शैक्षिक सामग्रीहरु, बालउद्यानको व्यवस्थापन गर्ने।
१६. राष्ट्रिय पाठ्यक्रम प्रारूपमा आधारित भै प्रारम्भिक बालविकास तथा शिक्षाको लागि न्यूनतम सिकाइ कार्यघण्टा सुनिश्चित गर्ने।

३.१.४ प्रमुख उपलब्धि तथा नतीजा

उपलब्धि

सबै बालबालिकाहरुलाई गुणस्तरीय बालविकास तथा शिक्षाको अवसर सुनिश्चित हुनेछ।

प्रमुख नतीजा

१. बालविकासमा सहजै देखिने भर्नादर शत प्रतिशत पुगेको हुनेछ।
२. बालविकास अनुभव सहित कक्षा १ मा भर्ना हुने बालबालिकाको प्रतिशत १०० पुगेको हुनेछ।
३. बालविकासका सहयोगी कार्यकर्ताहरुले तालिम प्राप्त गरेका हुनेछन्।
४. बालविकास केन्द्रको गुणस्तरीय सिकाइ व्यवस्थापनमा सुधार आएको हुनेछ।
५. बालविकास तथा शिक्षाका कार्यान्वयनमा सबै परिवार समुदाय, संघ, संस्था र विद्यालय जिम्मेवार हुनेछन्।
६. बालविकास केन्द्रको सहयोगी कार्यकर्तामा महिलाको सङ्ख्या उच्चतम हुनेछ।

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतीजा तलको तालिकामा रहेका छन् ।

क्र.सं.	सूचक	आधार वर्ष (२०८१/८२)	२०८२/८३	२०८३/८४	२०८४/८५	२०८५/८६	२०८६/८७
१.	प्रारम्भिक बालविकास र शिक्षामा कुल भर्ना सङ्ख्या	७२४	७८९	८६०	९३८	१०२२	१११३
२.	तोकिएको न्यूनतम मापदण्ड पूरा गरेका प्रारम्भिक बालविकास र शिक्षाकेन्द्र (सामुदायिक)	१८	१८	१८	१८	१८	१८
३.	न्यूनतम शैक्षिक योग्यता र तालिमप्राप्त बालविकास सहजकर्ताको सङ्ख्या	१८	१८	१८	१८	१८	१८

३.१.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

मुख्य क्रियाकलापहरु	एकाइ	भौतिक लक्ष्य (५ वर्ष)						भौतिक लक्ष्य (१० वर्ष)
		पहिलो	दोस्रो	तेस्रो	चौथो	पाचौं	जम्मा	
बालविकास केन्द्रको समायोजन पुनः संरचना र वितरण	पटक	१	१	१	१	१	५	सबै
बाल शिक्षकलाई तालिम	जना	१८	१८	१८	१८	१८	१८	सबै
बालविकास केन्द्रमा सूचना प्रविधिको व्यवस्था	वटा	१८	१८	१८	१८	१८	१८	सबै
बाल उद्यान तथा शैक्षिक, खेलकुद सामग्री निर्माण तथा सजावट	वटा	१८	१८	१८	१८	१८	१८	सबै
स्वास्थ्य परीक्षण, खोप अभिलेख, कुपोषित बालबालिकालाई आवश्यक प्रबन्ध गर्ने	वटा	१८	१८	१८	१८	१८	१८	सबै
बाल शिक्षकहरुको पारिश्रमिक व्यवस्थापन	वटा	१८	१८	१८	१८	१८	१८	सबै
अनुगमन, समन्वय, सम्परीक्षण र सहयोग	वटा	१८	१८	१८	१८	१८	१८	सबै

बालविकासका लागि प्रस्तावित कार्यक्रमहरु										
	लगानीको अनुमान (रु हजारमा)					वार्षिक भौतिक लक्ष्य				
प्रस्तावित कार्यक्रमहरु	२०२५/२६	२०२६/२७	२०२७/२८	२०२८/२९	२०२९/३०	२०२५/२६	२०२६/२७	२०२७/२८	२०२८/२९	२०२९/३०
	८२/८३	८३/८४	८४/८५	८५/८६	८६/८७	८२/८३	८३/८४	८४/८५	८५/८६	८६/८७
बा.वि.के.मा तोकिएका न्यूनतम मापदण्डहरुको कार्यान्वयन गर्ने	१८००	१८००	१८००	१८००	१८००	१८	१८	१८	१८	१८
मापदण्ड बमोजिमको बालमैत्री WASH (Water, Sanitation and Hyegine) सुविधा सहितका पूर्वाधार संरचनाको विकास	९००	९००	९००	९००	९००	१८	१८	१८	१८	१८
दिवा खाजा कार्यक्रम (@२००*२५)	३९५०	४३००	४६९०	५११०	५५६५	१८	१८	१८	१८	१८
बालबालिकाको सर्वाङ्गीण विकास र सिकाइको लागि मापदण्ड विकास गरी कार्यान्वयन गर्ने	१८	१८	१८	१८	१८	१८	१८	१८	१८	१८
बालविकास सिकाइ केन्द्रहरुलाई उनीहरुको कार्यक्षमता र दक्षताको आधारमा प्रोत्साहित गर्ने	१०	१०	१०	१०	१०	५	५	५	५	५
विभिन्न प्रकारका अपाङ्गता भएका बालबालिकालाई सहयोग	१८	१८	१८	१८	१८	१८	१८	१८	१८	१८
पालिका तहको स्वास्थ्य केन्द्रहरुमार्फत वार्षिक रूपमा बालबालिकाको स्वास्थ्य जाँच गर्ने साथै बालबालिकामा अपाङ्गता परीक्षण गरी पहिचान गर्ने (Assement and identification of disabilities)	१८	१८	१८	१८	१८	१८	१८	१८	१८	१८

ECED सहयोगी कार्यकर्ता/शिक्षकको तलव भत्ता	८५९२	८५९२	८५९२	८५९२	८५९२	१८	१८	१८	१८	१८
ECED सहयोगी कार्यकर्ता/शिक्षकका लागि पोशाक भत्ता	१८०	१८०	१८०	१८०	१८०	१८	१८	१८	१८	१८
ECED कक्षाका सहयोगीहरुका लागि तलव/भत्ता	४२९६	४२९६	४२९६	४२९६	४२९६	१८	१८	१८	१८	१८
ECED कक्षाहरुका सामग्री र सिकाइ कुनाका लागि बजेट अनुदान	१८	१८	१८	१८	१८	१८	१८	१८	१८	१८
ECED कक्षाहरुका सिकाइ सामग्री र विद्युतीय सिकाइ सामग्रीका लागि बजेट अनुदान	१८	१८	१८	१८	१८	१८	१८	१८	१८	१८
ECED कक्षामा अध्ययनरत तोकिएका अति विपन्न र लक्ष्यित समुदायका बालबालिकाको सुविधाका लागि बजेट अनुदान	१८	१८	१८	१८	१८	१८	१८	१८	१८	१८
जम्मा बजेट (लाखमा)	**१९८.३६**	**२०१.८६**	**२०५.७६**	**२०९.९६**	**२१४.५१**					

- *दिवा खाजाको लागि रू. २५ प्रतिविद्यार्थी प्रतिदिन, वार्षिक २०० दिन अनुमान गरिएको छ ।*

३.२ आधारभूत शिक्षा

आधारभूत शिक्षा भन्नाले बालविकास कक्षादेखि ८ कक्षासम्मको शिक्षालाई बुझाउँछ । आधारभूत शिक्षाले बालबालिकाको सर्वाङ्गीण विकास गुणस्तरीय जीवन यापन र सामाजिक समायोजनमा सहयोग पुग्दछ। यसले व्यक्तिलाई जीवनपर्यन्त सिकाइको मार्ग प्रशस्त गरी मुलुकका सामाजिक र आर्थिक रूपान्तरणमा सहभागी हुने अवसर प्रदान गर्दछ। नेपालको संविधानले आधारभूत शिक्षालाई व्यक्तिको मौलिक अधिकारको रूपमा लिएको हुनाले यस तहलाई समतामूलक पहुँच पुर्याई व्यक्तिको मौलिक अधिकारको रूपमा लिएको छ। यस तहको शिक्षामा गुणस्तर सुनिश्चित गर्ने दायित्व सरकारको हो। नेपालको संविधानले प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँच, अनिवार्य र निःशुल्क पाउने हकको व्यवस्था गरेको छ। अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५, अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी नियमावली २०७७ ले यस तहको शिक्षा प्रदान गर्ने दायित्व संघ, प्रदेश र स्थानीय तहको हुने र आधारभूत तहका सबै बालबालिकालाई विद्यालय पठाउन प्रत्येक नागरिकको कर्तव्य हुनेछ। यस तहको शिक्षालाई स्थानीय तहको एकल अधिकार, संघ/प्रदेशको पनि दायित्व रहेको छ। आधारभूत शिक्षा अन्तरगत बालविकास कक्षादेखि कक्षा ८ सम्मको शिक्षामा पहुँच साथै गुणस्तर तथा व्यवस्थापकीय प्रबन्धको व्यवस्था हुनेछ। यस गाउँपालिकाको वर्तमान अवस्थाको शिक्षा क्षेत्रको समीक्षाको आधारमा चुनौतीहरु पहिचान गरी आगामी ५ वर्षको लागि यस तहको शिक्षा विकासको उद्देश्य, रणनीति, नतीजा, प्रमुख क्रियाकलापहरु तथा लक्ष्य उल्लेख गरिएको छ।

३.२.१ वर्तमान अवस्था

यस गाउँपालिकामा जम्मा ३० वटा विद्यालयमध्ये१८ वटा सामुदायिक विद्यालय रहेका छन् जसमध्ये ११ विद्यालय आधारभूत तहसम्म सञ्चालित छन् । यस तहको शिक्षाको पहुँचमा आर्थिक, सामाजिक अवस्थाका कारणले केही असमानता रहेका छन्। विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री र संरक्षित बनाउन थप प्रयास आवश्यक छन् ।

हल्दीबारी गाउँपालिकाभित्र अध्ययन गर्ने बालबालिकाको विकास तथा सिकाइलाई प्रभावित पार्न पोषण स्वास्थ्य सरसफाई, दिवा खाजा जस्ता सेवालाई सुधार गर्दै अगाडि बढ्नु पर्ने आवश्यकता रहेको छ। पेसागत रूपमा सक्षम र योग्य शिक्षको अपर्याप्तता, विद्यालय नेतृत्व र व्यवस्थापनमा भएको समस्याले पनि आधारभूत शिक्षाको पहुँच र गुणस्तर व्यवस्थापनमा असर परेको देखिन्छ। यस तहमा विद्यालय छाड्ने, कक्षा दोहोर्याउने जस्ता कारणले यो तह पूरा गर्ने दरमा अपेक्षित सुधार हुन नसकिरहेको अवस्थालाई मध्यनजर गर्दै यस तहको आन्तरिक सक्षमतामा सुधार गर्नुपर्ने देखिन्छ। यस गाउँपालिकाको आधारभूत तह (१-५) को सहजै देखिने भर्नादर ११३.३३ प्रतिशत, आधारभूत तह (१-५) को खुद भर्नादर १०२.२ प्रतिशत, आधारभूत तह (१-८) को सहजै देखिने भर्नादर ११७.१ प्रतिशत, आधारभूत तह (१-८) को खुद भर्नादर १०२.५ प्रतिशत रहेको छ। खुद भर्नादर १०० भन्दा बढी नहुनुपर्ने हो तर हल्दीबारी गाउँपालिकाभित्रबाट पालिका बाहिर अध्ययन गर्न जाने बालबालिका र यस पालिकाबाहिरबाट यस पालिकाभित्रका विद्यालयमा अध्ययन गर्न आउने बालबालिकाहरुको भिन्दाभिन्दै तथ्याङ्क विवरण राखी तुलना गर्दा वास्तविक वस्तुस्थिति देखिन आउने हुन्छ । यस गाउँपालिकामा २,५४० विद्यार्थी सामुदायिक विद्यालयमा र ३,०५६ विद्यार्थी संस्थागत विद्यालयमा अध्ययनरत छन्। सबै बालबालिकालाई सामुदायिक विद्यालयमा ल्याउन सामुदायिक विद्यालयको भौतिक, व्यवस्थापकीय पक्ष लगायत समग्र गुणस्तरमा सुधार गर्नुपर्ने देखिन्छ।

३.२.१ उद्देश्य

१. आधारभूत शिक्षालाई समसामयिक प्रविधि मैत्री बनाउन आवश्यक पूर्वाधारको विकास तथा व्यवस्थापन गर्नु।
२. आधारभूत तहको शिक्षामा सबै बालबालिकाको समतामूलक पहुँच सुनिश्चित गर्नु।
३. आधारभूत शिक्षा पूरा गरेका सबै बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि हासिल हुने अवस्था सुनिश्चित गर्नु।
४. आधारभूत विद्यालयहरुको भौतिक तथा शैक्षिक वातावरण सुधार गर्नु।
५. आधारभूत विद्यालयमा बालमैत्री, समावेशी र सुरक्षित वातावरण बनाउनु।

३.२.३ रणनीति

१. विद्यालय शिक्षालाई सूचना तथा सञ्चार प्रविधिलगायतको प्रविधिको प्रयोग गरी सहज र उपयोगी बनाउने कार्यलाई व्यवस्थित रूपमा विस्तार गर्ने।
२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्न गाउँपालिकाले थप आवश्यक मापदण्ड तर्जुमा गरी आवश्यक स्रोतको व्यवस्था मिलाउने।
३. सङ्घीय सरकारको मापदण्ड अनुसार हल्दीबारी गाउँपालिकाले आवश्यक समन्वय गरी प्रभावकारी विद्यालय नक्साङ्कनमार्फत सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयलाई शिक्षक दरबन्दी पुनःवितरण तथा समायोजन गर्ने।
४. आधारभूत तहमा न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइको लागि शिक्षकलाई प्रधानाध्यापक र प्रधानाध्यापकलाई स्थानीय तहप्रति जवाफदेही हुने प्रणाली विकास गर्ने।
५. विद्यालय बाहिर रहेका सबै बालबालिकाको यथार्थ विवरण सङ्कलन गरी पहुँच सुनिश्चित गर्न आवासीय सुविधा सहित वैकल्पिक शिक्षाको व्यवस्था गरिने।
६. हल्दीबारी गाउँपालिका भित्रका सबै आधारभूत विद्यालयमा खानेपानी, शौचालय तथा सरसफाइका उचित प्रबन्धसहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गरी बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गर्नेः।
७. न्यूनतम सक्षमता हासिल गराउन कक्षागत रूपमा १–५, ६–८, ९–१० र ११–१२ कक्षासम्म वार्षिक रूपले ५ वर्ष सम्म गाउँपालिकाले सङ्घीय र प्रदेश सरकारसँग समन्वय गर्ने।
८. शिक्षक तथा प्रधानाध्यापकहरुको क्षमता विकास, उत्प्रेरणा र व्यवस्थापन तथा सूचना सञ्चार प्रविधिसँग परिचित हुने तालिम, भ्रमण, परामर्श गराइ शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने।
९. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदाधिकारीहरुको क्षमता निकास र अभिभावक अभिमुखीकरण गर्ने।
१०. विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार गर्न स्थानीय स्वास्थ्य एकाइ तथा स्थानीय तहले विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम स्वास्थ्य संस्थाको सहकार्यमा सञ्चालन गर्ने।
११. विद्यार्थीलाई विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श उपलब्ध गराइने।
१२. स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्ध गरी हरेक विद्यालयमा चमेना गृहको व्यवस्था गर्ने।

१३. **Comprehensive School Safety Framework (CSSF)** लागु गर्ने। यसको अलवा आवश्यक सहकार्य गरी विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारी लगायतको परिस्थितिप्रति उत्थानशील (**Resilient**) बनाउन योजना तयार गरी कार्यान्वयनमा लैजाने।

१४. सङ्घीय सरकारले शिक्षाको न्यूनतम योग्यता र तयारीको मापदण्ड तथा विद्यार्थी शिक्षक अनुपात लगायत शिक्षक दरबन्दीका आधारको पुनरावलोकन गरी स्थानीय तहको लागि दरवन्दी निर्धारण गरिने छ र स्थानीय तहले आवश्यकताअनुसार शिक्षक दरबन्दी पुनर्वितरण तथा समायोजन गर्ने।

१५. निश्चित अन्तरालमा विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गरी जवाफदेहिता सुनिश्चित तथा सुधारका क्षेत्र पहिचान गर्ने।

१६. मूल्याङ्कनलाई स्तरीय, मर्यादित र युक्तिसंगत बनाउन एकीकृत प्रणाली अपनाइनेछ जसका लागि सफ्टवेयरको विकास गरी कक्षागत तथा तहगत विश्लेषणको व्यवस्था मिलाउने।

३.२.४ प्रमुख उपलब्धि तथा नतीजा

उपलब्धि

१. आधारभूत तहको शिक्षामा सबै बालबालिकाहरुको समतामूलक पहुँच र सहभागिता सुनिश्चित भएको हुनेछ।
२. आधारभूत शिक्षा पूरा गरेका सबै बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका हुनेछन्।
३. आधारभूत तहका विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित भएका हुनेछन्।

प्रमुख नतीजा

१. आधारभूत तहको (८) को खुद भर्नादर शत प्रतिशत पुगेको हुनेछ।
२. आधारभूत तहको औसत सिकाइ उपलब्धि हालको स्तरमा कम्तीमा ३ अङ्कले वृद्धि भएको हुनेछ ।
३. सुरक्षित र बालमैत्री कक्षाकोठाको निर्माण भएको हुनेछ।
४. आधारभूत तहमा कक्षागत र विषयगत शिक्षकको व्यवस्था भएको हुनेछ।

३.२.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

मुख्य क्रियाकलापहरु	एकाइ	भौतिक लक्ष्य (५ वर्ष)					जम्मा
		पहिलो	दोस्रो	तेस्रो	चौथो	पाचौँ	
विद्यालय नक्साङ्कन, पुनर्वितरण र समायोजन	वटा	०	१	१	१	०	३
आधारभूत तहमा शिक्षक दरबन्दी मिलान	आवश्यकता अनुसार	निरन्तर					
विद्यालय कर्मचारीको पारिश्रमिक व्यवस्थापन	आवश्यकता अनुसार	निरन्तर					

शिक्षक तथा कर्मचारीलाई आइसिटी तालिम तथा ल्यापटपको व्यवस्था	जना	५०	५०	५०	५०	५०	२५०
आधारभूत तहमा विद्यार्थी भर्ना अभियान	वटा	१	१	१	१	१	५
विद्यालयमा भौतिक पूर्वाधार विकास कार्यक्रम	वटा	३	३	४	४	४	१८
अभिभावक शिक्षा कार्यक्रम सञ्चालन	वटा	५	५	५	५	५	२५
विद्यालयको कार्यसम्पादन परीक्षण	पटक	०	११	०	०	०	११
विद्यार्थी सिकाइ उपलब्धि लेखाजोखा	पटक	१	१	१	१	१	५
प्रकोप, सङ्कट, महामारी, नैतिक शिक्षा र अनुशासन सम्बन्धी तालिम	वटा	३	३	४	४	४	१८
विद्यालयमा स्वास्थ्य तथा पोषण, दिवा खाजाको प्रबन्ध	विद्यालय	१८	१८	१८	१८	१८	सबै
छात्रवृत्ति, निःशुल्क पाठ्यपुस्तक वितरण र शैक्षिक सामग्री वितरण	विद्यालय	१८	१८	१८	१८	१८	सबै
कक्षा ५ र ८ मा स्तरीकृत परीक्षा सञ्चालन र व्यवस्थापन	पटक	०	१	०	०	१	२
वि.व्य.स., शि.अ.सं लगायतको क्षमता अभिवृद्धि कार्यक्रम	जना	१८	१८	१८	१८	१८	९०
यातायातको साधन प्रयोग गरी विद्यार्थीहरुलाई विद्यालयमा ल्याउने (मर्जको अवस्था)	वटा	०	१	०	१	०	२
विद्यालय अनुगमन, मूल्याङ्कन, पृष्ठपोषण	वटा	१८	१८	१८	१८	१८	सबै

आधारभूत तहका लागि प्रस्तावित कार्यक्रमहरु					
प्रस्तावित कार्यक्रमहरु	लगानीको अनुमान (रु हजारमा)				
	२०२५/२६	२०२६/२७	२०२७/२८	२०२८/२९	२०२९/३०
	८२/८३	८३/८४	८४/८५	८५/८६	८६/८७
आधारभूत तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षकको लागि तलव भत्ता अनुदान	९६४१५	९६४१५	९६४१५	९६४१५	९६४१५
आधारभूत तह ६-८ कालागि थप 8 वटा नयाँ शिक्षक दरबन्दी सिर्जना गर्ने वा सो बराबरको शिक्षण सिकाइ बजेट अनुदान प्रदान गर्ने	५२००	५२००	५२००	५२००	५२००
आधारभूत तह कक्षा (६देखि ८) मा अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान	१०१५	१०१५	१०१५	१०१५	१०१५
सामुदायिक आधारभूत तह (कक्षा १-८) विद्यालयहरुमा कार्यरत कर्मचारी र साहयक कर्मचारीहरुका लागि तलव भत्ता (पोशाक भत्ता सहित)	२८६०	२८६०	२८६०	२८६०	२८६०
सामुदायिक आधारभूत तह (कक्षा १-८) विद्यालयहरुका लागि व्यवस्थापन/सञ्चालन खर्च (शिक्षण सिकाइ समाग्री, कम्तीमा १ सेट पाठ्यक्रम, शिक्षक निर्देशिका र Book corner समेतका लागि)	१४२४	१४२४	१४२४	१४२४	१४२४
आधारभूत तह (कक्षा १-८) का लागि प्र.अ.भत्ता	२८६	२८६	२८६	२८६	२८६
आधारभूत विद्यालय (कक्षा १-८) का लागि सञ्चालन र व्यवस्थापन बापत एकमुष्ठ अनुदान (SIP निर्माण/अद्यावधिक, SMC का सदस्यहरुको क्षमता विकास, अभिभावक शिक्षा, अतिरिक्त क्रियाकलाप, सामाजिक परीक्षण, EMIS व्यवस्थापन, School report card विकास र प्रयोग, School bulletin प्रकाशन, आदिका लागि)	२७४०	२७४०	२७४०	२७४०	२७४०
विद्यालयको कार्यसम्पादन परीक्षण	०	५५०	०	०	०
आधारभूत तह (कक्षा १-५) सन्चालित परम्परागत धार्मिक विद्यालय: गुरुकुल/विद्यापीठ का लागि बजेट अनुदान	१२००	१२००	१२००	१२००	१२००
सामुदायिक विद्यालयका विद्यार्थीहरुका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान (स्थानीय विषय तथा मातृभाषाको समेत)	४०००	४०००	४०००	४०००	४०००
पालिका तहको स्वास्थ्य केन्द्रहरुसँगको समन्वयमा विद्यालय स्वस्थ्य कार्यक्रम सञ्चालन अनुदान	२२०	२२०२	२२०	२२०	२२०
आधारभूत तह स्थानीय पाठ्यपुस्तक निर्माण तथा छपाइ	१२१०	१२१०	१२१०	१२१०	१२१०
आधारभूत तह (कक्षा १-५) का बालबालिकाका लागि दिवा खाजा व्यवस्थापन र सञ्चालन अनुदान	७५०२	७५०२	७५०२	७५०२	७५०२
विपन्न लक्ष्यित छात्रवृत्तिका लागि छनोट भएका विद्यार्थीका लागि छात्रवृत्ति	५००	५००	५००	५००	५००

विभिन्न अपाङ्गता भएका विद्यार्थीहरुलाई थप सुविधा बापतको बजेट अनुदान	५००	५००	५००	५००	५००
सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रवृत्ति (आवासीय तथा गैरआवासीय)	१०००	१०००	१०००	१०००	१०००
कक्षा ६-८ का छात्राहरुलाई Sanitary Pad वितरण बापतको बजेट अनुदान	१४५३	१४५३	१४५३	१४५३	१४५३
विद्यालयहरुमा ICT lab स्थापना र ICT learning materials व्यवस्थापन बापतको बजेट अनुदान	५०००	५०००	५०००	५०००	५०००
शुन्य दरबन्दी भएका विद्यालयहरुलाई एकमुष्ठ बजेट अनुदान	१००००	१००००	१००००	१००००	१००००
आधारभूत तहको अन्तिम परीक्षा (कक्षा ८) व्यवस्थापन र सञ्चालन बापत स्थानीय तहलाई बजेट अनुदान	५००	५००	५००	५००	५००
आधारभूत तहको जम्मा बजेट (लाखमा)	**१४३०.२५**	**१४५५.५७**	**१४३०.२५**	**१४३०.२५**	**१४३०.२५**

३.३ माध्यमिक शिक्षा

नेपालको संविधानले माध्यमिक शिक्षा निःशुल्क प्राप्त गर्ने हक प्रत्याभूत गरेको छ । नेपालको संविधानले माध्यमिक विद्यालय तहको शिक्षालाई स्थानीय तहका अधिकार क्षेत्रभित्र रहने व्यवस्था गरेको छ । माध्यमिक तहको शिक्षा कामको संसारमा प्रवेश गर्न सक्ने सिप सहितको नागरिक विकास तथा उच्च शिक्षाका लागि तयारीको आधार हो । राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले विद्यालय शिक्षालाई आधारभूत तह र माध्यमिक तह गरी विभाजन गरेको छ । यसले प्रारम्भिक बालकक्षादेखि कक्षा ८ सम्मलाई आधारभूत शिक्षा र ९-१२ लाई माध्यमिक शिक्षा हुने गरी पाठ्यक्रम तयार गरेको छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले गुणस्तरीय माध्यमिक शिक्षामा सबैको पहुँच निःशुल्क हुने व्यवस्था उल्लेख गरेको छ । विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति २०७६ ले विद्यालय तहदेखि परम्परागत मौलिक ज्ञान प्रविधि तथा सिपको बारेमा अध्ययन गरी वैज्ञानिक चिन्तन तथा सिर्जनशील अभिवृद्धि गर्ने रणनीति लिएको छ । वर्तमान व्यवस्था अनुसार माध्यमिक तहमा साधारण र प्राविधिक गरी २ धारमा शिक्षालाई व्यवस्थापन गरेको छ । प्राविधिक धारका विद्यालयहरु कक्षा ९देखि सञ्चालन हुने नीतिगत व्यवस्था छ । संविधानले प्रदत्त गरेको शिक्षाका अधिकारलाई सुनिश्चित गर्न स्थानीय तहले शैक्षिक नीति तथा योजना निर्माण गर्न अपरिहार्य भएको छ ।

३.३.१ वर्तमान अवस्था

हल्दीबारी गाउँपालिकाभित्र जम्मा १३ वटा माध्यमिक विद्यालयहरु सञ्चालनमा रहेका छन् । यीमध्ये ६ वटा सामुदायिक विद्यालय र ७ वटा संस्थागत विद्यालय रहेका छन् । प्राविधिक धार तर्फ १ विद्यालयमा बाली विज्ञान (कृषि) पढाइ हुँदै आएको छ । गाउँपालिकाभित्रको तथा आसपासका गाउँपालिकाका विद्यार्थीहरु पठनपाठनको लागि यहाँका विद्यालयहरुमा आउने गर्दछन् । माध्यमिक तहमा अध्ययनरत विद्यार्थीको सङ्ख्या १६५७ जना रहेका छन् । माध्यमिक तह ९देखि १२ को खुद भर्नादर ६५.७% रहेको छ । माध्यमिक तहमा कुल २० जना शिक्षक दरबन्दी रहेका छन् र २ वटा अनुदानमा रहेको छ । माध्यामिक तहको उत्तीर्ण दर राम्रै रहेको छ । सिकाइ उपलब्धिमा हालको भन्दा पाँच अङ्कले वृद्धि गरिनेछ ।

३.३.२ उद्देश्य

१. माध्यमिक तहको शिक्षामा सबै बालबालिकाहरुको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु,
२. माध्यमिक शिक्षा पूरा गरेका सबै बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि हासिल हुने अवस्था सुनिश्चित गर्नु,
३. माध्यमिक विद्यालयहरुको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी, प्रविधिमैत्री र सुरक्षित बनाउनु,

३.३.३ रणनीति

१. विद्यालयको सूचना प्रविधिको विस्तार गरी शिक्षणलाई सहयोग गर्ने,
२. विद्यालयको वास्तविक अवस्था र नक्साङ्कन गरी सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयको पुनर्वितरण तथा समायोजन गर्ने,
३. सङ्घीय र प्रादेशिक सरकारसँग सहयोग, समन्वय र सहकार्य गरी माध्यमिक विद्यालयको क्षमता विकास गर्ने,
४. अति गरिब र विपन्न विद्यार्थीहरुको लागि प्रोत्साहनमूलक कार्यक्रमहरुको व्यवस्था गर्ने,
५. सङ्घीय र प्रादेशिक सरकारसँग सहयोग, समन्वय र सहकार्य गरी शिक्षकहरुलाई पेसागत र पुनर्ताजगी तालिमको व्यवस्था गर्ने,

६. सिकाइ उपलब्धि कम भएका विद्यालयहरुमा अतिरिक्त कक्षा सञ्चालन गर्ने,
७. जीवन उपयोगी सिकाइसँग जोडेर विद्यार्थी मूल्याङ्कन प्रणालीको व्यवस्थापन गर्ने,
८. सबै माध्यमिक विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गर्ने,
९. माध्यमिक तहमा दक्ष विषयगत शिक्षकको व्यवस्था गर्ने,
१०. गणित, विज्ञान र अङ्ग्रेजी विषयहरुलाई दैनिक जीवनसँग जोडेर विद्यार्थी, अभिभावक र शिक्षकमा सहज अनुभूति हुने गरी वातावरण तयार गर्ने,
११. सूचना प्रविधिको अधिकतम उपयोग गर्दै स्टिम (STEM) का अवधारणा अनुसार शिक्षण क्रियाकलाप सञ्चालन गर्ने,
१२. सक्षम र नेतृत्वदायी प्रधानाध्यापकको व्यवस्था गर्ने,
१३. आपत्कालीन परिस्थितिमा शिक्षण कार्य सञ्चालनका लागि विद्यार्थी, शिक्षक र अभिभावकको क्षमताको विकास गर्ने,
१४. सङ्घीय र प्रादेशिक सरकारको सहयोगमा विद्यालय कर्मचारीको दरबन्दी सिर्जना गर्ने,
१५. विद्यार्थीको अतिरिक्त तथा सहक्रियाकलाप (संगीत, नृत्य, गायन, खेलकुद आदि) को स्तरोन्नति गर्न शिक्षक व्यवस्थापन गर्ने,
१६. विद्यालय अनुगमन, कक्षा अवलोकन, सुपरिवेक्षण र शिक्षक सहायता जस्ता कार्यलाई प्रभावकारी बनाउने,
१७. योजना अवधिमा तोकिएको मापदण्ड र सूचकहरुको आधारमा कम्तीमा १ पटक सबै विद्यालयहरुको कार्यसम्पादन परीक्षण गर्ने,
१८. विद्यालय सुधार योजना, शैक्षणिक योजना, वार्षिक कार्यतालिका निर्माण र प्रयोग जस्ता विषयमा क्षमता अभिवृद्धि गरी शिक्षकका कार्य सम्पादन, कार्यको प्रभावकारिता र जवाफदेहितामा वृद्धि गर्ने,
१९. हाल सञ्चालनमा रहेको प्राविधिक धारका विद्यालयको उचित व्यवस्थापन गर्दै आवश्यकता आधारमा स्थान अनुसार थप विषयहरु सञ्चालन गर्दै जाने,
२०. विद्यालयमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षणको साथ जङ्क फुड (पत्रु खाना) को प्रयोगलाई निषेध गरी रैथाने खाद्य (स्थानीय) पदार्थको प्रयोग गरी विद्यार्थीका पोषण तथा स्वास्थ्यमा गुणात्मक सुधार गरी व्यवहारमा परिवर्तन गर्ने

३.३.४ प्रमुख उपलब्धि तथा नतीजा

उपलब्धि

१. माध्यमिक तहको शिक्षामा सबै बालबालिकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित भएको हुनेछ ।
२. माध्यमिक शिक्षा पूरा गरेका सबै बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका हुनेछन् ।
३. माध्यमिक विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी, प्रविधिमैत्री र सुरक्षित भएको हुनेछ ।

नतीजा

१. माध्यमिक तहको समग्रमा खुद भर्नादर ८० प्रतिशत, जसमध्ये (९-१०) को खुद भर्नादर ९० प्रतिशत र (११-१२)

को पुगेको हुनेछ।

२. माध्यमिक तहको औसत सिकाइ उपलब्धिमा हालको भन्दा पाँच अङ्कले वृद्धि भएको हुनेछ।
३. सुरक्षित र बालमैत्री कक्षाकोठाको निर्माण भएको हुनेछ।
४. माध्यमिक तहमा कक्षागत र विषयगत शिक्षकको व्यवस्थापन भएको हुनेछ।
५. योजना अवधिमा कम्तीमा १ पटक सबै विद्यालयहरुको कार्यसम्पादन परीक्षण भएको हुनेछ।

नतीजा तथा परिमाणात्मक लक्ष्य

सि.नं.	सूचक	आधार वर्ष (२०८१/८२)	२०८२/८३	२०८३/८४	२०८४/८५	२०८५/८६	२०८६/८७
१.	माध्यमिक तह (कक्षा ९-१०) मा भर्ना भएका विद्यार्थी सङ्ख्या	११३९	११५२	११६५	११७८	११९१	१२०५
२.	माध्यमिक तह (कक्षा ११-१२) मा भर्ना भएका विद्यार्थी सङ्ख्या	५१८	५२५	५३३	५४०	५४७	५५५
३.	विज्ञान विषयमा अध्ययनरत विद्यार्थी सङ्ख्या	४	१५	२५	३०	३५	४०

३.३.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

क्र.स.	प्रमुख क्रियाकलापहरु	एकाइ	भौतिक लक्ष्य (५ वर्ष)					
			१	२	३	४	५	जम्मा
१.	मापदण्ड अनुसार शिक्षक व्यवस्थापन	जना	३	३	३	३	२	१४
२.	विद्यालयको न्यूनतम भौतिक पूर्वाधार विकास	वटा	२	१	१	१	१	६
३.	शिक्षक क्षमता विकास	जना	२५	२८	३१	३४	३६	सबै
४.	विद्यालय कर्मचारीको पारिश्रमिक व्यवस्थापन	जना	१	१	१	१	१	५
५.	शिक्षक कर्मचारीलाई आइसिटी तालिम तथा ल्यापटपको व्यवस्था	जना	१२	१२	१२	१२	१२	६०
६.	प्र.अ. तथा शिक्षक	जना	१२	१२	१२	१२	१२	६०
७.	पेसागत तालिम	वटा	६	०	०	६	०	सबै
८.	विद्यालयको कार्यसम्पादन परीक्षण	पटक	०	०	१	०	०	१
९.	विद्यार्थी सिकाइ उपलब्धि लेखाजोखा	पटक	६	०	०	०	०	सबै
१०.	बाल क्लव, जु.रे.स, स्काउट आदिको गठन	जना	५	५	५	५	५	२५

११.	उत्कृष्ट शिक्षक, विद्यार्थी, कर्मचारी, वि.व्य.स. पदाधिकारी सम्मान तथा पुरस्कारको व्यवस्था गर्ने	पटक	१	१	१	१	१	५
१२.	प्रकोप, सङ्कट, दुर्घटना, माहामारी, नैतिक शिक्षा र अनुशासन सम्बन्धी तालिम	वटा	६	६	६	६	६	सबै
१३.	विद्यालयमा स्वास्थ्य तथा पोषण कार्यक्रम सञ्चालन	जना	१६५७	१६७७	१६९८	१७१८	१७३८	सबै
१४.	छात्रवृत्ति, निःशुल्क पाठ्यपुस्तक वितरण र शैक्षिक सामग्री वितरण	पटक	१	१	१	१	१	५
१५.	माध्यमिक शिक्षा परीक्षा व्यवस्थापन सहयोग	पटक	१	१	१	१	१	५
१६.	वि.व्य. स., शि. अ. संघ लगायतको क्षमता अभिवृद्धि कार्यक्रम	पटक	१	१	१	१	१	५
१७.	अभिभावक शिक्षा कार्यक्रम	वटा	१	१	१	१	१	निरन्तर
१८.	यातायातको साधन प्रयोग गरी विद्यार्थीहरुलाई विद्यालयमा ल्याउने (मर्जको अवस्था)	वटा	६	६	६	६	६	सबै
१९.	वार्षिक परीक्षा सञ्चालन	वटा	६	६	६	६	६	सबै
२०.	शिक्षासग सिप कार्यक्रम	वटा	६	६	६	६	६	सबै
२१.	विद्यालय सहयोग कार्यक्रम	वटा	६	६	६	६	६	सबै
२२.	सूचना र ब्रोसर प्रकाशन	वटा	६	६	६	६	६	सबै
२३.	स्थानीय पाठ्यक्रम र स्रोत पुस्तक वितरण	वटा	६	६	६	६	६	सबै
२४.	नियमित प्र.अ. बैठक	पटक	१०	१०	१०	१०	१०	५०
२५.	लेखा तालिम	पटक	१	१	१	१	१	५

माध्यमिक तहका लागि प्रस्तावित कार्यक्रम										
प्रस्तावित कार्यक्रमहरु	लगानीको अनुमान (रु. हजारमा)					वार्षिक भौतिक लक्ष्य				
	२०२५/२६	२०२६/२७	२०२७/२८	२०२८/२९	२०२९/३०	२०२५/२६	२०२६/२७	२०२७/२८	२०२८/२९	२०२९/३०
	८२/८३	८३/८४	८४/८५	८५/८६	८६/८७	८२/८३	८३/८४	८४/८५	८५/८६	८६/८७
माध्यमिक तहसम्म सञ्चालित विद्यालयको सङ्ख्या	-	-	-	-	-	६	६	६	६	६
सामुदायिक माध्यमिक विद्यालयमा (कक्षा ९-१२) स्वीकृत र राहत दरबन्दीमा कार्यरत शिक्षकका लागि तलव भत्ता	२३८४६	२६२३१	२८८५४	३१७४०	३४९१४	२५	२८	३१	३४	३६
माध्यमिक तह (कक्षा ९-१२) का लागि प्र.अ.भत्ता	१५०	१५०	१५०	१५०	१५०	६	६	६	६	६
सामुदायिक माध्यमिक तह (कक्षा १-१० र १-१२) विद्यालयमा कार्यरत कर्मचारी र साहयक कर्मचारीका लागि तलव भत्ता (पोशाक सहित)	७९२०	८७१२	९५८३	१०५४२	११५९६	१८	१८	१८	१८	१८
माध्यमिक विद्यालय (कक्षा १-१२) का लागि सञ्चालन र व्यवस्थापन बापत एकमुष्ठ अनुदान (SIP निर्माण/अद्यावधिक, शिक्षण सिकाइ सामग्री, कम्तीमा १/१ सेट पाठ्यक्रम र शिक्षक निर्देशिका, Book Corner, इन्टरनेट सुविधा, शुद्ध पिउने पानी, विद्युत महसुल, आदि)	६००	६००	६००	६००	६००	६	६	६	६	६
माद्यमिक विद्यालय (कक्षा १-१२) का लागि एकमुष्ठ अनुदान (SIP निर्माण/अद्यावधिक, SMC का सदस्यहरुको क्षमता विकास, अभिभावक शिक्षा, अतिरिक्त क्रियाकलाप, सामाजिक परीक्षण, EMIS व्यवस्थापन, School report card विकास र प्रयोग, School bulletin प्रकाशन, आदिका लागि)	१८००	१८००	१८००	१८००	१८००	६	६	६	६	६
माध्यमिक तहका विद्यालयहरुको कार्यसम्पादन परीक्षण	०	०	४५०	०	०	०	०	१	०	०
माध्यमिक तह (कक्षा ९-१०) का लागि पाठ्यपुस्तक खरिद र वितरण अनुदान	१५००	१६००	१७००	१८००	१९००	११५२	११६५	११७८	११९१	१२०५

माध्यमिक तह (कक्षा ११-१२) का लागि पाठ्यपुस्तक खरिद र वितरण अनुदान (पाठ्यपुस्तकको सङ्ख्या पाठ्यक्रम ढाँचाले तोके अनुसार हुने)	९००	१०००	११००	१२००	१३००	५२५	५३३	५४०	५४७	५५५
माध्यमिक तहका विद्यार्थीहरुमध्ये (कक्षा ९-१०) अति विपन्न छात्रवृत्ति (Pro-poor targeted Scholarship) का लागि छनोट भएका विद्यार्थीहरुलाई छात्रवृत्ति वितरण	३००	३००	३००	३००	३००	६	६	६	६	६
माध्यमिक तहका विद्यार्थीहरुमध्ये (कक्षा ११-१२) अति विपन्न छात्रवृत्ति (Pro-poor targeted Scholarship) का लागि छनोट भएका विद्यार्थीहरुलाई छात्रवृत्ति वितरण	३००	३००	३००	३००	३००	६	६	६	६	६
कक्षा ९-१२ का छात्राहरुलाई Sanitary Pad वितरण बापतको बजेट अनुदान	१५००	१५००	१५००	१५००	१५००	६	६	६	६	६
माध्यमिक विद्यालय तहमा पुस्तकालय स्थापना र सञ्चालन बजेट अनुदान	३००	३००	३००	३००	३००	६	६	६	६	६
माध्यमिक विद्यालय तहमा विज्ञान प्रयोगशाला स्थापना र सञ्चालन बजेट अनुदान	१०००	१०००	१०००	१०००	१०००	६	६	६	६	६
माध्यमिक तहका विद्यालयमा ICT प्रयोगशाला स्थापना, सिकाइ सामग्री र सञ्चालन बजेट अनुदान	१०००	१०००	१०००	१०००	१०००	६	६	६	६	६
नमुना विद्यालय भौतिक विकास कार्यक्रम बजेट अनुदान	२०००	२०००	२०००	२०००	२०००	१	१	१	१	१
नमुना विद्यालयमा Master Plan कार्यान्वयन (पुस्तकालय व्यवस्थापन, ICT र विज्ञान प्रयोगशाला, समाग्री र किट्सहरु, आदि) का लागि बजेट अनुदान	१०००	१०००	१०००	१०००	१०००	१	१	१	१	१
प्र.अ.हरुका लागि कार्य सम्पन्नका आधारमा प्रोत्साहन र नमुना विद्यालयमा नियुक्त भएका शिक्षकहरुका लागि प्रोत्साहन बजेट अनुदान	५००	५००	५००	५००	५००	६	६	६	६	६
छात्रावास व्यवस्थापन बापत बजेट अनुदान	१०००	१०००	१०००	१०००	१०००	१	१	१	१	१

कक्षा ९-१२ मा प्राविधिक धार सञ्चालन भएका विद्यालयमा कार्यरत शिक्षक, प्रशिक्षक र सहायक प्रशिक्षकका लागि तलव र भत्ता बापतको बजेट अनुदान	५०००	५०००	५०००	५०००	५०००	१	१	१	१	१
कक्षा ९-१२ मा प्राविधिक धार सञ्चालन भएका विद्यालयमा प्रत्ति विद्यार्थी सिकाइ सामग्री, प्रयोगशाला सहयोग, औजार/सामग्री, प्रयोगात्मक सामग्री, OJT र सञ्चालन खर्च बापतको बजेट अनुदान	१५००	१५००	१५००	१५००	१५००	१	१	१	१	१
कक्षा ९-१२ मा प्राविधिक धार सञ्चालन भएका विद्यालयमा प्रयोगशाला व्यवस्थापन, औजार/सामग्री खरिद र व्यवस्थापन बापतको बजेट अनुदान	१०००	१०००	१०००	१०००	१०००	१	१	१	१	१
माध्यमिक तहको जम्मा बजेट (लाखमा)	**५३१.१६**	**५६४.९३**	**६०६.३७**	**६४२.३२**	**६८६.६**					

३.४ अनौपचारिक शिक्षा

औपचारिक पद्धतिभन्दा बाहिर फरक समयमा विभिन्न उमेर समूहमा दिइने शिक्षा नै अनौपचारिक शिक्षा हो। यो एउटा निरन्तर प्रक्रिया जस्तो पनि हो। औपचारिक शिक्षा प्रणालीको संरचना भन्दा बाहिर मानवजीवनका लागि आवश्यक ज्ञान, सिप र प्रक्रिया प्रशोधन गर्न जीवनपर्यन्त अर्थात् आजीवन सिकाइ प्रणाली अनौपचारिक शिक्षा हो। अनौपचारिक शिक्षा त्यस्तो सांस्कृतिक केन्द्र हो जहाँ सहभागीहरु आफ्ना जीवनमा आइपर्ने समस्याहरुको बारेमा छलफल र समाधानका उपायहरु खोजी निर्णय कार्यान्वयन गर्दैछन्। आफ्नो जीवनको इतिहास आफै लेख्छन्। तसर्थ सिकाइ जीवन पद्धतिसँग जोडिएको हुनेछ। अनौपचारिक एवम् आजीवन शिक्षाले समाजमा विद्यमान विभिन्न किसिमका समूहका लागि आफ्ना लक्ष्य बनाई सेवा प्रदान गर्दछ। निरक्षरका लागि साक्षरता र साक्षरका लागि साक्षरोत्तर सिकाइ अवसरका लागि स्तरवृद्धि शिक्षासँग सिप र आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक एवम् आजीवन शिक्षाले काम गर्दछ। संविधानले सुनिश्चित गरेको शिक्षा पाउने हक, राष्ट्रिय शिक्षा नीतिका सिद्धान्त, दिगो विकासको लक्ष्यमा समेत नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षासँग अनौपचारिक शिक्षा प्रणालीले समेत योगदान गर्दछ। विभिन्न सिकाइ अवस्थाको आधारमा थप सिकाइ अवसरको निर्माण गरी आजीवन सिकाइ संस्कृतिको विकास गर्न आवश्यक छ। यसका लागि अनौपचारिक तथा आजीवन सिकाइको पहुँचको विस्तार, गुणस्तर वृद्धि र संस्थागत क्षमताको विकास गर्नु पर्दछ। विद्यालय शिक्षा क्षेत्रको योजना २०७९-२०८८ ले अनौपचारिक शिक्षा र आजीवन सिकाइका लागि १० वर्षभित्र निरन्तर सिकाइमा संलग्न समाज एवम् सिकाइ संस्कृतिको प्रवर्द्धन गर्नेतर्फ लैजान्छ। स्थानीय तहको अनौपचारिक शिक्षा र आजीवन सिकाइको वर्तमान अवस्था विश्लेषणका धारमा समस्या एवम् चुनौतीहरुको पहिचान गर्दै चुनौतीहरुको सामना गर्न यसका उद्देश्य र नीतिहरु कार्यक्रम कार्यान्वयनबाट प्राप्त हुने प्रमुख नतीजा र प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु यस खण्डमा समावेश गरिएको छ।

३.४.१ वर्तमान अवस्था

यस कार्यक्रमले निरक्षरहरु विशेषतः १५देखि ६० वर्ष उमेर समूहका निरक्षरहरुलाई साक्षर बनाउने कार्यमा योगदान गर्दछ। यसका लागि विगतमा गाउँपालिकामा अनौपचारिक शिक्षातर्फका विभिन्न कार्यक्रमहरु सञ्चालनमा आएका थिए। यस कार्यक्रमले स्थानीय तहमा साक्षरताका कक्षा सञ्चालन गरी साक्षर हुनेलाई साक्षरोत्तर कार्यक्रम सञ्चालन गरिएका छन्। सामुदायिक सिकाइ केन्द्रहरुले अनौपचारिक शिक्षातर्फका कार्यक्रम सञ्चालन गर्ने व्यवस्था पनि गरियो तर यो कार्यक्रम जति प्रभावकारी हुन आवश्यक थियो त्यति प्रभावकारी हुन सकेन। हाल यस गाउँपालिकामा अनौपचारिक/वैकल्पिक र प्रौढ विद्यालय सञ्चालनमा छैनन्। राष्ट्रय जनगणना, २०७८ को तथ्याङ्क अनुसार यस गाउँपालिकामा १५-६० वर्षको उमेर समूहका निरक्षर जनसङ्ख्या ३०३७ रहेको देखिन्छ। यी जनसङ्ख्यालाई साक्षर बनाएर जीवनपर्यन्त सिकाइमा समावेश गर्नका निमित्त पनि यस पालिकामा एउटा सामुदायिक सिकाइ केन्द्र र खुला विद्यालय सञ्चालन हुन आवश्यक देखिन्छ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याई अनौपचारिक वैकल्पिक परम्परागत र खुला शिक्षाको माध्यमबाट आजीवन सिकाइ संस्कृतिका विकास गर्न, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिको लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवन पर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवन यापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्ने निर्धारण गरेको छ। यो कार्यक्रम तीन तहका सरकारको साझा अधिकार सूचीमा रहेकाले प्रदेश तहमा शिक्षा विकास

निर्देशनालयले अनौपचारिक तथा जीवनपर्यन्त शिक्षाको कार्यान्वयनमा समन्वय र सहजीकरण गर्दैछ भने स्थानीय तहहरुमा शिक्षा युवा तथा खेलकुद महाशाखा/शाखाहरुले अनौपचारिक तथा जीवनपर्यन्त शिक्षाको योजना निर्माण तथा कार्यान्वयनमा समन्वय र सहजीकरण गर्ने जिम्मेवारी रहेको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ। देश संघीय संरचनामा रूपान्तरण भए पश्चात अनौपचारिक तथा जीवनपर्यन्त सिकाइ व्यवस्थापनको जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएका तर यसका मर्म अनुसार कार्यसम्पादन हुन सकेकोदेखिदैन।

३.४.२ उद्देश्य

१. सबै नागरिकका लागि समावेशी तथा समतामूलक साक्षरता र आजीवन सिकाइका अवसर सुनिश्चित गर्ने
२. सामुदायिक सिकाइ केन्द्रमार्फत समुदायमा विभिन्न सिपमूलक तथा आयमूलक कार्यक्रमहरु सञ्चालन गर्ने

३.४.३ रणनीति

१. सामुदायिक सिकाइ केन्द्र स्थापना र सञ्चालन गर्ने।
२. सामुदायिक सिकाइकेन्द्र, विद्यालय, स्थानीय संघ संस्था, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक परिचालन गरी साक्षरता तथा साक्षरोत्तर कक्षाहरु सञ्चालन गर्ने।
३. सिकारुका आवश्यकता अनुसार तहगत पाठ्यक्रम, सिकाइ मोडुलहरु र भाषिक विविधता अनुरूपका सामग्रीको प्रयोग गर्ने।
४. सरोकारवालासँगको समन्वय, सहकार्य र साझेदारीमा अनौपचारिक प्रौढ विद्यालय, वैकल्पिक, खुला तथा परम्परागत विद्यालयको सुदृढीकरण गर्ने।
५. बहुउद्देश्यीय संयन्त्रका रूपमा सुदृढीकरण गरी समावेशी एवम् समतामा आधारित आजीवन सिकाइको थलोका रूपमा विकास गर्ने।
६. सामुदायिक सिकाइ केन्द्रमार्फत विभिन्न आयआर्जन तथा सिपमूलक कार्यक्रमहरु सञ्चालन गर्ने।
७. अनौपचारिक माध्यमबाट सिकिएका ज्ञान तथा सिपहरुको परीक्षण र प्रमाणीकरण गरी राष्ट्रिय योग्यता प्रारूपले गरेको व्यवस्था बमोजिम प्रमाणपत्रको व्यवस्था मिलाउने।

३.४.४ प्रमुख उपलब्धि तथा नतीजा

उपलब्धि

- सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र आजीवन सिकाइका अवसर प्राप्त हुनेछन्।

नतीजा तथा परिमाणात्मक लक्ष्य

क्र.स.	सूचक	आधार वर्ष (२०८१/८२)	२०८२/८३	२०८३/८४	२०८४/८५	२०८५/८६	२०८६/८७
१.	आधारभूत सुविधा सम्पन्न सामुदायिक सिकाइ केन्द्रको सङ्ख्या	०	१	१	१	१	१
२.	सामुदायिक पुस्तकालयको सङ्ख्या	०	१	१	१	१	१
३.	खुला विद्यालय	०	१	१	१	१	१

३.४.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

क्र.स.	प्रमुख क्रियाकलापहरु	एकाइ	भौतिक लक्ष्य (५ वर्ष)						भौतिक लक्ष्य (१० वर्ष)	कै
			१	२	३	४	५	जम्मा		
१.	निरक्षरहरुको तथ्याङ्क सङ्कलन तथा खण्डिकृत डाटा वेस तयारी	पटक	१	०	१	०	१	३		
२.	साक्षरता तथा साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन	कक्षा	०	१०	१०	१०	१०	४०		
३.	सामुदायिक सिकाइ केन्द्रको स्थापना र सञ्चालन	सङ्ख्या	१	१	१	१	१	१		
४.	खुला विद्यालय स्थापना र सञ्चालन	सङ्ख्या	१	१	१	१	१	१		
६.	आजीवन सिकाइका कार्यक्रम	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर		
७.	सामुदायिक सिकाइ केन्द्रमार्फत सञ्चालन	सङ्ख्या	१	१	१	०	०	३		

अनौपचारिक शिक्षाका लागि प्रस्तावित कार्यक्रम										
प्रस्तावित कार्यक्रमहरु	लगानीको अनुमान (रु. हजारमा)					वार्षिक भौतिक लक्ष्य				
	२०२५/२६	२०२६/२७	२०२७/२८	२०२८/२९	२०२९/३०	२०२५/२६	२०२६/२७	२०२७/२८	२०२८/२९	२०२९/३०
	८२/८३	८३/८४	८४/८५	८५/८६	८६/८७	८२/८३	८३/८४	८४/८५	८५/८६	८६/८७
निरक्षरहरुको तथ्याङ्क सङ्कलन तथा खण्डिकृत डाटा वेस तयारी	१००	०	१००	०	१००	१	०	१	०	१
साक्षरता तथा साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन	०	१५००	१५००	१५००	१५००	०	१०	१०	१०	१०
सामुदायिक सिकाइ केन्द्रको स्थापना र सञ्चालन	५००	५००	५००	५००	५००	१	१	१	१	१
खुला विद्यालय स्थापना र सञ्चालन	१०००	१०००	१०००	१०००	१०००	१	१	१	१	१
आजीवन सिकाइका कार्यक्रमहरु सामुदायिक सिकाइ केन्द्र मार्फत सञ्चालन	५००	५००	५००	५००	५००	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर
सिप विकास र आयआर्जनमा कार्यक्रम सञ्चालन	५००	५००	५००	०	०	१	१	१	०	०
अनौपचारिक शिक्षाको जम्मा बजेट (लाखमा)	**२६**	**४०**	**४१**	**३५**	**३६**					

३.५ प्राविधिक तथा व्यावसायिक शिक्षा

कामसँग शिक्षालाई जोड्ने र दक्ष्य जनशक्तिलाई राष्ट्र निर्माणमा प्रयोग गर्न प्राविधिक शिक्षा आवश्यक छ । शिक्षाले विकासलाई निकास दिन सक्नु पर्छ । त्यस्ता परिकल्पना प्राविधिक शिक्षाबाट मात्र सम्भव छ । हाम्रो शिक्षा प्रणालीलाई संरचना रूपमा बदल्न र शिक्षाबाट जीवन यापनमा सहयोग पुर्याउने प्राविधिक तथा व्यावसायिक शिक्षाको महत्त्व झन् बढेको पाइन्छ । यस गाउँपालिकालाई समृद्ध गाउँपालिका बनाउन गाउँपालिकामा उपलब्ध स्रोत साधनलाई अधिकतम उपयोग गर्न सक्ने जनशक्ति उत्पादन गर्न अपरिहार्य छ । प्राविधिक तथा व्यावसायिक सिप विकास गरी गा.पा. मा हरेक प्राविधिक क्षेत्रमा सुनिश्चित हुने जनशक्ति उत्पादन हुन सकेमा गा.पा. समृद्ध बन्ने कुरामा कुनै दुई मत छैन । शिक्षालाई सिप, सिपलाई रोजगार, रोजगारलाई उत्पादन र उत्पादनलाई बजारसँग जोड्न सक्ने शिक्षा प्रणालीको विकास र विस्तार गर्न सकिन्छ भने राज्यलाई शैक्षिक बेरोजगार भिड थेग्न थप चुनौती हुने देखिन्छ । नेपालमा सिप र व्यवसायको विकास, हस्तकला, मूर्तिकला र वास्तुकलाका वस्तुहरुको उत्पादन लिच्छवीकालदेखि भएको पाइन्छ । औपचारिक रूपमा प्राविधिक तथा व्यावसायिक शिक्षाको शुरुवात वि.स. १९९९ सालमा स्थापित प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार गर्न वि.स. २०६८/०६९ देखि भएको हो । सघन रूपमा प्राविधिक तथा व्यावसायिक तालिम परिषद्ले प्राविधिक तथा व्यावसायिक धारको विद्यालयहरु सञ्चालन गरिरहेका छन् । नेपाल सरकारको एक स्थानीय तह एक प्राविधिक विद्यालय नीति समेत रहेको छ । तर यस गाउँपालिकामा हालसम्म CTEVT मा सम्बद्ध प्राविधिक शिक्षालय सञ्चालनमा छैनन् ।

३.५.१ वर्तमान अवस्था

हल्दीबारी गाउँपालिका कृषि, चियाखेती, माछापालन र पशुपालनको क्षेत्रमा उपयुक्त मानिन्छ । विगतदेखि यस क्षेत्रमा कृषि तथा भेटेनरी अन्तरगत प्राविधिक शिक्षालय स्थापना गर्न यहाँका जनताहरुको उच्च आकांक्षाहरु बीचबाट यस अन्तरगत १ वटा माध्यमिक विद्यालयमा कृषि बाली विज्ञान विषय अन्तरगत प्राविधिक तथा व्यावसायिक विद्यालय सञ्चालन भएको छ । यस धारको शिक्षा स्थानीय स्तरमा स्रोत साधनमा आधारित व्यावसायिक सिप र उद्यमशीलतामा आधारित आय आर्जनमा संलग्न भई आत्मनिर्भर स्वावलम्बन हुन सिक्नु पर्छ । प्राविधिक तथा व्यावसायिक विद्यालयको विकासको लागि आम सरोकारवाला स्थानीय सरकार, प्रदेश र संघीय सरकार समेतको उच्च अपनत्व विकास हुन जरुरी छ । स्थानीय परिवेश अनुसार, कृषि उत्पादन, चिया खेती लगायतका विषयहरुलाई प्राविधिक शिक्षासँग जोडेर सञ्चालन हुनु अत्यन्त आवश्यक छ ।

३.५.२ उद्देश्य

१. प्राविधिक, व्यावसायिक र सिपमूलक शिक्षामार्फत, शैक्षिक बेरोजगारी न्यूनीकरण गर्नु,
२. प्राविधिक र व्यावसायिक शिक्षामार्फत सिपयुक्त, स्वरोजगार र आत्मनिर्भर जनशक्ति उत्पादन गर्नु,
३. गाउँपालिका र यस क्षेत्रभित्र उपलब्ध स्रोत साधनमा आधारित रोजगार, व्यवसाय, उद्योगमार्फत आर्थिक विकास र समृद्धिमा योगदान पुर्याउनु,
४. स्थानीय उत्पादन, व्यवसाय र रैथाने सिपलाई शैक्षिक प्रक्रियासँग जोड्नु ।

२.५.३ रणनीति

१. प्राविधिक तथा व्यावसायिक शिक्षाको लागि सरोकारवालाहरुको सहभागिता र स्थानीय सरकारको अपनत्व र

लगानीमा वृद्धि गर्ने,

२. कृषि क्षेत्र उद्योग, बजारको आवश्यकताको आधारमा योग्यता र क्षमता अनुसार सान्दर्भिक, उपयोगी, गुणस्तर, प्राविधिक जनशक्ति विकास गर्न इच्छुक सबैलाई अवसर प्रदान गर्ने,
३. शिक्षामा पिछडिएका वर्ग क्षेत्र र समुदायलाई समेट्ने विशेष सुहलियत दिन नीति अवलम्बन गर्ने,
४. प्रयोगात्मकतर्फ विशेष प्राथमिक दिन प्रयोगात्मक फिल्डका लागि जग्गा खरिद एवम् व्यवस्थापन गर्ने,
५. घर अपायक पर्ने क्षेत्रका विद्यार्थीहरुलाई प्राविधिक शिक्षामा पहुँच विस्तार गर्न आवासीय सुविधा दिने कार्यका लागि छात्रावास व्यवस्थापन गर्ने,
६. प्राविधिक विद्यालय, स्थानीय सरकार र समुदायबिच खेती प्रणालीको सम्भाव्यता र अनुसन्धान कार्यका लागि समन्वयात्मक कार्यक्रम तय गरी अगाडि बढाउने,
७. प्राविधिक विद्यालयमा अध्ययन गर्न इच्छुक लक्ष्यित वर्गका बालबालिकाहरुलाई वडा कार्यालय मार्फत स्तर पहिचान गरी आर्थिक सुविधासहित अध्ययनका लागि सिफारिस गर्ने,
८. प्राविधिक धारमा अध्ययनरत विद्यार्थीहरुका लागि ९इल तजभ वयद त्चबष्लष्लन० र शैक्षिक सहुलियतका लागि छात्रवृत्ति लगायत अनुदान उपलब्ध गराउने,
९. प्राविधिक शिक्षाको विकासका लागि उक्त धारमा कार्यरत शिक्षकहरुको क्षमता अभिवृद्धि र प्रविधि सम्बन्धी तालिम सञ्चालन गर्नका साथ आइसिटी कम्प्युटर ल्याबको स्थापना गर्ने,
१०. गाउँपालिकाको सहयोगमा प्राविधिक तथा व्यावसायिक धारका विद्यालयमा व्यावसायिक तथा सिपमूलक विषयगत प्रयोगशाला स्थापना गरी अनुसन्धान कार्य अगाडि बढाउने।

३.५.४ प्रमुख उपलब्धि तथा नतीजा

उपलब्धि

उपलब्ध प्राकृतिक स्रोत र साधनहरुको प्रयोग र परिचालन गर्दै, आर्थिक उपार्जन र समृद्धिमा योगदान गर्न सक्ने निम्न र मध्यम स्तरका प्राविधिक, व्यावसायिक र उद्यमी जनशक्ति उत्पादन हुनेछ।

नतीजा

१. गाउँपालिकामा स्थापित प्राविधिक तथा व्यावसायिक विद्यालय धारतर्फका उत्कृष्ट विद्यालय भएको हुनेछ। यस धारमा अध्ययनरत विद्यार्थी स्वरोजगारमूलक, स्वउत्प्रेरित, व्यावसायिक, उद्योगी र रोजगार प्राप्त भएका हुनेछन्।
२. प्राविधिक तथा व्यावसायिक विद्यालयबाट शिक्षा प्राप्त गरेका विद्यार्थी गाउँपालिका लगायत यस क्षेत्रको स्थानीय स्रोत साधन उपयोग गरी समृद्ध गाउँपालिका निर्माणमा योगदान दिन सक्ने जनशक्ति हुनेछन्।
३. प्राविधिक तथा व्यावसायिक शिक्षामा पिछडिएका वर्ग, क्षेत्र र समुदायको सहभागिता अभिवृद्धि हुनेछ। प्रयोगात्मक सिकाइका लागि उपयुक्त फिल्ड व्यवस्था हुनेछ। प्राविधिक शिक्षाप्रति सरोकारवाला, स्थानीय सरकार, प्रदेश र सङ्घीय सरकारको अपनत्व वृद्धि भई थप लगानीमैत्री वातावरण निर्माण हुनेछ।

३.५.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

क्र.स.	प्रमुख क्रियाकलापहरु	लगानीको अनुमान (रु. हजारमा)					एकाइ	वार्षिक भौतिक लक्ष्य					
		८२/८३	८३/८४	८४/८५	८५/८६	८६/८७		८२/८३	८३/८४	८४/८५	८५/८६	८६/८७	जम्मा
१.	व्यावसायिक धारको विद्यालय थप गर्न सम्भाव्यता अध्ययन गर्ने	१००	०	०	०	०	पटक	१	०	०	०	०	१
२.	छात्रवृत्तिको व्यवस्था	५००	५००	५००	५००	५००	निरन्तर						
३.	भवनको व्यवस्था (छात्रावास सहित)	०	१०००	०	०	०	निरन्तर	०	१	०	०	०	१
४.	प्राविधिक विद्यालय कर्मचारी व्यवस्थापन	१०००	१०००	१०००	१०००	१०००	निरन्तर						
५.	प्रयोगात्मक अभ्यासका लागि फिल्डको व्यवस्था	५००	५००	५००	५००	५००		आवश्यकता अनुसार उपलब्ध गराउने					
६.	प्रयोगशालामा सामानको व्यवस्था	१०००	१०००	१०००	१०००	१०००		आवश्यकता अनुसार उपलब्ध गराउने					
७.	विद्यार्थीहरुका लागि (On the job Training) र शैक्षिक सहुलियतका लागि छात्रवृत्ति लगायत अनुदान	१०००	१०००	१०००	१०००	१०००		आवश्यकता अनुसार उपलब्ध गराउने					
	प्राविधिक तथा व्यावसायिक शिक्षाको जम्मा बजेट (लाखमा)	**४१**	**५०**	**४०**	**४०**	**४०**							

परिच्छेद ४: अन्तरसम्बन्धित विषय तथा क्षेत्र

४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

विभिन्न आवश्यकताका विषयवस्तुहरु समावेश गरी विद्यालयमा नियमित पठनपाठन गर्ने उद्देश्यका साथ तयार गरिएको योजनावद्ध तरिकाले गराइएको सङ्गठित शैक्षणिक सामग्रीलाई नै पाठ्यक्रम भनिन्छ । जसले प्राथमिकतापूर्ण विषयवस्तु हरुलाई समेटेर विद्यालयको नियमित कार्यक्रम अनुरूप कक्षा कोठासम्म पुर्याउँछ । शिक्षा पद्धतिलाई मार्गदर्शन गर्ने महत्त्वपूर्ण आधार पाठ्यक्रम हो । यो एउटा गतिशील र लचिलो प्रक्रिया हो । पाठ्यक्रमको माध्यमबाट प्राप्त हुने ज्ञान, सिप तथा अभिवृत्तिबाट व्यक्तिलाई समाज तथा विश्व परिवेश अनुकूल समायोजन हुनु, रोजगारी प्राप्त गर्नु, पेसा व्यवसाय छनोट तथा सञ्चालन गर्न र आर्थिक किय्राकलापमा संलग्न हुन सहयोग पुग्दछ र पुग्नुपर्दछ । पाठ्यक्रम सान्दर्भिक, विभेदरहित, समतामूलक, समावेशी, प्रविधिमैत्री, सिकारु केन्द्रित र तथ्यपरक हुनुपदर्छ । वास्तवमा मानवीय आवश्यकता, बालबालिकाको रुचि, सामाजिक मूल्य मान्यता र समाज तथा विश्व परिवेशमा विकास भएका ज्ञान, सिप तथा परिवेश अनकुल पाठ्यक्रम एउटा गतिशील र लचिलो प्रक्रिया हो ।

विद्यालय स्तरको पाठ्यक्रमलाई तयार पार्ने कार्यको सुरुवात वि.सं. २०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजनादेखि भएको पाइन्छ । विद्यालय तहको शिक्षाको मार्गदर्शक दस्तावेजको रूपमा वि.सं. २०४९ तथा वि.स. २०६३ मा राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार गरी सोहीअनुसार पाठ्यक्रम विकास र उक्त पाठ्यक्रमको कार्यान्वयन गर्ने परिपाटी सुरु गरिएको छ । यसै क्रममा राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ लागु भई हाल चरणवद्ध रूपमा विद्यालयमा पाठ्यक्रमहरु लागु भइरहेका छन् । आधारभूत तह १-३, ४-५ र ६-८ र माध्यमिक तह कक्षा ९-१० र कक्षा ११-१२ का लागि अलगअलग पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ । विद्यालयको पाठ्यक्रमलाई समय सान्दर्भिक वा समय अनुकूल बनाउन कक्षा १-३ मा अन्तर सम्बन्धित विषयवस्तुलाई एकीकृत गरिएको, आधारभूत तहमा स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सिप तथा ज्ञानमा आधारित स्थानीय पाठ्यक्रम स्थानीय तहले विकास गरी कार्यान्वयन गर्नुपर्ने र सबै कक्षाका विषयलाई यथासम्भव स्थानीय परिवेश तथा दैनिक जीवनसँग सम्बन्धित गराई सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने व्यवस्था गरिएको छ । सैद्धान्तिक ज्ञानलाई व्यावहारिक र प्रयोगात्मक सिपमा रूपान्तरण गर्न सह क्रियाकलाप/अतिरिक्त क्रियाकलापमा जोड दिइएको छ । पूर्वीय दर्शनका वेद, योग, संस्कतृ भाषा, संस्कृत व्याकरण जस्ता विषयहरु समावेश गरिएका छन् भने स्थानीय परिवेश अनुसार भूगोल, सहकारी, वन, कृषि, पर्यटन, आयुर्वेद, जडिबुटी, योग जस्ता विषयहरु समावेश गरी कक्षा १ देखि ८ सम्म हाम्रो हल्दीबारी नामको स्थानीय विषयको पाठ्क्रम तयार गरी पाठ्पुस्तक लागु गरिएको छ । व्यावसायिक शिक्षा, स्वास्थ्य शारीरिक र वातावरण शिक्षा, सिजर्नशील तथा अभिव्यक्तशील कला जस्ता परम्परागत विषयलाई निरन्तरता दिँदै हस्तकला, वास्तुकला, चित्रकला, नृत्य, संगीत, धर्म तथा संस्कृति जस्ता मौलिक विषयहरु समावेश गर्दै पाठ्यक्रम तथा पाठ्पुस्तकलाई समय सान्दर्भिक, अध्यावधिक र व्यावहारिक बनाउनु न्यायोचित देखिन्छ ।

हालको पाठ्यक्रमले विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गको रूपमा लिएको हुँदा निश्चित मापदण्ड तयार गरी विषयवस्तुमा आधारित मूल्याङ्कन हुने गरेको छ । माध्यमिक तहको पाठ्यक्रममा प्राविधिक धारको पनि व्यवस्था गरिएको छ । पछिल्लो चरणमा सिकाइलाई कामको संसारसँग जोड्न STEM शिक्षाको अवधारणालाई पाठ्यक्रममा समावेश गरिएको छ । STEM भनेको विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणित विषयका ४ विशिष्ट विधामा विद्यार्थीहरुलाई शिक्षा प्रदान गर्ने अवधारणामा आधारित एउटा पाठ्यक्रम हो । STEM को माध्ययमबाट विद्यार्थीलाई

अनुसन्धानमुखी बनाई विविध प्रकारका समस्याहरु समाधान गर्न सहयोग पुर्याउने, रचनात्मकता, तार्किक सोच, विश्लेषणात्मक सिप, नवपव्रर्तन गर्ने क्षमता र समस्या समाधान गर्ने क्षमताको विकास हुन जान्छ। तसर्थ, विद्यालय तहको पाठ्यक्रममा विज्ञान प्रविधि, इन्जिनियरिङ र गणित जस्ता विषयहरुलाई एकीकृत रूपमा अगाडि बढाइएको छ । पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक तयारी, विकास र विषयगत शिक्षकको व्यवस्था र विद्यालयमा आधारित पेसागत सहयोग पद्धति स्थापना र सञ्चालन, स्थानीय पाठ्यक्रम र पाठ्यसामाग्री विकासका लागि क्षमता विकास, पाठ्यक्रम विकास र समय अनुकूल परिमार्जनगर्न सहभागिताको सुनिश्चितता, पाठ्यक्रम विकास तथा अध्यावधिक कार्यलाई अनुसन्धानमा आधारित बनाउने, प्रारम्भिक कक्षाहरुमा आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा, बहुभाषा प्रयोग, विद्यालय तहको प्राविधिक धारको पाठ्यक्रममा सुधार, परिमार्जन र समायोजन, अपाङ्गताको प्रकृतिअनुसार पाठ्यक्रममा लचकता प्रदान गर्ने, पाठ्यपुस्तकको गुणस्तर सुधार र बहुपाठ्यपुस्तक नीतिको कार्यान्वयन, मूल्याङ्कन पद्धतिलाई शिक्षण सिकाइसँग जोड्ने, सिकाइ सहजीकरण र मूल्याङ्कनमा सूचना प्रविधिको उपयोग सहितको वैकल्पिक विधिको प्रयोग वर्तमान नयाँ पाठ्यक्रममा रहेका चुनौतीहरु हुन्।

४.१.१ वर्तमान अवस्था

नेपालमा वि.स. २०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजनामा पहिलोपटक पाठ्यक्रमलाई दस्तावेजीकरण गरिएको थियो। विद्यालय तहको शिक्षाको मार्गदर्शक दस्तावजेका रूपमा वि.सं. २०६३ मा राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार गरी सोही अनुसार पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्ने परिपाटी सुरु भएको थियो। समयको मागसँगै वि.सं. २०७६ सालमा विद्यालय शिक्षाको नयाँ पाठ्यक्रम प्रारूप तयार गरी सोही वर्ष लागु गरियो। वि.सं. २०७८ मा कक्षा २, ३, ६ र १२ मा पाठ्यक्रम कार्यान्वयन भयो भने अन्य कक्षाहरुमा राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६३ अनुसार निर्माण गरिएका पाठ्यक्रमहरु कार्यान्वयनमा रहेका छन्। वि.सं. २०८० सम्म विद्यालय तहका सबै कक्षाहरुमा नयाँ पाठ्यक्रम लागु भइसकेको छ। कक्षा १देखि ८ सम्म स्थानीय पाठ्यक्रम कार्यान्वयन भई रहेको छ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुरूपको पाठ्यक्रममा कक्षा १-३ सम्म अन्तर सम्बन्धित विषयहरुलाई एकीकृत गरिएको छ। विद्यालय तहको पाठ्यक्रम निर्माण गर्ने जिम्मेवारी राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्लाई प्रदान गरिए तापनि कक्षा १-३ सम्म १६० कार्य घण्टा बराबरको मातृभाषा वा स्थानीय विषय र कक्षा ४-८ मा १२८ कार्य घण्टा बराबरको स्थानीय वा संस्कृत विषयका पाठ्यक्रम विद्यालय वा स्थानीय तहले निर्माण गरी कार्यान्वयन गर्ने व्यवस्था गरिएको छ।

मूल्याङ्कन सम्बन्धी नीतिगत व्यवस्थालाई हेर्दा कक्षा १-३ सम्म सबै निरन्तर मूल्याङ्कनका आधारमा कक्षोन्नति गर्ने व्यवस्था रहको छ। कक्षा ४-५ मा ५० प्रतिशत निरन्तर, ५० प्रतिशत आवधिक परीक्षाबाट हुने र कक्षा ६-८ मा ४० प्रतिशत निरन्तर मूल्याङ्कन र ६० प्रतिशत आवधिक परीक्षा गर्ने व्यवस्था छ। कक्षा ८ को आवधिक परीक्षा गाउँपालिका स्तरीय मूल्याङ्कन गर्नु पर्ने व्यवस्था रहेको छ। कक्षा १-७, कक्षा ९ र कक्षा ११ को मूल्याङ्कन विद्यालयबाट हुने व्यवस्था गरिएको छ भने कक्षा १० (एस.इ.इ.) र कक्षा १२ को आवधिक मूल्याङ्कन भने राष्ट्रिय परीक्षा बोर्ड मार्फत हुने गरेको छ।

पाठ्यक्रममा आधारित पाठ्यपुस्तकहरुको उपलब्धतालाई अध्ययन गर्दा तत्काल नयाँ पाठ्यक्रम लागु भएका विषयहरुको पाठ्यपुस्तक पाठ्यक्रम विकास केन्द्रले तयार पारेको र केन्द्रले सूचीकृत गरेको प्रकाशन गृह वा लेखकहरुको पाठ्यपुस्तक पाइन्छन्।

४.१.२ उद्देश्य

हल्दीबारी गाउँपालिकाको यस शैक्षिक योजनाले पाठ्यक्रम र पाठ्यसामग्री सम्बन्धी निम्नलिखित उद्देश्यहरु राखेको छ।

- राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ बमोजिमको संशोधित पाठ्यक्रमको कार्यान्वयन गर्नु
- सिकाइ क्रियाकलापलाई दैनिक जीवनसँग सम्बन्धित गराउने र विषयवस्तुलाई अन्तर सम्बन्धित गराई सिकाइ क्रियाकलाप सञ्चालन गर्नु
- कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण भई कार्यान्वयन मा आइरहेको सन्दर्भमा समय सापेक्ष, सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी बनाई कार्यान्वयनलाई निरन्तरता दिने।
- सकारूको सिकाइलाई निरन्तर, आवधिक तथा स्तरीकृत साथै प्रमाणमा आधारित मूल्याङ्कनको व्यवस्था गर्नु
- सामुदायिक विद्यालयहरुमा विज्ञान तथा प्राविधिक शिक्षाको समयानुकूल विकासको लागि आवश्यक पूर्वाधारको विकास गर्नु
- सामुदायिक विद्यालयहरुमा स्टेमका माध्यमबाट गणित तथा विज्ञान विषयको नतीजा सुधार गर्नु
- पूवीर्य दर्शनमा आधारित योग, ध्यान, व्यायाम, प्राकृतिक चिकित्सा, बुद्ध उपदेशका विषयमा विद्यार्थीहरुलाई अभ्यस्त गराउनु
- विद्यार्थीहरुलाई अतिरिक्त तथा सहक्रियाकलापमा संलग्न गराई उनीहरुको आन्तरिक क्षमता अभिवृद्धि गर्नु
- जीवन उपयोगी सिप तथा व्यावहारिक शिक्षामा जोड दिनु।

४.१.३ रणनीति

गाउँपालिकाको शैक्षिक सुधारका निम्ति माथि उल्लिखित उद्देश्यहरु हासिल गर्न निम्नलिखित रणनीतिहरु अवलम्बन गरिनेछ:

१. प्रत्येक विद्यालयका शिक्षकहरु राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ बमोजिम निर्माण र संशोधन भएका नयाँ पाठ्यक्रम विद्यालय स्तरमा प्रवोधीकरण गरी सोही अनुसार शिक्षण क्रियाकलाप गरिनेछ,
२. स्थानीय तहले निर्माण गरेको पाठ्यक्रमको समयानुकुल तथा पाठ्य पुस्तक निर्माण तथा परिमार्जन गराई सोको कार्यान्वयनको लागि विद्यालयलाई जवाफदेही बनाइनेछ,
३. स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्रीको विकास तथा प्रयोगको लागि विद्यालयलाई सक्षम बनाइनेछ,
४. विषयवस्तुलाई अन्तर सम्बन्धित गराई सिकाइ क्रियाकलाप सञ्चालन गरिने छ,
५. विकास गरिएको पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धित शिक्षक लगायत सरोकारवालाहरुलाई प्रभावकारी ढङ्गले प्रवोधीकरण गरिनेछ,
६. विपद्, महामारी तथा सङ्कटको अवस्थामा सिकाइलाई निरन्तरता दिन विद्यालयको संरचनागत सुधार गरी र शिक्षकको क्षमता अभिवृद्धि गरिनेछ,
७. शिक्षक निर्देशिका, पाठ्यक्रम, पाठ्यपुस्तक, सन्दर्भ सामग्रीहरुको व्यवस्थापन गरिनेछ,
८. पाठ्यक्रममा आधारित सिकाइलाई सुनिश्चित गर्न शिक्षकको पेसागत सक्षमता विकासलाई निरन्तरता दिइनेछ,

९. शिक्षण सिकाइ क्रियाकलापलाई बालकेन्द्रित, लैङ्गिक तथा अपाङ्गमैत्री बनाई सूचना, सञ्चारको उचित प्रयोगद्वारा सिकाइलाई समयसापेक्ष रूपमा प्रभावकारी बनाइनेछ,
१०. विद्यालयहरुलाई वैकल्पिक शिक्षण सिकाइ अनरूपका शैक्षिक क्रियाकलापमा सक्षम बनाइदै लगिनेछ,
११. सहपाठी सिकाइ समूह गठन गरी कमजोर क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्थालाई कार्यान्वयनमा ल्याइनेछ,
१२. नवीनतम प्रविधिमार्फत शिक्षण सिकाइ कार्यलाई प्रयोगमा ल्याइनेछ,
१३. हरेक सामुदायिक विद्यालयमा सूचना, सञ्चार तथा प्रविधि ल्याब र डिजिटल सिकाइ सामग्रीयुक्त पुस्तकालयको स्थापना सुनिश्चित गरिनेछ,
१४. विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्ति विकाससँग आबद्ध गर्ने
१५. आधारभूत तहमा हुने स्तरीकृत परीक्षालाई सुधार गरिनेछ,
१६. स्टेमको अवधाणा अनुसार गणित र विज्ञान विषयको उपलब्धि वृद्धि गर्न शिक्षकहरुको क्षमता विकास गरिनेछ,
१७. विज्ञान तथा गणित विषयमा सृजनात्मक सामग्री प्रदर्शन गर्ने व्यवस्था गरिनेछ,
१८. पूवीर्य दर्शनमा आधारित योग, ध्यान, व्यायाम, प्राकृतिक चिकित्सा, बुद्ध उपदेश इत्यादि विषयमा प्रयोगात्मक कार्यसँगै छलफल गराइनेछ,
१९. मूल्याङ्कन र नतीजाको प्रणालीमा एकरूपता ल्याईनेछ,
२०. शैक्षिक सत्रको सुरुवातमै परीक्षा तालिका प्रकाशन गरिनेछ,
२१. व्यावसायिक शिक्षा, स्वास्थ्य शारीरिक र वातावरण शिक्षा, सिजर्नशील तथा अभिव्यक्तिशील कलाजस्ता परम्परागत विषयवस्तुका साथै हस्तकला, वास्तुकला, चित्रकला, नृत्य, संगीत, धर्म तथा संस्कृति जस्ता मौलिक विषयहरु संलग्न गरी स्थानीय पाठ्यक्रमलाई परिमार्जन गर्दै लगिनेछ।

४.१.४ प्रमुख उपलब्धि तथा नतीजा

उपलब्धि

१. यस योजनाको लागु भए पश्चात् पाठ्यक्रम समय सान्दर्भिक र व्यवस्थित हुनेछ
२. दैनिक जीवनमा आवश्यक आधारभूत सक्षमता सहित, सृजनशील, सकारात्मक सोच भएका सिकाइप्रति प्रतिबद्ध नागरिक तयार गर्न सहयोग हुने अपेक्षा गरिएको छ।

नतीजा

- कक्षा १-३ को एकीकृत पाठ्यक्रमले अपेक्षा गरेका व्यवहार कुशल सिपहरु कार्यान्वयन हुने,
- बाल विकासदेखि कक्षा १२ सम्मका पाठ्यक्रमहरु कार्यान्वयन हुने,
- स्थानीय पाठ्यक्रम परिमार्जन र पाठ्यपुस्तक निर्माण र प्रयोगले स्थानीय परिवेशको पहिचान र अपनत्वलाई स्पष्टता दिलाउने,
- स्टेम अवधारणा अनुसार शिक्षण प्रक्रियाले गणित र विज्ञान विषयको नतीजाको उपलब्धिमा उल्लेखनीय सुधार हुने,
- सिकाइ क्रियाकलापहरु बालमैत्री र स्थानीय परिवेश अनुकूल तथा आवश्यकता अनुसार हुने

- सूचना, सञ्चार तथा प्रविधिमा आधारित शिक्षणले कक्षागत वा तहगत सिकाइ उपलब्धि वृद्धि हुने
- मूल्याङ्कनमा एकरूपताका लागि आधारभूत कार्यविधि विकास गरी लागु हुने।

४.२ शिक्षक व्यवस्थापन र विकास

क. परिचय

शिक्षाको विकास र सेवा प्रवाहलाई प्रभावकारी, दक्षता, समता, समानता, वातावरणमैत्री बनाउन शिक्षक व्यवस्थापन जरुरी छ। यसको लागि जनशक्ति, योजना, दरबन्दी सिर्जना तथा भर्ना, सेवा सुविधा, सामाजिक सुरक्षा (तलव, भत्ता, पोशाक, बिमा, औषधि उपचार आदि) पेसागत विकास पर्दछन्। शिक्षकको व्यवस्थापन अन्तर्गत दरबन्दी सिर्जना गर्ने, रिक्त स्थानको पहिचान गर्ने, पदपूर्ति माग गर्ने, प्रतिशत निर्धारण गर्ने दरखास्त आव्हान तथा सङ्कलन जाँच तथा स्वीकृति लिने परीक्षा सञ्चालन (लिखित, मौखिक, प्रयोगात्मक) उम्मेदवारहरुको मूल्याङ्कन तथा छनोट नतीजा प्रकाशन, सूचना प्रकाशन, नियुक्तिका लागि सिफारिस, नियुक्ति पदस्थापन कार्य विवरण तयार गर्ने सम्मका कार्यहरु पर्दछन्।

गाउँपालिकाको यस योजनामा शिक्षण पेसालाई रोजाइको पेसाको रूपमा विकास गर्ने, शिक्षक तयारी गर्ने कक्षा कोठाको शिक्षण सिकाइलाई गुणस्तरीय बनाउने,शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने अभिप्राय रहेको छ। शिक्षक व्यवस्थापन तथा विकासलाई व्यवस्थित र प्रभावकारी बनाउने उद्देश्य पूरा गर्नका लागि अपनाइने रणनीतिहरु कार्यक्रम कार्यान्वयनबाट हासिल हुने अपेक्षित नतीजा तथा मुख्य मुख्य क्रियाकलाप तथा लक्ष्यहरु समावेश गरिएको छ।

ख. शिक्षक तयारी

स्थायी शिक्षक नियुक्ति, पदस्थापन र क्षमता विकास लगायतका संघीय तहबाट हुने कार्यप्रक्रियाहरु निर्धारित विधि प्रक्रियाबाटै भइरहेका छन्। अस्थायी वा विद्यालयको निजी स्रोतमा शिक्षक नियुक्त गर्ने शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्ने कार्य स्थानीय तहले गरिरहेको अवस्था छ। शिक्षक अध्यापन अनुमतिपत्रका लागि परीक्षा सञ्चालन गर्ने रिक्त दरबन्दीमा शिक्षक पदपूर्तिका लागि परीक्षा सञ्चालन गरी नियुक्तिका लागि सिफारिस गर्ने र शिक्षक बढुवा सम्बन्धी कार्य शिक्षक सेवा आयोगले गर्दै आएको छ। आयोगबाट सिफारिस भई आएका शिक्षकहरुलाई नियुक्ति गरी पदस्थापन गर्ने कार्य स्थानीय तहहरुले गर्दै आएका छन्। यसै गरी शिक्षकको पेसागत विकासका लागि नीति निर्माण गर्ने काम सङ्घले प्रमाणीकरण तथा Customized तालिम पाठ्यक्रम निर्माण गर्ने र प्रशिक्षक तयार गर्ने कार्य संघीय सरकारबाट भइरहेको छ। शिक्षकको क्षमता अभिवृद्धिका लागि तालिम सञ्चालन गर्ने कार्य प्रदेश शिक्षा तालिम केन्द्रहरुबाट हुँदै आएका छन्। शिक्षकको कार्यसम्पादन मूल्याङ्कन बढुवा प्रयोजनकोलागि मात्र भएको र यसलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग जोडी शिक्षकलाई विद्यार्थीको सिकाइमा जिम्मेवार बनाउने काम जुन उद्देश्य अनुरूप सञ्चालन भइरहेको छ त्यस अनुरूपको प्रगति भने हुन सकेको छैन।

ग. शिक्षण सिकाइ क्रियाकलाप

बालबालिकाको सिकाइ उपलब्धि मुख्यतया कक्षाकोठामा सञ्चालन गरिने शिक्षण सिकाइ क्रियाकलापमा भर पर्छ। शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित, प्रविधिमैत्री, परियोजनामा आधारित, समूह कार्यमा आधारित, सामुदायिक क्रियाकलापमा आधारित बनाउन आवश्यक छ। कक्षा कोठाको शिक्षण सिकाइमा सुधार ल्याउन कमजोर सिकाइ स्तर भएका विद्यार्थीका लागि विशेष सहयोग, अपाङ्गता भएका बालबालिकाको सिकाइको सुनिश्चितता, शिक्षण सिकाइमा

सूचना तथा सञ्चार प्रविधिको प्रयोग, निरन्तर विद्यार्थी मूल्याङ्कन, परियोजना तथा प्रयोगात्मक कार्यमा जोड, उपचारात्मक शिक्षण पद्धति, परीक्षाको नतीजा विश्लेषण र त्यसबाट प्राप्त पृष्ठपोषणका आधारमा शिक्षण सिकाइमा सुधार गर्ने जस्ता कार्यहरु शिक्षकबाट अपेक्षित रूपमा हुन नसकेको विभिन्न अध्ययन प्रतिवेदनहरुले औंल्याएका छन्। यस पालिकामा रहेका सबै विद्यालयहरुलाई सूचना प्रविधिको प्रयोग गरी एपमार्फत सूचना प्रविधि सञ्जालमा जोडिसकेको अवस्था छ। शिक्षण सिकाइ क्रियाकलापलाई सूचना प्रविधिको प्रयोगसँग जोड्ने गरी शिक्षकको क्षमता विकास गर्न पर्ने आवश्यक छ।

घ. शिक्षकको उत्तरदायित्व

शिक्षक, विद्यार्थी अभिभावक, समुदाय तथा विद्यालय प्रशासन प्रधानाध्यापकप्रति उत्तरदायी हुनुपर्छ। शिक्षक विद्यार्थीप्रति उत्तरदायी हुनु भनेको आफूले पढाउने विधि विषय विद्यार्थीको सिकाइ तथा कार्यसम्पादनप्रति जवाफदेही हुनु हो। पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धिमा भएको प्रगति र विकासमा जवाफ दिनु विद्यार्थीको गुणस्तरीय जीवनका विषयमा जवाफदेही हुनु भन्ने बुझिन्छ। शिक्षकले विद्यार्थीको सिकाइ तथा विकासका बारेमा अभिभावकलाई जानकारी दिनु पर्दछ। विद्यालयको आचारसंहिता पालन गर्दै दैनिक कार्यतालिका अनुसार अध्यापन गर्ने, विद्यार्थीको सिकाइको लेखाजोखा तथा मूल्याङ्कन गर्ने जस्ता कार्य जिम्मेवार शिक्षकले गर्नु पर्ने हुन्छ।

राष्ट्रिय शिक्षा नीति २०७६ अनुसार शिक्षकलाई प्रशासनिक रूपमा प्रधानाध्यापक प्रति र सिकाइ उपलब्धिका लागि विद्यार्थी र अभिभावक प्रति जवाफदेही बनाउने र प्रधानाध्यापकलाई सिकाइ र विद्यालय व्यवस्थापनका लागि विद्यार्थी अभिभावक र स्थानीय तह प्रति जवाफदेही बनाइने उल्लखे गरेको छ। विद्यार्थीहरुले परीक्षामा हासिल गरेको परिणाम समेतको आधारमा शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधारका लागि शिक्षकहरुलाई जिम्मेवार र जवाफदेही बनाउने व्यवस्था उक्त नीतिले गरेको छ। यस सन्दर्भमा यस शिक्षा योजनाले आवश्यक पहल कदमी सहित शिक्षक पेसागत विकासका कार्यक्रमहरु सञ्चालन गरिने छ।

ङ. शिक्षकको पेसागत सहयोग पद्धति

शिक्षक पेसागत सहयोगका विभिन्न माध्ययमहरु प्रचलनमा छन् जस्तै कक्षा अवलोकन र छलफल, मेन्टोरिङ्ग नियमित अनुगमन तथा पृष्ठपोषण आदानप्रदान शिक्षकहरुको सिकाइ र सञ्चालन Conference सहपाठीसँगको अन्तरक्रिया प्रतिबिम्वन अभ्यास आदि। शिक्षक पेसागत सहयोगका लागि स्रोतकेन्द्र स्थापना भई ती स्रोतकेन्द्र मार्फत शिक्षकको पेसागत सहयोग प्रदान गर्दै आइरहेकोमा संघीय संरचनाको कार्यान्वयनसँगै स्रोत केन्द्र पद्धति विघटन भएको छ। यसलाई हटाएपछि स्थानीयस्तरमा रहेका शिक्षा शाखाहरुले शिक्षक सहायताभन्दा पनि शिक्षा प्रशासनमा समय लगाउनु परेको अवस्था छ विद्यालय निरीक्षण तथा सुपरिवेक्षणको कार्य स्थानीय शिक्षा शाखाबाट अत्यन्त न्यून रूपमा भएको पाइन्छ। यस परिवेशमा यस योजनामा हल्दीबारी गाउँपालिका अन्तर्गतका सबै विद्यालयका विषयगत शिक्षकहरुको सामाजिक सञ्जालमा समूह बनाई शिक्षकको पेसागत क्षमता अभिवृद्धि र सहयोग सम्बन्धी कार्यहरुलाई अगाडि बढाइने छ।

च. शिक्षक क्षमता विकास कार्यक्रम

समय अनुसार शिक्षकहरुका क्षमता विकासका कार्यक्रमहरु सञ्चालन हुनु आवश्यक छ। शिक्षकको पेसागत विकासका विभिन्न तरिकाहरु छन्। शिक्षक तालिम कार्य, क्रियात्मक अनुसन्धान, शिक्षकहरुको सिकाइ सञ्जाल, अवलोकन भ्रमण, Mentoring, कार्यशाला, सेमिनार आदि। शिक्षकको पेसागत विकास यिनै कार्यहरुबाट सम्भव हुन्छ। शिक्षकको पेसागत

विकासका लागि सातवटा प्रदेश स्तरीय शिक्षक तालिम केन्द्रबाट मात्र ठूलो सङ्ख्यामा शिक्षकहरुलाई प्रमाणीकरण तालिम प्रदान गर्नकठिन भएको अवस्था छ। यसैगरी, शिक्षकलाई तालिम वास्तविक आवश्यकतामा आधारित बनाउन र तालिममा सिकेका ज्ञान तथा सिपको कक्षाकोठामा प्रयोगमा ल्याउन आवश्यक देखिएको छ।

छ. शिक्षकको आपूर्ति र वितरण

विद्यमान शिक्षा नियमावलीले विद्यालयमा रहने शिक्षक दरबन्दीको व्यवस्था गरेकोमा शिक्षक विद्यार्थी अनुपात हिमाली भेगमा १: ४०, पहाडी भेगमा १:४५ र तराई तथा काठमाडौ उपत्यकामा १:५० रहेको छ जुन असान्दर्भिक देखिन्छ। आधारभूत र माध्यमिक तहमा सबै विद्यालयमा विषयगत शिक्षकको व्यवस्था गर्ने कार्य चुनौतीपूर्ण छ। मुलुक संघीय संरचनामा गएसँगै नियुक्ति, कार्यसम्पादन मूल्याङ्कन जस्ता कार्यको जिम्मेवारी स्थानीय तहमा रहेकाले स्थानीय तहले स्थानीय स्रोतमा शिक्षक नियुक्ति गर्ने गरेका छन्। यस प्रक्रियालाई व्यावहारिक र सरल बनाउन आवश्यक छ।

यस पालिकाका सामुदायिक विद्यालयहरुमा हाल निम्नानुसारका शिक्षक जनशक्तिहरु कार्यरत रहेको अवस्था छ।

विवरण	शिक्षक		
	महिला	पुरुष	जम्मा
बालविकास स.का.	४२	१	४३
आधारभूत तह	६२	८४	१४६
आधारभूत विज्ञान	२	२	४
माध्यामिक तह			
दरवन्दी	३	१७	२०
प्राविधिक धारतर्फ	१	७	८
संघीय अनुदान	२	१	३
उच्च माध्यामिक (११ /१२)	६	६	१२
माध्यामिकविज्ञान	२	०	२
विद्यालय कमर्चारी	१२	१२	२४
कम्प्युटर शिक्षक	२	९	११
भाषा शिक्षक	१	०	१
लाइब्रेरियन	०	१	१
जम्मा			२७५

उक्तमध्ये २४२ ससर्त अनुदानमा कार्यरत जनशक्ति र ३३ जना पालिकाको आफ्नो स्रोतबाट कार्यरत रहेका छन्। पालिकाको आन्तरिक स्रोतबाट विद्यालयमा कार्यरत यी जनशक्तिमा गरिएको लगानी पालिकाको सीमित आन्तरिक स्रोतबाट व्यवस्थापन गरिएको हुँदा सामुदायिक विद्यालयहरुमा शैक्षिक गुणस्तर अभिवृद्धिका लागि पालिकाले पर्याप्त ध्यान पुर्याएको अवस्था छ।

ज. प्रमुख समस्या तथा चुनौतीहरु

माथि उल्लिखित विश्लेषणका आधारमा हल्दीबारी गाउँपालिकामा शिक्षक व्यवस्थापन र विकासका सन्दर्भमा निम्नलिखित समस्या र चुनौतीहरु रहेका छन्:

समस्या

- शिक्षकमा उत्प्रेरणाको कमी,
- कक्षागत र विषयगत शिक्षकको अभाव,
- आवश्यकता अनुसारको शिक्षक दरबन्दी अभाव,
- शिक्षक नियुक्ति, सरुवा, बढुवाबारे परिवर्तित सन्दर्भ अनुसार ऐन नियम नहुनु,
- रिक्त दरबन्दीअनुसार शिक्षक पदपूर्तीमा विलम्ब हुनु,
- शिक्षण पेसालाई रोजाइको पेसाका रूपमा विकास गर्न नसकिनु,
- विद्यालय तहको पाठ्यक्रम र शिक्षण आवश्यकतालाई सम्बोधन हुने गरी शिक्षक तयारी कोर्स व्यवस्था नहुनु।

चुनौती

- शिक्षकको मनोवृत्तिमा परिवर्तन गर्नु (घरपायक मात्र खोज्ने, जिम्मेवारी बोध कम),
- विपत र सङ्कटपूर्ण अवस्थामा शिक्षण सिकाइ सञ्चालन गर्न
- पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि सुनिश्चित गर्न
- पेसागत विकास कोष अवसर विस्तार र प्रभावकारितामा सुधार गर्ने गरी संस्थागत प्रबन्ध गर्न,
- शिक्षक नियुक्ति प्रक्रिया र सहयोगी वातावरणमा स्वच्छता कायम गर्न
- विद्यार्थी सिकाइ उपलब्धिलाई शिक्षकको कार्यसम्पादन मूल्याङ्कनसँग आबद्ध गर्ने आवश्यक शिक्षक दरबन्दी सुनिश्चित गर्न,
- यस पालिकामा आधारभूत तह विद्यार्थी शिक्षक अनुपात १४:१ छ तर विषयगत शिक्षक आवश्यक हुने आधारभूत तहका माथिल्ला कक्षाहरु र माध्यमिक तहमा शिक्षक दरवन्दी न्यून रहेको अवस्था विद्यमान छ। योग्यता पुगेका शिक्षकहरुलाई माथिल्लो तहको विषयगत दरवन्दीमा परिणत गर्न विद्यमान नीति नियमहरुका प्रावधानले चुनौतीपूर्ण बनाएको छ।

ञ) उद्देश्य

हल्दीबारी गाउँपालिकाको शिक्षा क्षेत्र योजनामा शिक्षक व्यवस्थापन र विकासका उद्देश्यहरु निम्नानुसार निर्धारण गरिएका छन् :

- शिक्षकको छनोट नियुक्ति र पुनः वितरणलाई सुदृढ बनाउनु,
- पालिकाभित्र शिक्षक विकास तथा निरन्तर पेसागत सहयोग प्रणाली स्थापना गर्नु,

- पेसागत विकास र सिकाइ आदानप्रदान कार्यक्रमका माध्यमबाट सबै तहमा सक्षम, प्रतिबद्ध र अभिप्रेरित शिक्षकहरुको प्रबन्ध गर्नु,
- शिक्षक तालिम तथा अनुगमनको माध्यमबाट शिक्षकलाई पेसाप्रति उत्प्रेरित र जवाफदेही बनाउनु,
- आवश्यक प्रोत्साहन, सिकाइ आदानप्रदान कार्यक्रम, निरन्तर पेसागत सहयोगको माध्यमबाट सबै तहमा सक्षम, प्रतिबद्ध र अभिप्रेरित शिक्षक व्यवस्था गर्नु,
- विद्यालयमा रिक्त शिक्षक पदपूर्तीमा शीघ्रताको लागि शिक्षक बैंकको व्यवस्था गर्ने।

ट) रणनीतिहरु

माथि उल्लेख गरिएका उद्देश्य प्राप्तिका लागि यस शिक्षा योजनाले निम्न रणनीतिहरु तयार गरेको छ:

- शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान र दरबन्दी पुनर्वितरण तथा थप गरिनेछ,
- रिक्त शिक्षक दरबन्दीमा तत्काल पदपूर्ति हुने व्यवस्थाका लागि स्थानीय स्तरमा शिक्षक बैंकको प्रबन्ध गरी सोबाट तत्काल शिक्षक पदपूर्ती हुनसक्ने गरी स्थानीयस्तरबाट कानुनी व्यवस्था प्रबन्ध गरिनेछ,
- उच्च कार्य सम्पादन गर्ने शिक्षकहरुको लागि प्रोत्साहन र पुरस्कृत गरिनेछ,
- नव प्रवेशी शिक्षकहरुका लागि अभिमुखीकरण मार्फत जिम्मेवार र उत्तरदायी बनाउन आवश्यक व्यवस्था मिलाइनेछ,
- शिक्षकले कक्षा कोठामा विताउने समय सुनिश्चित गर्न प्रधानाध्यापकलाई जिम्मेवारी बनाइनेछ।

ठ) उपलब्धि र नतीजा

उपलब्धि

यो योजना लागु भएपश्चात सक्षम, योग्य, उत्तरदायी र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार हुने अपेक्षा गरिएको छ।

नतीजा

- सबै विद्यालयमा सूचना प्रविधिको व्यवस्थापन भई शिक्षण सिकाइ सहज र उपलब्धिमा वृद्धि भएको हुने
- सबै विद्यार्थीहरुमा आधारभूत सञ्चार प्रविधिको सुविधामा पहँचु हुने
- विद्यालय व्यवस्थापन र सुशासनमा सुधार आउने
- अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण, सूचना सम्प्रेषणमा सुधार आउनुका साथै जनशक्ति र समयको बचत हुने
- शिक्षकहरुमा सूचना प्रविधिमैत्री शिक्षण क्षमता विकास भएको हुने
- विद्यार्थीहरुको सिकाइ प्रभावकारी, समय सान्दर्भिक र गुणस्तरीय हुने
- विद्यालय तथा कक्षा कोठाहरु सूचना प्रविधिमैत्री हुने
- सिकाइ सहजीकरणको लागि एक शिक्षक एक ल्यापटपको व्यवस्था हुने
- रिक्त स्थानहरुमा शिक्षक बैंकबाट शीघ्र शिक्षक व्यवस्थापन हुने प्रबन्ध भएको हुने।

शिक्षक व्यवस्थापन र तालिम कार्यक्रमका लागि प्रस्तावित कार्यक्रमहरु										
	लगानीको अनुमान (रु. हजारमा)					वार्षिक भौतिक लक्ष्य				
प्रस्तावित कार्यक्रमहरु	२०२५/२६	२०२६/२७	२०२७/२८	२०२८/२९	२०२९/३०	२०२५/२६	२०२६/२७	२०२७/२८	२०२८/२९	२०२९/३०
	८२/८३	८३/८४	८४/८५	८५/८६	८६/८७	८२/८३	८३/८४	८४/८५	८५/८६	८६/८७
शिक्षक योग्यता र वितरणको अध्यावधिक मापदण्डका आधारमा शिक्षक व्यवस्थापन (पुनर वितरण र समायोजन)	१००	१००	१००	१००	१००	१	०	१	०	१
नयाँ नियुक्ति भएका शिक्षकहरुलाई सेवा प्रवेश अभिमुखीकरण	५०	५०	५०	५०	५०	१	१	१	१	१
माध्यमिक शिक्षकहरुलाई गणित, विज्ञान र अंग्रेजी विषयको विषयवस्तुहरुको पाठ अध्ययन सामग्री विकाससम्बन्धी तालिम दिने	१००	१००	१००	१००	१००	१	१	१	१	१
शिक्षकहरुलाई ICT सम्बन्धी तालिम	२००	२००	२००	२००	२००	१	१	१	१	१
सबै विद्यालयका प्र.अ.हरुलाई जिम्मेवार बनाई Teacher's Time-on-task सम्बन्धी प्रणाली तयार गरी कार्यान्वयन गरिने	१००	१००	१००	१००	१००	१	१	१	१	१
विद्यालयमा आधारित अनुगमन र सहयोग प्रणाली अन्तर्गत प्र.अ.हरुका लागि Teachers, Mentors सम्बन्धी तालिम दिने	५०	५०	५०	५०	५०	१	१	१	१	१
कक्षा शिक्षण अनुगन कार्यक्रमका लागि क्षमता अभिवृद्धि र कार्यान्वयन गर्ने	३००	३००	३००	३००	३००	१	१	१	१	१
नयाँ भर्ना हुने ECED Teachers/Facilatotars हरुलाई अभिमुखीकरण गर्ने	५०		५०		५०	१		१		१
समावेशी शिक्षा सञ्चालन सम्बन्धी शिक्षकहरुलाई अभिमुखीकरण गर्ने	२००		१००		१००	१		१		१
लागत सहभागिताका अधारमा एक शिक्षक एक ल्यापटप कार्यक्रम	१७५०	१६५०	१६५०	१६५०	१७००	३५	३३	३३	३३	३४
शिक्षक व्यवस्थापन र तालिम कार्यक्रमको जम्मा बजेट (हजारमा)	**२९**	**२५.५**	**२७**	**२५.५**	**२७.५**					

४.३ आपत्कालीन तथा सङ्कटकालीन अवस्थामा शिक्षा

बेलाबेलामा देखापर्ने विभिन्न रोगजन्य महामारी, प्राकृतिक विपत्ति, द्वन्द्व जस्ता सङ्कटको समयमा सबै ठाउँमा विद्यार्थीहरु विद्यालयमा नै जम्मा भएर पठनपाठन गर्न सक्ने अवस्था नरहन पनि सक्छ । यस्तो अवस्थामा समेत बालबालिकाहरु शिक्षाबाट वञ्चित नहुन भन्ने उद्देश्यका साथ र उनीहरुको सिक्न पाउने अधिकारलाई संरक्षण दिँदै सिकाइलाई निरन्तरता दिनको लागि वैकल्पिक उपाय सहित तयार पारिएको शैक्षिक कार्यक्रमलाई आपत्कालीन तथा सङ्कटकालीन अवस्थामा शिक्षा भन्ने गरिन्छ। यसको मूल उद्देश्य भनेको सङ्कटकालीन तथा विपद्को अवस्थामा पनि बालबालिकाहरुलाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाध रूपमा क्रियाशील हुनेगरी शैक्षिक कार्यक्रमको तयारी र सञ्चालन गर्नु रहेको छ । यस अवधारणा अन्तर्गत सम्भावित जोखिमको पूर्व तयारी, आपत्कालीन अवस्थामा क्षति कम हुने गरी तत्कालको व्यवस्थापन आदि जस्ता कार्यढाँचा समेटिएको हुन्छ।

नेपालमा पनि प्रकोप व्यवस्थापन तथा सङ्कटकालीन अवस्थामा शिक्षा प्राप्त गर्ने बालबालिकाहरुको अधिकारलाई कुण्ठित हुन नदिने गरी नीतिगत तथा कानुनी व्यवस्थाका अतिरिक्त आवधिक योजना, शिक्षा क्षेत्रको दीर्घकालीन योजना र वार्षिक बजेट तथा कार्यक्रममा समेत समावेश गरिदै आएको छ। विषेशत् देशमा लामो समयसम्म चलेको आन्तरिक द्वन्द्व, २०७२ सालको भूकम्प, कोभिड १९, लगायत स्थानीय क्षेत्रमा घट्ने प्राकृतिक प्रकोपहरुका कारण बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारमा बाधा नपुगोस् भन्ने उद्देश्यले विद्यालय शिक्षा क्षेत्रको योजना (सन् २०२१-२०३०) मा समेत यस कुरालाई समावेश गरिएको छ । यसै महत्त्वलाई मध्यनजर गर्दै हल्दीबारी गाउँपालिकाले पनि आपत्कालीन तथा सङ्कटकालीन अवस्थामा शिक्षा योजना तयार गर्नुपर्दछ भन्ने मान्यताका साथ वर्तमान अवस्थालाई समेत विश्लेषण गरी क्रियाकलाप र उपलब्धिहरु समावेश गरिएको छ।

४.३.१ वर्तमान अवस्था

नेपालमा २०७२ सालमा आएको भूकम्प, कोभिड तथा स्थानीय स्तरमा हुने बाढी, पहिरो, डुवान जस्ता विपद्ले विद्यालयमा धेरै दिनसम्म असर पारेका प्रशस्त उदाहरणहरु रहेका छन्। हल्दीबारी गाउँपालिका समेत यो समस्याबाट अछुतो रहन सकेको छैन। कोभिड–१९ को विषम परिस्थितिमा त झन् आपत्कालीन शिक्षाको योजना स्थानीय तहबाट नै गरी आवश्यकताका आधारमा लागु गर्न तयार हुनुपर्छ भन्ने पाठ सबैलाई सिकाएको छ। नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले मिति २०७७।०२।१८ मा जारी गरेको वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका, २०७७ का अनुसार वैकल्पिक प्रणाली भन्नाले कोभिड–१९ वा यस्तै प्रकारको विपद् वा महामारी जस्ता कारणले पठनपाठन गर्न कठिन भएकोवा हुने अवस्थामा रेडियो, एफ.एम. रेडियो, टेलिभिजन, अनलाईन, परियोजना पाठहरु, स्वअध्ययन सामग्री, दूर शिक्षा तथा खुल्ला शिक्षालगायतका वैकल्पिक माध्यम वा पद्धतिबाट अध्ययन सुचारु राख्ने विधि र प्रक्रियालाई आत्मसात् गर्दै यस निर्देशिकाले सूचना प्रविधिलाई पनि विशेष जोड दिएको छ । यस शिक्षा योजनामा विपद्को समयमा पनि बालबालिकाको पठनपाठन क्रियाकलापलाई निरन्तरता दिन आवश्यक व्यावहारिक पहल कदमी दिनेगरी कार्यक्रमहरु तय गरिएका छन्।

४.३.२ उद्देश्य

देश तथा स्थानीय क्षेत्रमा विभिन्न अवस्थामा आइपर्न सक्ने आपत्कालीन तथा सङ्कटकालीन अवस्थामा समेत बालबालिकाको पढ्न पाउने अधिकारलाई सुनिश्चित गर्ने यो योजनाको मुख्य उद्देश्य रहेको छ। यसका साथै सङ्कटको समयमा प्रतिकार्यको संयन्त्र विकास गरी अल्पकालीन तथा दीर्घकालीन पुनर्स्थापना योजनामा समेत सहयोग गर्ने रहेको छ ।

४.३.३ रणनीति

हल्दीबारी गाउँपालिकाले शैक्षिक सुधारका लागि आपत्कालीन तथा सङ्कटको समयमा शिक्षा क्षेत्रमा निम्न रणनीतिहरु अपनाउने छ:

- प्रकोप, विपद्, महामारीको पूर्व अनुमान अनुसार सङ्घीय सरकारले बनाएका कार्यविधि लागु गरिनेछ।
- स्थानीय सरोकारवाला र विज्ञहरुसँग अन्तरक्रिया छलफल गरी स्थानीय स्तरमा सुहाउँदो तहगत रूपमा वैकल्पिक सिकाइ पाठ योजना तयार पारिनेछ।
- स्थानीय एफ.एम. रेडियो, रेडक्रस, स्काउट, स्थानीय क्ल्व, आमा समूहलगायतका संस्थासँग समन्वय गरिनेछ।
- विपद् प्रतिरोधी पूर्वाधारहरुको निर्माणमा जाडे दिइने छ।
- विपद् पूर्वतयारी र प्रतिकार्यका लागि विद्यालयस्तरमा तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।
- स्थानीय विज्ञहरु समेत समेटी गाउँपालिका स्तरीय एउटा विपद् व्यवस्थापन समिति बनाइनेछ। जसमा विद्यालय शिक्षा हेर्ने उपसमिति समेत बनाई कार्य सम्पादन गरिनेछ।

४.३.४ प्रमुख पलब्धि तथा नतीजा

उपलब्धि

यो योजना कार्यान्वयन भएपश्चात् आपत्कालीन तथा सङ्कटको समयमा समेत गाउँपालिकाभित्रका विद्यालयहरुमा पठनपाठन गर्ने विद्यार्थीहरुले वैकल्पिक माध्यमबाट भए पनि सिकाइलाई निरन्तरता दिँदै प्रतिकार्य क्षमता समेत बढाउँदै लैजानेछन् भन्ने अपेक्षा गरिएको छ।

नतीजा

- विद्यालय तथा स्थानीय शिक्षा प्रणालीमा आपत्कालीन तथा सङ्कटको समयका लागि व्यावहारिक योजना निर्माण भई आवश्यकताका आधारमा लागु हुने।
- प्रकोप महामारीमा समेत सिकाइ निरन्तर हुने।
- संघीय तथा प्रादेशिक योजनाहरुसँग समेत तालमले हुने।

४.४ विद्यालय भौतिक पूर्वाधार विकास

शिक्षा ऐन तथा नियमावलीमा तोकेको मापदण्ड अनुसार बालबालिकाको पठनपाठनको लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, दिसा पिसाबका लागि शौचालय, सरसफाइ र पिउनका लागि खानेपानी जस्ता भौतिक पूर्वाधारहरु विद्यालयका आधारभूत संरचना अन्तरगत पर्दछन्। राष्ट्रिय शिक्षा नीति, २०७६ अनुसार विद्यालयमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, खानेपानी, पुस्तकालय, बुक कर्नर. शिक्षक कक्ष, प्रधानाध्यापक कक्ष, सभाहल, कम्प्युटर कक्ष, मञ्च, बगैंचा जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवनलगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद् जोखिममुक्त बनाउँदै सबै विद्यालयलाई सुरक्षित एवम् बालमैत्रीका साथै हरित विद्यालयको रूपमा विकास गर्ने जस्ता नीतिगत व्यवस्था नेपाल सरकारद्वारा गरिएको छ।

हल्दीबारी गाउँपालिकामा रहेका १८ ओटा सामुदायिक विद्यालयमध्ये केही विद्यालयमा अझै पनि आवश्यकता अनुसारको कक्षा कोठाको अभाव देखिन्छ। धेरैजसो विद्यालयमा खेल्नका लागि पर्याप्त खेलकुद मैदान, विद्यालय घेरावार, शुद्ध

पिउनेपानी, पर्याप्त पुस्तक सहितको पुस्तकालय, आवश्यक पर्ने सामग्री सहितको प्रयोगशाला, जिन्सी कोठा, बुक कर्नर जस्ता पूर्वाधार पुग्न सकेको छैन । पढाइ सञ्चालनको लागि आवश्यकता अनुसारको कक्षाकोठा, प्रशासन कक्ष, लेखा शाखा कक्ष, बैठक कक्ष जस्ता सुविधाहरु अझै नपुग देखिन्छ । कतिपय विद्यालयमा त सुरक्षित र स्वच्छ पिउने पानी र WASH को व्यवस्था समेत छैन । पुस्तकालयका लागि आवश्यक पर्ने टेबुल, कुर्ची, दराज लगायतका फर्निचर, प्रयोगशालामा सामग्रीको अभाव छ । आवश्यकता अनुसार कक्षाकोठा, छात्राका लागि बेग्लै शौचालय, बुक कर्नर समेत हालसम्म पूर्ण हुन सकेको छैन । भौतिक पूर्वाधार सन्दर्भमा एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा आबद्ध गरिए पनि प्राविधिक एवम् वस्तुनिष्ठ आँकलन गर्न सकिएको छैन । पूर्वाधार विकासका विधि तथा प्रक्रियालाई पारदर्शी र जवाफदेही बनाउने, सुरक्षित विद्यालयको लागि उपयुक्त मापदण्ड विकास गर्ने, पूर्वाधार विकासका लागि Master Plan निर्माण, आवश्यक स्रोतको ब्यवस्थापन, भौतिक पूर्वाधारहरु अपाङ्गतामैत्री, बालमैत्री तथा लैङ्गिकमैत्री बनाउने चुनौतीहरु वर्तमान अवस्थामा रहेकाछन् ।

४.४.१ उद्देश्य

- पर्याप्त भौतिक पूर्वाधार विकास कार्यक्रम मार्फत गुणस्तरीय विद्यालय शिक्षाको व्यवस्थापनमा सहयोग पुर्याउनु यस योजनाको मुख्य उद्देश्य रहेको छ । यो उद्देश्य हासिल गर्न निम्नलिखित उद्देश्य निर्धारण गरिएको छ
- सुरक्षित विद्यालयको अवधारणा अनुरूप गुणस्तरीय विद्यालय शिक्षा व्यवस्थापनमा सहयोग गर्नु,
- विद्यालयका भौतिक पूर्वाधार विकासका लागि तोकिए बमोजिमको मापदण्ड कार्यान्वयन गर्नु/गराउनु,
- पारदर्शिता र जवाफदेहिताको सुनिश्चितता गरी भौतिक पूर्वाधार विकास कार्यहरु सञ्चालन गर्नु,
- सबै विद्यालयमा आवश्यकता अनुसार पर्याप्त पूर्वाधारको विकासको कार्यमा संघीय सरकार, प्रदेश सरकार, NGO/INGO सँग लागत साझेदारीको आधारमा स्रोत व्यवस्थापन गर्नु ।

४.४.२ रणनीति

माथि उल्लेख गरिएका उद्देश्यहरु हासिल गर्नकालागि तपसिलमा उल्लिखित रणनीतिहरु अवलम्बन गरिनेछ:

- विद्यालयको यथार्थ वस्तुस्थिति अध्ययन गरी सोका आधारमा आवश्यक भौतिक पूर्वाधारको आँकलन गरिनेछ,
- स्थानीय वातावरण, विद्यार्थी सङ्ख्या र लागतका आधारमा भौतिक पूर्वाधार विकाससम्बन्धी मापदण्ड तयार गरिनेछ,
- विद्यालयका लागि आवश्यक पर्ने भौतिक पूर्वाधार विकासका लागि सङ्घीय र प्रदेश सरकार तथा स्थानीय सरकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैह्रसरकारी संस्थासँग स्रोत व्यवस्थापनमा लागत साझेदारीको अवधारणा अपनाइनेछ,
- विद्यालयमा पूर्वाधार विकासका कार्य आवश्यकता र प्राथमिकताको आधारमा निर्माण गर्ने अवधारणा कार्यान्वयनको आरम्भ गरिनेछ ।
- पूर्वाधार विकाससँगै सुरक्षित विद्यालय, सामाजिक एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको रूपमा संस्थागत क्षमता सुदृढीकरण गरिनेछ ।
- सम्बन्धित सरोकारवालाहरुबिच समन्वय, सहकार्य र साझेदारीमा आवश्यक पर्ने भौतिक पूर्वाधारको समुचित उपयोग सुनिश्चितता गरिनेछ ।

४.४.३ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

विद्यालय भौतिक निर्माण र सुधार कार्यक्रमका लागि प्रस्तावित कार्यक्रमहरु										
प्रस्तावित कार्यक्रमहरु	लगानीको अनुमान (रकम हजारमा)					वार्षिक भौतिक लक्ष्य				
	२०२५/२६	२०२६/२७	२०२७/२८	२०२८/२९	२०२९/३०	२०२५/२६	२०२६/२७	२०२७/२८	२०२८/२९	२०२९/३०
	८२/८३	८३/८४	८४/८५	८५/८६	८६/८७	८२/८३	८३/८४	८४/८५	८५/८६	८६/८७
विद्यालयहरुमा WASH सुविधा, बालमैत्री, अपाङ्गमैत्री कक्षाकोठा निर्माण	१००००	१००००	१००००	१००००	१००००	२	२	२	२	२
विपद् जोखिम व्यवस्थापन र resilience लचिलोपन सम्बन्धी वृहत् योजनाको कार्यान्वयन गर्ने	१०००	१०००	१०००	१०००	१०००	१८	१८	१८	१८	१८
ECED बालबालिकाहरुका लागि WASH सुविधा सहितको छुट्टै शौचालय निर्माण गर्ने	२०००	२०००	२०००	२०००	२०००	३	३	३	३	३
विद्यालय भौतिक निर्माण र सुधार कार्यक्रमका लागि प्रस्तावित कार्यक्रमको जम्मा बजेट (लाखमा)	**१३०**	**१३०**	**१३०**	**१३०**	**१३०**					

४.५ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

एक्काइसौं शताब्दीको समयलाई सूचना प्रविधिको युग भन्ने गरिन्छ । सूचनाको सङ्कलन, सम्प्रेषण, एवम् सञ्चार गर्ने पत्रपत्रिका, कम्प्युटर, हार्डवेयर, सफ्टवेयर, नेटवर्क, इन्टरनेट लगायतका प्रविधिको समष्टिगत रूपलाई नै सूचना तथा सञ्चार प्रविधि भन्ने गरिन्छ । आजको समयमा वैज्ञानिक आविष्कार तथा आधुनिक प्रविधिको प्रयोगले अकल्पनीय परिवर्तन ल्याएको छ । पारम्परिक मूल्य मान्यतालाई सूचना प्रविधिमा आएको महत्त्वपूर्ण परिवर्तनले त्याग्दै विस्थापित गरिएको ठाउँमा नवीन मूल्य मान्यतालाई स्थापित गर्दै लगेको आजको समयको वास्तविकता हो ।

कक्षाकोठामा प्रविधि प्रयोगका कारण हाम्रो परम्परागत पठनपाठनको सिद्धान्तलाई विस्थापित गरी नयाँ अवधारणाको सुरुवात भएको पाइन्छ । शिक्षाका पाठ्यक्रम निर्माणदेखि त्यसको कार्यान्वयन मूल्याङ्कनका सम्पूर्ण अवधिमा सूचना तथा प्रविधिको महत्त्वपूर्ण भूमिका हुन्छ । समयानुकुल सूचना र प्रविधिको विकास तथा प्रयोगमा अगाडि बढेको मुलुकको शैक्षिक, आर्थिक सामाजिक, सांस्कृतिक, पर्यटकीय एवम् अन्य क्षेत्रमा भएको प्रगति उल्लेखनीय छ भने सूचना र प्रविधिमा कम पहुँचहुने मुलुकहरुको बिचमा ठूलो खाडल रहेको आभास हुन्छ । रेडियो, टेलिभिजन, कम्प्युटर, प्रोजेक्टर, डिजिटल क्यामेरा, स्मार्ट बोर्ड तथा इमेल इन्टरनेट जस्तो सूचना तथा सञ्चार प्रविधिका उपकरणहरु शिक्षण सामग्रीका रूपमा परम्परागत सामग्रीभन्दा बढी सान्दर्भिक, उपयुक्त, दक्ष र प्रभावकारी रूपमा प्रयोग गर्ने क्रम बढिरहेको छ ।

विश्वको कुनै एउटा कुनामा बसेर अर्को कुनाको खबर तथा ज्ञानका कुरा सजिलै हासिल गर्न सकिने र आफ्ना प्रतिक्रियालाई तुरुन्तै प्रदान गर्नसकिन्छ । प्रविधिको प्रयोगगर्दा शैक्षिक संस्थामा आर्थिक बोझ पर्न सक्छ र शिक्षकले पनि आफूलाई प्राविधिक रूपमा तयार हुनु पर्ने देखिन्छ । जब हाम्रा शैक्षिक संस्थाहरु प्रविधिमैत्री हुन्छन् तब विद्यार्थी आवश्यकता अनुसार शैक्षिक क्रियाकलापमा समावेश हुने गर्दछन् ।

सूचना प्रविधिको प्रयोगले शिक्षक र विद्यार्थी दुवैका लागि शिक्षण सिकाइ क्रियाकलापमा हुने पहुँचलाई वृद्धि गर्न सकिन्छ । अफलाईन तथा अनलाईन दुवै माध्यमबाट र दूरशिक्षाको माध्यमबाट शिक्षा लिने र दिने प्रक्रियालाई सहजीकरण गर्न सकिन्छ । मल्टीमिडियाको प्रयोगले कक्षाकोठामा सिकाइ कार्य बढी प्रभावकारी हुन्छ । त्यसैले, हल्दीबारी गाउँपालिका अन्तर्गत रहेका सबै विद्यालयमा राष्ट्रिय नीति र स्थानीय आवश्यकता अनुसार शिक्षामा सूचना प्रविधिलाई समावेश गर्दै अगाडि बढ्नुपर्ने आवश्यकता रहेको छ ।

४.५.१ वर्तमान अवस्था

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले जारी गरेको वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका, २०७७ का अनुसार वैकल्पिक प्रणाली भन्नाले विभिन्न विपद् वा महामारी जस्ता कारणले पठनपाठनमा कठिन भएको वा हुने अवस्थामा रेडियो, टेलिभिजन, अनलाइन, परियोजना पाठहरु, सिकाइ चौतारी, स्वअध्ययन, दूर तथा खुल्ला शिक्षालगायतका वैकल्पिक माध्यम वा पद्धतिबाट अध्ययन सुचारु राख्ने विधि र प्रक्रियाले सूचना तथा सञ्चार प्रविधिलाई विशेष जोड दिएको छ ।

शिक्षामा सूचना प्रविधिको प्रयोग गरी यस पालिकाले पालिकाभित्र रहेका सबै विद्यालयहरुमा सि.सि. क्यामेरा जडान गरी मोबाइल एप मार्फत पालिका र सम्बद्ध सरोकारवालाहरुले विद्यालय सञ्चालन भइरहेको समयको यथार्थ वस्तुस्थिति थाहा पाउन सक्ने व्यवस्था सञ्चालन गरेको अवस्था छ । यस गाउँपालिकाको शिक्षामा सूचना प्रविधिको अवस्था सुधारोन्मुख

रहे पनि धेरै समस्या र चुनौती समेत रहेका छन् । भरपर्दो इन्टरनेट सुविधाको कमी, सबै शिक्षक र अभिभावकसँग स्मार्ट मोबाइल नभएको, डाटाहरुको व्यवस्थापनमा कठिनाइ भएको, सबै अभिभावकलाई आबद्ध गर्न कठिनाइ भएको देखिन्छ ।

हल्दीबारी गाउँपालिकाभित्र शिक्षा तथा सूचना प्रविधिमा निम्न समस्याहरु तथा चुनौतीहरुदेखिएका छन्:

- पर्याप्त दक्ष प्राविधिक जनशक्तिको कमी हुनु,
- शिक्षकहरुको ठूलो हिस्सा प्रविधिमा अभ्यस्त नभएकोले सिकाइलाई प्रविधिमैत्री बनाउन कठिनाइ हुनु,
- इन्टटरनेट प्रयोगका सकारात्मक प्रभाव तथा सम्भावित जोखिमको विश्लेषण गरी सिकाइ प्रक्रियामा प्रयोग गर्ने ज्ञान तथा सिपको कमी हुनु,
- सबै शिक्षकहरुलाई सूचना प्रविधिको प्रयोग सम्बन्धी क्षमता विकास गर्न नसक्नु,
- शिक्षण सस्थाहरुमा द्रुतगतिको इन्टरनेटको विस्तार गर्न नसक्नु
- आइसिटी प्रयोगशालालाई आवश्यक पूर्वाधारहरुको विकासका लागि आवश्यक प्राविधिक तथा मानवीय स्रोतको व्यस्थापन नहुनु,
- सबै विद्यालयमा सूचना प्रविधिमैत्री कक्षाकोठाको व्यवस्थापन गर्न नसक्नु,
- सूचना प्रविधिमैत्री पाठ्यक्रम र पाठ्यपुस्तक तथा अन्य डिजिटल सामग्रीको उत्पादन र प्रयोग नहुनु,
- सूचना प्रविधिको प्रयोग गर्न शिक्षकहरुलाई तालिम प्रदान गरी सिप विकास गर्नन सक्नु,
- सूचना प्रविधिको क्षेत्र मा आवश्यकता अनुसार लगानी नहुनु,
- निम्न आय भएका अभिभावकहरुले यसका सामग्रीहरु खरिद गर्न नसक्नु,
- सबैलाई प्रविधिको पहुँच पुर्याउन यो आफैँमा महंगो हुन जानु ।

४.५.२ उद्देश्य

माथि उल्लिखित समस्याहरुको निराकरण गर्दै सूचना प्रविधिमा हल्दीबारी गाउँपालिकाको शिक्षा क्षेत्र अगाडि बढाउन निम्न उद्देश्यहरु राखीएको छ:

- सूचना तथा सञ्चार प्रविधिको पहुँच विस्तार गरी शिक्षक तथा विद्यार्थीहरुलाई प्रविधिमैत्री बनाई शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने
- विद्यार्थीहरुको सिकाइलाई प्रभावकारी, समय सान्दर्भिक र गुणस्तरीय सूचना प्रविधिको प्रयोग सबै विद्यालयमा विस्तार गर्ने
- शिक्षा सेवालाई छिटो, सजिलो तथा सहज र रमाइलो बनाउने,
- शैक्षिक व्यवस्थापन प्रभावकारी, उपलब्धिमूलक र कुशल तथा पारदर्शी बनाउने,
- गाउँपालिकाभित्र सबै विद्यालयमा निःशुल्क इन्टरनेट सेवालाई प्रभावकारी बनाउने ।

४.५.३ रणनीति

हल्दीबारी गाउँपालिकाले शैक्षिक सुधारका लागि सूचना प्रविधिको क्षेत्रमा निम्न रणनीतिहरु अपनाउने छ:

- सबै विद्यालयमा सूचना प्रविधिका आधारभूत संरचनाको व्यवस्थापन गरिनेछ
- शिक्षकहरुको क्षमता अभिवृद्धि गर्न तालिम तथा डिजिटल सामाग्री (एक शिक्षक एक ल्यापटप कार्यक्रम) साझेदारीका आधारमा व्यवस्थापन गरिनेछ।
- सूचना तथा सञ्चार प्रविधिको माध्यम र साधनको पहुँचमा वृद्धि गरिनेछ।
- शिक्षण संस्थाहरुमा निःशुल्क रूपमा उच्च द्रुत गतिको इन्टरनेट सेवा विस्तारको लागि सहजीकरण गरिनेछ।
- स्थानीयस्तरमा अनलाइनमा आधारित शैक्षिक सूचना व्यवस्थापन प्रणालीको विकास गरी विद्यालयहरुको शैक्षिक तथ्याङ्कलाई व्यवस्थापन गरिनेछ।
- अनलाइन तथा वैकल्पिक प्रविधिका साधनहरुलाई शिक्षण सिकाइमा साधनको रूपमा प्रयोग गरी सिकाइ क्षमता वृद्धि गरिनेछ।
- कक्षाकोठाहरु प्रविधि तथा सूचनामैत्री बनाइने छन्।
- विद्यालयमा इ पुस्तकालयको व्यवस्था गर्दै लगिनेछ।
- अपाङ्गता भएका बालबालिकाहरुका लागि उपयोगी हुने गरी डिजिटल सामग्री वितरण गरिनेछ।
- IEMIS लाई थप व्यवस्थित गरिने छ।
- इन्टरनेट प्रदायक संस्थाहरुसँग समन्वय गरी सूचना तथा सञ्चार प्रविधिको पहुँच सहज बनाइनेछ।
- गाउँपालिका क्षेत्रभित्र निःशुल्क इन्टरनेट उपलब्ध गराउने व्यवस्था मिलाउँदै लगिने छ।
- सूचना तथा सञ्चार प्रविधिमा आधारित सिकाइ सामग्रीको विकास गर्दै लगिनेछ।
- गाउँपालिकामा डिजिटल प्रविधिमा आधारित सिकाइ पोर्टल विकास गरी प्रयोगमा ल्याइनेछ।
- सामुदायिक सिकाइ केन्द्रलाई डिजिटल साक्षरता सिप विकासका लागि उपयोगमा ल्याइनेछ।

४.५.४ प्रमुख उपलब्धि तथा नतीजा

उपलब्धि

शिक्षक तथा विद्यार्थीहरुको लागि सूचना तथा सञ्चार प्रविधिको सहज पहुँच सहित शिक्षण सिकाइमा अधिकतम प्रयोग भएको हुनेछ।

नतीजा

- सबै विद्यार्थीहरुमा आधारभूत सञ्चार प्रविधिको सुविधामा पहुँच हुने,
- सबै विद्यालयमा सूचना प्रविधिको व्यवस्थापन भई शिक्षण सिकाइ सहज र उपलब्धिमा वृद्धि भएको हुने,

- विद्यालय व्यवस्थापन र सुशासनमा सुधार आउने,
- अनुगमन मूल्याङ्कन, सुपरिवेक्षण सूचना सम्प्रेषणमा सुधार आउनुका साथै जनशक्ति र समयको बचत हुने,
- विद्यार्थीहरुको सिकाइ प्रभावकारी, समय सान्दर्भिक र गुणस्तरीय हुने,
- शिक्षकहरुमा सूचना प्रविधि मैत्री शिक्षण क्षमता विकास भएको हुने,
- विद्यालय तथा कक्षा कोठाहरु सूचना प्रविधि मैत्री हुने,
- सिकाइ सहजीकरणको लागि एक शिक्षक एक ल्यापटपको व्यवस्था हुने,
- स्थानीय समुदायले पनि प्रविधिको उपयोग गर्न सिक्ने ।

४.५.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

सूचना प्रविधिका लागि प्रस्तावित कार्यक्रमहरु										
प्रस्तावित कार्यक्रमहरु	लगानीको अनुमान (रु. हजारमा)					वार्षिक भौतिक लक्ष्य				
	२०२५/ २६	२०२६/ २७	२०२७/ २८	२०२८/ २९	२०२९/ ३०	२०२५/ २६	२०२६/ २७	२०२७/ २८	२०२८/ २९	२०२९/ ३०
	८२/८३	८३/८४	८४/८५	८५/८६	८६/८७	८२/८३	८३/८४	८४/८५	८५/८६	८६/८७
द्रुत गतिको इन्टरनेट व्यवस्थापन	१८००	१८००	१८००	१८००	१८००	१८	१८	१८	१८	१८
डिजिटल सिकाइ सामग्री विकास र प्रयोग	५००	५००	५००	५००	५००	५०	५०	५०	५०	५०
ई-लाइब्रेरीको पहुँच विस्तार र उपायोग	५०	५०	५०	५०	५०	१८	१८	१८	१८	१८
सिकाइ पोर्टल विकास गर्ने	१००	१००	१००	१००	१००	१	१	१	१	१
शिक्षक तथा विद्यार्थीको दैनिक उपस्थिति, सिकाइ उपलब्धि, विद्यालयका शैक्षिक कार्यक्रम तथा गतिविधि हेर्न सकिने गरी मोबाइल एप विकास गर्ने	१००	१००	१००	१००	१००	१	१	१	१	१
सूचना प्रविधिको जम्मा बजेट (लाखमा)	**२५.५**	**२५.५**	**२५.५**	**२५.५**	**२५.५**					

परिच्छेद ५: सुशासन तथा व्यवस्थापन

सुशासन भनेको शासनको उचित, पारदर्शी, जिम्मेवारीपूर्ण र नैतिक तरिकामा सञ्चालन गर्ने प्रक्रिया हो। सरकारले संघीय, प्रदेश र स्थानीय स्तरका सबै कार्यहरुलाई जनताको भलाइका लागि व्यवस्थित र न्यायपूर्ण तरिकाले सञ्चालन गर्नुपर्ने कुरालाई जनाउँछ। शिक्षाप्रति निर्णय तथा कार्यान्वयनको समग्र प्रक्रियाले शासकीय प्रबन्धलाई बुझाउँछ। गाउँपालिकामा शैक्षिक योजनाको प्रभावकारी ढङ्गले कुशलतापूर्वक कार्यान्वयन गरी सरोकारवालाको सहभागिता र सिकाइमा सुधार गर्न आवश्यक संरचना, भूमिका तथा कार्यप्रक्रियाले सहभागिता तथा सहमतिमा निर्णय गर्न वा निर्णय कार्यान्वयन गर्न विधि विधानको सर्वोच्चतालाई प्रोत्साहन गरी अभिभावक र विद्यार्थीलाई सिकाइप्रति जवाफदेही बनाई सुशासन कायम गर्न सकिन्छ। शैक्षिक क्षेत्रमा सुशासन कायम गरी गुणस्तरीय शिक्षा प्रदान गर्न राज्यका तीनै तहका सरकार, सरकारी तथा गैर सरकारी संस्था र विद्यालय सबैको भूमिका महत्त्वपूर्ण हुन्छ। शैक्षिक योजना निर्माण गर्न, योजनाको कार्यान्वयन गर्न, संस्थागत क्षमता विकास गर्न, प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु पर्दछ। सुशासन र व्यवस्थापनका लागि योजनाको उद्देश्य, कार्यक्रमको स्वरूप, अपेक्षित नतीजा, संवैधानिक प्रावधानका साथै सङ्घीय संरचनामा विभिन्न तहका सरकारका दायित्व, ज्ञान, प्रविधि, मूल्यमान्यता तथा दृष्टिकोणमा आएका परिवर्तनलाई विचार पुर्याउनु पर्दछ। नेपालको संविघानमा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारका एकल र साझा अधिकारका सूची सहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था गरेको छ। त्यसमध्ये विद्यालय शिक्षाको व्यवस्थापकीय जिम्मेवारी स्थानीय तहको एकल अधिकारको रूपमा राखीएको छ। हल्दीबारी गाउँपालिकाले पनि आफ्नो अधिकारको प्रयोग गरी सम्पूर्ण नागरिकहरुको शिक्षा प्राप्त गर्ने नैसर्गिक अधिकारको प्रत्याभूति दिलाउन शिक्षा सम्बन्धी ऐन तथा नियमावली निर्माण गरी शैक्षिक सुशासन तथा व्यवस्थापन गर्ने गरेको छ।

५.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

शिक्षा प्रणालीलाई प्रभावकारी, गुणस्तरीय र दिगो बनाउनको लागि उचित व्यवस्थापन र संस्थागत क्षमता विकास हुन जरुरी हुन्छ। शिक्षाको व्यवस्थापन भनेको शिक्षा क्षेत्रलाई सङ्गठित, योजनाबद्ध र प्रभावकारी तरिकाले सञ्चालन गर्ने प्रक्रिया हो जसले शिक्षालाई सर्वसुलभ, समावेशी र गुणस्तरीय बनाउन मद्दत गर्दछ। नेपालमा भएको शासकीय स्वरूपको परिवर्तनसँगै शैक्षिक संरचनामा पनि केही परिवर्तन गरिएको छ। नेपालको सङ्घीय संरचना, शिक्षामा भएको सङ्ख्यात्मक विस्तार, ज्ञान, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास, सामाजिक चेतनामा आएको परिवर्तन समेतलाई विचार गरी शैक्षिक गतिविधिलाई प्रभावकारी बनाउन शिक्षाको व्यवस्थापन तथा क्षमता विकास गर्दै सुशासनको प्रत्याभूति प्रदान गर्न आवश्यक छ।

पालिका तहमा शिक्षालाई व्यवस्थापन गर्न गाउँ शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, तथा विद्यालयहरु मुख्य संयन्त्रका रूपमा रहेका छन्। शिक्षा योजनामा उल्लिखित नीति तथा कार्यक्रमको सफल कार्यान्वयनको लागि सरोकार वालाको क्षमता विकास हुन जरुरी छ। यसका लागि सहभागितामूलक योजना निर्माण र प्रवोधीकरण मार्फत कार्यान्वयन संयन्त्रको क्षमता विकास गरिनेछ।

५.१.१ वर्तमान अवस्था

नेपालको संविधान २०७२ ले स्थानीय तहलाई दिएको अधिकार प्रयोग गरी गाउँपालिकाको शैक्षिक व्यवस्थापनका लागि हल्दीबारी गाउँपालिकाको शिक्षा नियमावली, २०७५ जारी गरी स्वबमोजिम विद्यालय तहको शिक्षाको व्यवस्थापन गर्दै आएको छ । हल्दीबारी गाउँपालिकाको शिक्षा नियमावली, २०७५ मा विद्यालय शिक्षाको व्यवस्थापनका लागि गाउँपालिका अध्यक्षको संयोजकत्वमा गाउँ शिक्षा समिति गठन गर्ने व्यवस्था रहेको छ । सो बमोजिमको समितिले गाउँपालिकाभित्रका विद्यालयको रेखदेख र व्यवस्थापन गर्ने गरेको छ ।

यस गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृतको नेतृत्वमा प्रशासनिक कार्य सञ्चालन भइरहेको छ । गाउँपालिकामा रहेका विभिन्न शाखा तथा महाशाखामध्ये शिक्षा युवा तथा खेलकुद शाखा पनि एक हो । शाखामा पर्याप्त जनशक्तिको व्यवस्था हुन नसक्दा सीमित कर्मचारीमात्र भएका कारण विद्यालयको नियमित अनुगमन र कक्षा अवलोकन सहित शिक्षकहरुलाई पेसागत क्षमता अभिवृद्धिका काममा स्थलगत रूपमै सघाउने जनशक्ति थप गर्नुपर्ने आवश्यक देखिएको छ ।

शैक्षिक उपलब्धि हासिल गर्न विद्यालय व्यवस्थापन एउटा प्रमुख र महत्त्वपूर्ण पक्ष हो । प्राप्त स्रोत साधनको उचित व्यवस्थापन र नपुग स्रोत साधनको खोजी गर्ने जिम्मेवारी विद्यालय व्यवस्थापन पक्षमा पर्दछ । विद्यालयको उद्देश्य र लक्ष्य मात्र नभई राष्ट्रिय उद्देश्य परिपूर्ति गर्ने कार्यस्थल विद्यालय भएकाले यसको व्यवस्थापकीय पाटो बलियो हनु जरूरी छ । हल्दीबारी गाउँपालिकाभित्रका सबै विद्यालयहरुको व्यवस्थापन, रेखदेख र सञ्चालनका लागि प्रत्येक विद्यालयमा एक विद्यालय व्यवस्थापन समिति रहने व्यवस्था छ । विद्यालय व्यवस्थापकीय क्षेत्रका निर्णयहरु व्यवस्थापन समितिकै मातहतमा निर्णय गरी कार्यान्वयन गर्ने गरिन्छ । व्यवस्थापन समितिले गरेका निणर्यहरुलाई विद्यालयको आधिकारिक निर्णय मान्ने वर्तमान व्यवस्था रही आएको छ । विद्यालयमा सञ्चालन हुने भौतिक, आर्थिक र शैक्षिक कार्यहरुको सञ्चालन व्यवस्थापन समितिको सक्रियतामा सम्पन्न गरिन्छ । विद्यालयको रेख देख, सञ्चालन, निरीक्षण, र व्यवस्थापन गर्ने, आर्थिक स्रोत जुटाउने, बजेट स्वीकृत गर्ने, शिक्षक सेवाको सुरक्षा र संवर्धन गर्ने, रिक्त शिक्षक पदपूर्ति गर्ने व्यवस्थापकीय कार्यहरु व्यवस्थापन समितिले गर्दै आइरहेको छ । विद्यालयको व्यवस्थापकीय पाटोलाई बलियो बनाउन शिक्षक अभिभावक संघ रहने व्यवस्था छ । शिक्षक र अभिभावकको सम्बन्ध सुमधुर बनाई शिक्षण सिकाइको व्यवस्थापनमा समितिले भूमिका खेल्ने गर्दछ । विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रूपमा काम गर्न प्रत्येक विद्यालयमा एक प्रधानाध्यापक रहेको हुन्छ । विद्यालयमा कार्यरत शिक्षकहरुमध्येबाटै प्रधानाध्यापक नियुक्ति गर्ने व्यवस्था वर्तमान नियमावलीमा रहेको छ । विद्यालयको शैक्षिक गुणस्तर कायम गर्ने, अनुशासन कायम राख्ने, शिक्षक, अभिभावक व्यवस्थापन समिति बिचमा सुमधरु सम्बन्ध कायम गर्ने, विद्यालयको प्रशासनिक कार्य सञ्चालन गर्ने जिम्मेवारी प्रधानाध्यापकको रहेको छ । हल्दीबारी गाउँपालिकामा शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकासमादेखिएका चुनौतीहरु निम्नानुसार रहेका छन् ।

- स्रोत साधनको उपलब्धता,
- जनशक्ति व्यवस्थापन,
- अभिभावक तथा समुदायको संलग्नता,
- विद्यालयको सस्थागत क्षमता,

- समावेशी शिक्षाको कार्यान्वयन,
- शैक्षिक गुणस्तर,
- शिक्षाको व्यवस्थापकीय पक्ष,
- सरोकारवालाहरुको सहभागिता,
- शिक्षकहरुको सक्रियता,
- योग्य प्रधानाध्यापकको व्यवस्थापन,
- प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिको जवाफदेहिता,
- गाउँपालिकाका शिक्षा ऐन, नियमको प्रभावकारी कार्यान्वयन।

५.१.२ उद्देश्य

- समसामयिक र सान्दर्भिक नीति तथा कानुनहरुको निर्माण गर्नु,
- स्थानीय तहमा आवश्यक शिक्षक व्यवस्थापन तथा संस्थागत सुधार गर्नु,
- जनशक्तिको लागि संस्थागत क्षमता अभिवृद्धि गर्नु,
- विद्यालय पूर्वाधार तथा स्रोत साधनको विकास गर्नु,
- सिकाइमा अभिभावकको संलग्नता बढाउनु,
- गुणस्तरीय शिक्षालाई प्रवर्धन गर्नु,
- शिक्षाको पहुँच र समावेशिता विस्तार गर्नु,
- शिक्षामा सूचना प्रविधिको प्रयोगलाई प्रवर्द्धन गर्न,
- व्यावसायिक तथा सिपमूलक शिक्षालाई प्रवर्द्धन गर्नु,
- शिक्षामा सुशासन र पारदर्शिता कायम गर्नु।

५.१.३ रणनीति

- स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तथा योजना सुदृढीकरण गर्ने।
- संस्थागत संरचनाअनुसार जनशक्तिको व्यवस्थापन गर्ने।
- कार्यरत जनशक्तिको पेसागत विकास गर्ने।
- शिक्षा प्रणालीमा प्रविधिको प्रयोग विस्तार गर्ने।
- शिक्षाको वित्तीय व्यवस्थापनमा पारदर्शिता कायम गर्ने।
- शैक्षिक व्यवस्थापनका लागि आवश्यक स्रोत साधनको व्यवस्थापन गर्ने।
- प्रधानाध्यापकको क्षमता विकास गर्ने।

- अभिभावक शिक्षाका माध्यमबाट विद्यालयको व्यवस्थापनमा अभिभावकको संलग्नता बढाउने।
- गाउँपालिकामा रोस्टर प्रशिक्षकको व्यवस्थापन गर्ने।
- गाउँ शिक्षा समितिलाई प्रभावकारी बनाउने।
- नियमित अनुगमन, मूल्याङ्कन तथा सुधार प्रक्रिया लागु गर्ने।

५.१.४ प्रमुख उपलब्धि तथा नतीजा

उपलब्धि

- नीति तथा कानुनी संरचनाको विकास हुनेछ।
- विद्यालय पूर्वाधारको विकास हुनेछ।
- शिक्षक व्यवस्थापन तथा तालिम प्रणालीको विकास हुनेछ।
- विद्यार्थी भर्ना तथा सिकाइ उपलब्धिमा सुधार हुनेछ।
- प्रविधि सम्पन्न शिक्षा प्रणालीको विस्तार हुनेछ।
- व्यावसायिक तथा सिपमूलक शिक्षाको विकास हुनेछ।
- विद्यालय व्यवस्थापनमा पारदर्शिता र समुदायको सहभागिता वृद्धि हुनेछ।
- शिक्षासँग सम्बन्धित सम्पूर्ण निकायमा सुशासन कायम भई बालमैत्री सिकाइ वातावरण सुनिश्चित हुनेछ।

प्रमुख नतीजा

क्र.स.	सूचक	आधार वर्ष २०८१/८२	२०८२/८३	२०८३/८४	२०८४/८५	२०८५/८६	२०८६/८७
१.	माध्यमिक विद्यालयमा नेतृत्व तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या	६	६	६	६	६	६
२.	आधारभूत तहको विद्यालयमा नेतृत्व विकास तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या	११	११	११	११	११	११
३.	लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय सङ्ख्या	३०	३०	३०	३०	३०	३०
४.	विद्यालय व्यवस्थापन समिति भएका विद्यालय सङ्ख्या	३०	३०	३०	३०	३०	३०
५.	प्रचलित कानुनमा व्यवस्था भए बमोजिम प्रधानाध्यापक तथा प्राचार्य नियुक्त गर्ने माध्यमिक विद्यालय	१३	१३	१३	१३	१३	१३

५.२ स्थानीय शिक्षा योजना कार्यान्यनको प्रबन्ध

नेपालको सङ्घीय संरचनाअनुसार शिक्षा व्यवस्थापनको जिम्मेवारी स्थानीय तहलाई दिइएको सन्दर्भमा संघीय संरचनाअनुसार स्थानीय तहलाई सक्षम बनाउन आवश्यक प्रबन्ध गर्नुपर्ने गरी यस योजनामा केही कार्यलक्ष्यहरु निर्धारण गरिएका छन् । ती कार्यलक्ष्यहरुको कार्यान्वयन प्रबन्ध तयार गर्दा यसको दिगोपन, प्रभावकारिता तथा कार्यकुशलतामा ध्यान दिई कार्यान्वयन गर्नु आवश्यक छ ।

५.२.१ वर्तमान अवस्था

हल्दीबारी गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृतको नेतृत्वमा कर्मचारी संयन्त्रको व्यवस्था गरिएको छ । पालिकाले विभिन्न विषय क्षेत्रसँग सम्बन्धित शाखाहरुको व्यवस्था गरेको छ । ती शाखाहरुमध्ये शिक्षा, युवा तथा खेलकुद शाखा रहेको छ जसले विद्यालय शिक्षा सम्बन्धी काम गर्दै आएको छ ।

पालिकाभित्रका सबै विद्यालयमा विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको कार्यकारी समिति रहेका छन् । विद्यालयमा विद्यालय व्यवस्थापन समितिको सक्रियता रहेको देखिन्छ भने शिक्षक अभिभावक संघको सक्रियता न्यून देखिएको छ । सबै विद्यालयले सामाजिक परीक्षण र लेखा परीक्षण गरेका छन् ।

यो योजनाको निर्माण पश्चात् प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि आवश्यक कार्यविधि निर्माण, बजेटको व्यवस्था, जनशक्ति व्यवस्थापन, कार्यान्वयन योजना, अनुगमन, सरोकारवालासँगको समन्वय तथा सहकार्य, प्रवोधीकरण कार्यक्रम जस्ता कार्यक्रमहरु कार्यान्वयन गरी विद्यमान प्रशासनिक संयन्त्रको अधिकतम उपयोग गरी कार्यान्वयन गरिने छ ।

५.२.२ उद्देश्य

- शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु ।
- गाउँपालिकामा गुणस्तरीय शिक्षाको प्रवर्द्धन गर्नु ।
- स्थानीय जनताको शिक्षामा पहुँच वृद्धि गर्नु ।
- शिक्षामा सामुदायिक सहभागिता प्रवर्द्धन ।
- शिक्षा सम्बन्धी बजेटको प्रभावकारी प्रयोग गर्नु ।
- शिक्षामा सुशासन, पारदर्शिता र दिगोपन कायम गर्नु ।

५.२.३ रणनीति

- संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरण मार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेट समेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने ।
- कार्यक्रम कार्यान्वयनका लागि आवश्यक कार्यविधि तथा निर्देशिका तयार पार्ने ।

- कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी कार्यक्रम प्रभावकारी कार्यान्वयन हुने तथा समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने।
- एकीकृत शैक्षिक सूचना व्यवस्थापन मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा तिनका नतीजाहरु तयार पार्ने र समीक्षा गरी थप सुधार गर्ने।
- विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ गठन गर्ने र विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने।
- विद्यालय सुधार योजना (SIP) निर्माण तथा अध्यावधिक गर्न लगाउने,
- विद्यालय व्यवस्थापनलाई सशक्त र सुदृढ गरी कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने।
- वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा कक्षा कोठा समय तथा कार्यको सुनिश्चितता सम्बन्धी आवश्यक मापदण्ड तयार गर्ने।
- अभिभावक र सरोकारवालासँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने।

५.२.४ प्रमुख उपलब्धि तथा नतीजा

उपलब्धि

- शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ।
- गाउँपालिकामा शिक्षाको लागि पर्याप्त बजेटको व्यवस्था भएको हुनेछ।
- शिक्षा सम्बन्धी आवश्यक कार्यविधिहरु तयार भएका हुनेछन्।
- गाउँपालिकाभरिका विद्यालयमा बालमैत्री वातावरण सिर्जना भएको हुनेछ।
- विद्यालय बाहिर कुनै पनि बालबालिका रहेका हुने छैनन्।
- बालबालिकाको शिक्षा पाउने हकको पूर्ण कार्यान्वयन भएको हुनेछ।
- शिक्षक तथा विद्यार्थीहरुमा लागुपदार्थ लगायत दुर्व्यसनहरुमा सुधार भएको हुनेछ।
- स्थानीय आवश्यकता अनुसारको स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन भएको हुनेछ।

नतीजा

- शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन कायम भई बालबालिकाको शिक्षाप्रति उत्तरदायी प्रणलीको विकास हुनेछ।
- आवश्यक सम्पूर्ण कानुन तथा कार्यविधिहरु निर्माण भएका हुनेछन्।
- शिक्षा क्षेत्रमा आर्थिक अनुशासन कायम हुनेछ।

- वित्तीय स्रोत तथा जनशक्तिको उचित व्यवस्थापन हुनेछ।
- शैक्षिक सत्रको अन्तमा उपलब्धिको समीक्षा तथा आगामी वर्षको योजना निर्माण गर्ने कार्यको थालनी हुनेछ।
- बालमैत्री कक्षाकोठा निर्माण हुनेछन्।
- हरेक विद्यालयले विद्यालय सुधार योजना निर्माण गरी कार्यान्वयन गरेका हुनेछन्।
- प्रत्येक विद्यालयमा सक्षम विद्यालय व्यवस्थापन समिति गठन हुनेछ।
- नेतृत्व सिप भएको योग्य, दक्ष र उत्तरदायित्व वहन गर्न सक्ने कुशल प्रशासकको रूपमा प्रधानाध्यापकको नियुक्ति हुनेछ।
- पूर्ण साक्षर पालिका घोषणा हुनेछ।
- विद्यालयको वार्षिक कार्ययोजनामा समग्र शैक्षणिक गतिविधि तथा अतिरिक्त क्रियाकलापहरु स्पष्ट रूपमा उल्लेख गरी सबै विद्यालयमा एकरूपता कायम हुने गरी कार्यान्वयन भएका हुनेछन्।

५.२.५ मुख्य क्रियाकलाप र परिमाणात्मक लक्ष्य

क्र.सं.	प्रमुख क्रियाकलाप	एकाइ	भैतिक लक्ष्य (५ वर्ष)						भैतिक लक्ष्य (१० वर्ष)	कैफियत
			१	२	३	४	५	जम्मा		
१.	वार्षिक बजेट तथा कार्यक्रम निर्माण	पटक	१	१	१	१	१			
२.	आवश्यक कानुन तथा कार्यविधि निर्माण	आवश्यकता अनुसार	निरन्तर							
३.	कानुन निर्देशिका मापदण्डको प्रवोधीकरण	आवश्यकता अनुसार	निरन्तर							
४.	विद्यालय सुधार योजना निर्माण तथा अध्यावधिक	वटा	३०	३०	३०	३०	३०	सबै		सबै विद्यालय
५.	एकीकृत शैक्षिक सूचना प्रणाली सुदृढीकरण	निरन्तर	निरन्तर							
६.	शैक्षिक गुणस्तर सुधार सम्बन्धी अन्तरक्रिया		वडा भित्रका सबै विद्यालयलाई शैक्षिक सत्रको सुरुवातमा वर्षको २ पटक							
७.	सामाजिक परीक्षण प्रतिवेदनको आधारमा विद्यालयलाई थप सहजीकरण		सबै विद्यालयलाई वर्षको १ पटक							

परिच्छेद ६: लगानी र स्रोत व्यवस्थापन

शिक्षा विकासको मेरुदण्ड हो। कुनै पनि देश विकसित बन्नका लागि त्यस देशको शैक्षिक अवस्था राम्रो हुनु पर्दछ। शैक्षिक क्षेत्रमा स्तरीय लगानी गरेका देशहरु विकासको दृष्टिकोणले अग्रगतितर्फ लागेको देखिन्छ। राज्यले नीति नियम निर्माण गर्दा शिक्षा क्षेत्रमा बढी महत्त्व दिएमा मात्र देशको समग्र विकासको गति तीव्र हुन जान्छ। आजका बालबालिका भोलिका राष्ट्र निर्माता हुन्। उनीहरुको लागि समय सान्दर्भिक शिक्षा दिन सकेमा मात्र राष्ट्रलाई आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन हुन सक्दछ। बालबालिकाहरुलाई गुणस्तरीय शिक्षा सुनिश्चित गर्न स्रोत वितरण हुन आवश्यक छ। यसका लागि शिक्षामा समयानुकुल लगानी वृद्धि हुन अति आवश्यक छ।

नेपालको संविधानले आधारभूत तहको शिक्षा निशुल्क र अनिवार्य एवम् माध्यमिक तहको शिक्षा निशुल्क हुने व्यवस्था गरेको छ। संविधानमा व्यवस्था गरिएको मौलिक हक शिक्षा ऐन नियममा समेत उल्लेख गरिएको छ। यसैका आधारमा नेपाल सरकारले पनि शिक्षा क्षेत्रलाई महत्त्वपूर्ण आधारका रूपमा लिएको पाइन्छ। सबै बालबालिकालाई गुणस्तरीय शिक्षा प्रदान गर्नु सरकारको दायित्व हो। संविधानले व्यवस्था गरेअनुसार माध्यमिक तहसम्मको शिक्षा सञ्चालन गर्ने मुख्य जिम्मेवारी स्थानीय सरकारको हो। शिक्षा साझा विषय भएकाले यसको वित्तीय व्यवस्थापनमा संघ र प्रदेशले समेत जिम्मेवारी बहन गर्ने व्यवस्था रहेको छ। स्थानीय तह र निजी क्षेत्रको समेत साझेदारी रहनु आवस्यक छ। वित्तीय व्यवस्थापनमा सशर्त अनुदान, समानीकरण अनुदान, समपूरक अनुदान विशेष अनुदान र ऋणको व्यवस्था समेत गर्न सकिन्छ।

हल्दीबारी गाउँपालिकाले पनि सङ्घ, प्रदेश तथा विभिन्न निकायहरुसँग समन्वय गर्दै बजेट परिचालन गरी शैक्षिक क्षेत्रको व्यवस्थापन गर्दै आएको छ। यस गाउँपालिकाले शिक्षामा आवश्यक पर्ने सङ्घीय, प्रादेशिक र स्थानीय बजेट परिचालन गरी शैक्षिक क्षेत्रको उपलब्धि हासिल गर्न प्रयास गरिरहेको छ। विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको तलव भत्ताको व्यवस्था संघीय सरकारले बेहोर्ने व्यवस्था भए पनि स्थानीय सरकारले समेत आफ्नो आन्तरिक स्रोतमा शिक्षक तथा कर्मचारी नियुक्ति गर्ने गरेको छ। यसका अलावा निजी क्षेत्रले समेत गाउँपालिकाभित्र विद्यालयहरु स्थापना गरी शिक्षा क्षेत्रमा योगदान दिदै आएका छन्। शिक्षामा गुणस्तर कायम गरी नतीजा सुधार गर्नका लागि स्थानीय सरकारले समेत आवश्यक बजेटको स्रोत खोजी गरी शिक्षाको लगानीलाई प्रभावकारी र थप व्यवस्थित बनाउनुपर्ने आवश्यकता छ।

६.१ वर्तमान अवस्था

देश विकासको मेरुदण्डको रूपमा रहेको शिक्षा क्षेत्रमा पर्याप्त बजेट सहित कार्यक्रमहरु कार्यान्वयन गर्नु पर्छ भन्ने कुरामा सबैको एकमत रहेको छ। राज्यले शिक्षा क्षेत्रमा क्रमशः लगानी बढाउँदै लगेको अवस्था छ। विगत केही वर्षहरुमा संघीय तहबाट कुल बजेटको ९–११ प्रतिशतको हाराहारीमा शिक्षा क्षेत्रलाई व्यवस्था गरिएको पाइन्छ। हल्दीबारी गाउँपालिकाले संघ, प्रदेश र स्थानीय तहको स्रोतलाई परिचालन गरी शिक्षा क्षेत्रको वित्तीय व्यवस्थापन गर्दै आएको छ। वित्तीय व्यवस्थापनमा सशर्त अनुदान, समानीकरण अनुदान, समपूरक अनुदान विशेष अनुदान र स्थानीय तहले आवश्यकताअनुसार थप गरी वित्तीय व्यवस्थापन गर्ने गरेको छ। आवश्यक मात्रामा अपुग शिक्षकहरु थप गर्ने, सूचना तथा प्रविधि का लागि बजेट व्यवस्थापन, शिक्षक तालिम, प्रोत्साहन साथै अतिरिक्त कार्यक्रम सञ्चालन गर्ने गरेको छ।

पालिका भित्रका सम्पूर्ण विद्यालयको शैक्षिक भवनहरु भौगोलिक आवश्यकता अनुरूप पूर्णरूपमा व्यवस्थित नहुनु, प्रयाप्त शिक्षक दरबन्दीमा लगानी नहुनु, सबै विद्यालयमा प्रशासनिक काममा सहयोग गर्ने कर्मचारीको व्यवस्था हुन नसक्नु, शिक्षा क्षेत्रको बजेटको आकार सानो हुनु, स्थानीय तहको आन्तरिक आम्दानीको स्रोत कम हुँदा शिक्षा क्षेत्रमा आवश्यकता अनुसारको बजेट व्यवस्थापन गर्न कठिनाई भइरहेको छ। शैक्षिक सामग्री, शिक्षक तालिम, शिक्षण सिकाइ क्रियाकलापमा लगानीको स्रोत जस्ता चुनौतीहरु यस पालिकामा कायमै छन्। यी समस्याका बाबजुद पनि गाउँपालिकाले शैक्षिक क्षेत्रको सुधारलाई महत्त्वका साथ अगाडि बढाएको छ।

६.२ उद्देश्य

गाउँ शिक्षा योजनाको वित्तीय व्यवस्थापनका मुख्य उद्देश्यहरु निम्नानुसार रहेका छन्।

- गाउँपालिकाभित्र सञ्चालन गरिने शैक्षिक कार्यक्रमहरुको कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोतको परिचालन गर्ने।
- विद्यालयलाई आवश्यक पर्ने वित्तीय स्रोतको प्रक्षेपण गर्ने।
- प्राथमिकताका आधारमा बजेट तथा कार्यक्रम निर्धारण गर्ने।
- सङ्घीय, प्रादेशिक र स्थानीय तहको वित्तीय भार स्पस्ट गर्ने।
- स्थानीय स्रोतको आँकलन र सम्भाव्यताको खोजी गर्ने।

६.३ रणनीति

हल्दीबारी गाउँपालिकाले शैक्षिक क्षेत्रको सुधार योजनाका निमित्त वित्तीय व्यवस्था सम्बन्धी निम्न रणनीतिहरु अवलम्बन गर्नेछ:

- वित्तीय व्यवस्थापनमा सशर्त अनुदान, समानीकरण अनुदान, समपूरक अनुदान, र विशेष अनुदानलाई पारदर्शी रूपमा परिचालन गरिनेछ।
- सङ्घीय र प्रदेशबाट प्राप्त बजेटको उचित परिचालन गरिनेछ।
- सरकारी अनुदान प्राप्त विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गरी जवाफदेही बनाइने छ।
- संघ र प्रदेशबाट लगानी नपुग भएका शैक्षिक क्षेत्रहरुमा गाउँपालिकाद्वारा वित्तीय व्यवस्थापन गरिने छ
- मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गरिनेछ।
- विद्यालयहरुलाई वित्तीय व्यवस्थापनमा क्षमता सुधार गरी जिम्मेवारी, पारदर्शी र उत्तरदायी बनाइने छ।
- शिक्षण सिकाइको अनुगमन सुपरिवेक्षण, मूल्याङ्कन, सहजीकरण प्रणालीलाई व्यवस्थित गरिने छ।
- विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण र विद्यालयको कार्य सम्पादनलाई व्यवस्थित रूपमा कार्यान्वयन गरिने छ।
- शैक्षिक योजना तथा कार्यक्रमको नियमित अद्यावधिक र अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गरिने छ।
- अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई लागु गरिने छ।

६.४ प्रमुख उपलब्धि तथा नतीजा

- यस योजनाको कार्यान्वय बाट हासिल हुने मुख्य उपलब्धि तथा नतीजाहरु यस प्रकार हुनेछन् ।
- पहुँच, समता, गुणस्तर, क्षमता विकासमा आवश्यक स्रोतको व्यवस्थापन भएको हुने छ ।
- वित्तीय कार्य कुशलता, पारदर्शिता, जिम्मेवारी, उत्तरदायित्व सुदृढ भएको हुनेछ ।
- सङ्घीय र प्रदेशबाट प्राप्त बजेटको उचित परिचालन हुनेछ ।
- पालिकाभित्रका विद्यालयको शैक्षिक गुणस्तर वृद्धिका लागि अन्य सङ्घ सस्थाहरुबाट समेत आवश्यक सहयोग जुटाई शैक्षिक गुणस्तर विकास गरी राष्ट्रिय मापदण्डको नजिक पुग्ने अवस्था हुनेछ ।
- माध्यमिक तह सम्मको शिक्षाको लागि सहरी क्षेत्रतर्फ स्थानान्तरण भई जाने विद्यार्थी सख्यालाई कम गर्दै शून्य स्थानान्तरण हुने अवस्था आउने छ ।
- साक्षर गाउँपालिकाको अवधारणालाई निरन्तरता दिई कार्यमूलक क्षमता वृद्धि हुनेछ ।
- शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई बढावा दिई हरेक विद्यालयमा सूचना प्रविधि ल्याव लगायतका पूर्वाधारको विकास भएको हुनेछ ।
- पालिकाभित्रका विद्यालयमा आवश्यकताका आधारमा प्राथमिकीकरण गरी भौतिक पूर्वाधारको विकास भएको हुनेछ ।

यस शैक्षिक योजनामा प्रस्ताव गरिएका विभिन्न शीर्षकहरुका आधारमा आगामी ५ वर्षका कार्यक्रमहरुका लागि बजेट अनुमान गरिएको छ । बजेट अनुमान गर्दा संविधानमा व्यवस्था भएअनुसार निशुल्क र अनिवार्य शिक्षालाई ध्यान दिइएको छ । आधारभूत र माध्यमिक तहको शिक्षामा गुणस्तर कायम हुनेगरी वित्तीय अनुमान गरिएको छ । भर्ना वृद्धि दर तथा टिकाउदर बढाउने र व्यावसायिक सिप हासिल गर्ने उद्देश्यका साथ बजेटको प्राथमिकता तोकिएको छ । गुणस्तरीय शिक्षालाई थप बल पुग्नेगरी विद्यालयको भौतिक अवस्थाको सुधारको अपेक्षा गरिएको छ । शिक्षा प्रणालीमा सूचना तथा सञ्चार प्रविधिलाई जोड दिइएको छ । स्थानीय पाठ्यक्रमको कार्यान्वयनका लागि स्थानीय विज्ञता प्रयोग गर्न आवश्यक सन्दर्भ सामग्री निर्माण र प्रयोग तथा राष्ट्रिय पाठ्यक्रमको कार्यान्वयनमा बल पुग्ने गरी वित्तीय व्यवस्थापनको प्रयास गरिएको छ । आधारभूत तहमा दिवाखाजा, विद्यार्थीको लागि छात्रवृतिको व्यवस्था, निशुल्क पाठ्यपुस्तक वितरण जस्ता विषयहरु कार्यक्रममा समेटिएका छन् ।

बजेटको शारांश

शीर्षक (रु. लाखमा)	२०२५/ २६	२०२६/ २७	२०२७/ २८	२०२८/ २९	२०२९/ ३०
	८२/८३	८३/८४	८४/८५	८५/८६	८६/८७
बालविकासका लागि जम्मा बजेट	१९८.३६	२०१.८६	२०५.७६	२०९.९६	२१४.५१
आधारभूत तहको जम्मा बजेट	१४३०.२५	१४५०.०७	१४३०.२५	१४३०.२५	१४३०.२५
माध्यमिक तहको जम्मा बजेट	५३१.१६	५६४.९३	६०६.३७	६४२.३२	६८६.६
अनौपचारिक शिक्षाको जम्मा बजेट	२६	४०	४१	३५	३६
प्राविधिक तथा व्यावसायिक शिक्षाको जम्मा बजेट	४१	५०	४०	४०	४०
शिक्षक व्यवस्थापन र तालिम कार्यक्रमको जम्मा बजेट	२९	२५.५	२७	२५.५	२७.५
विद्यालय भौतिक निर्माण र सुधार कार्यक्रमका लागि बजेट	१३०	१३०	१३०	१३०	१३०
सूचना प्रविधिको जम्मा बजेट	२५.५	२५.५	२५.५	२५.५	२५.५
जम्मा (रु. लाखमा)	**२४११.२७**	**२४९३.३६**	**२५०५.८८**	**२५३८.५३**	**२५९०.३६**
संघ (९२%)	**२२१८.३६८**	**२२९३.८९१**	**२३०५.४१**	**२३३५.४४८**	**२३८३.१३१**
प्रदेश (२%)	**४८.२२५४**	**४९.८६७२**	**५०.११७६**	**५०.७७०६**	**५१.८०७२**
स्थानीय (५%)	**१२०.५६३५**	**१२४.६६८**	**१२५.२९४**	**१२६.९२६५**	**१२९.५१८**
अन्य स्रोत (१%)	**२४.११२७**	**२४.९३३६**	**२५.०५८८**	**२५.३८५३**	**२५.९०३६**

- **बजेट प्रक्षेपणका आधार:** विद्यमान बजेटमा १०% वार्षिक वृद्धिलाई आधार मानेर कार्यक्रम बजेटको प्रक्षेपण गरिएको छ । आधार वर्षको जम्मा बजेट विश्लेषण गर्दा यस पालिकाको वार्षिक बजेटमा शिक्षा क्षेत्रको लागि मात्र आन्तरिक स्रोतको २४.९% र पालिकाको जम्मा बजेटको ३५.९८% शिक्षा क्षेत्रमा विनियोजन भएको छ ।
- **प्रतिविद्यार्थी लागत:** विद्यमान जम्मा बजेट र पालिकाका सामुदायिक विद्यालयमा अध्ययनरत जम्मा विद्यार्थी सङ्ख्यालाई आधार मान्दा यस पालिकाको प्रति विद्यार्थी सरकारी खर्च लागत रु. ३९२२५ देखिन आएको छ । यस योजनामा प्रक्षेपित बजेट र विद्यार्थी सङ्ख्यालाई आधार मान्दा यो बजेट अझै बढ्ने देखिन्छ । सामान्य अवस्थामा तुलनात्मक रूपले प्रति विद्यार्थी लागतको यो अवस्था उच्च स्तरको भन्न सकिन्छ । गुणस्तरीयतासँग तुलना गर्दा लागत अनुसारको प्रतिफल त्यति उत्साहजनक देखिएको छैन ।

- **स्रोतको अन्तर (Funding Gap):** चालु आर्थिक वर्षमा शिक्षा क्षेत्रको जम्मा बजेट र योजना आवधिका आगामी वर्षहरुका लागि अपक्षित क्रियाकलापहरुमा प्रक्षेपित गरिएको बजेट तुलना गर्दा वार्षिक १०% को सामान्य वृद्धिभन्दा करिव २५% बढी बजेट विनियोजन हुनुपर्ने आवश्यकता देखिन्छ। यसको लागि पालिकाबाट विशेष पहल हुनुपर्ने आवश्यकता छ। प्रक्षेपित क्रियाकलापहरुमा अपेक्षित बजेट विनियोजन हुन नसकेमा स्रोतको अभावले प्रक्षेपित क्रियाकलापहरुको कार्यान्वयनमा बाधा आउन सक्ने जोखिम रहेको छ। प्रदेश र अन्य स्थानीय स्रोतबाट यस गाउँपालिकाको शिक्षा क्षेत्रमा गरिएको लगानी न्यून रहेकोले विशेषत प्रदेश स्तरबाट बजेट विनियोजनको स्तर वृद्धि गर्न अत्यावश्यक छ।

परिच्छेद ७: अनुगमन तथा मूल्याङ्कन

अनुगमन भनेको कुनै क्रियाकलाप, परियोजना, योजना वा गतिविधिको प्रगति, प्रभाव र परिणामहरुको नियमित रूपमा समीक्षा तथा मूल्याङ्कन गर्ने प्रक्रिया हो। शैक्षिक कार्यक्रमहरुमा स्रोत साधनको विनियोजन र वितरण के कसरी भइरहेको छ, लगानीको प्रवाह समुचित ढङ्गले भएको छ वा छैन, कार्यक्रम कार्यान्वयन प्रक्रियामा त्रुटिहरु छन् वा छैनन्, शैक्षिक क्रियाकलापहरु निर्धारित कार्यतालिका अनुसार समयमै कार्यान्वयन भई लक्ष्यित प्रतिफल प्राप्तितर्फ उन्मुख भएका छन् वा छैनन् भन्ने कुरा निश्चित गर्न व्यवस्थापनबाट कार्यक्रम कार्यान्वयनको लक्ष्य प्रगति बारेमा नियमित वा आवधिक रूपमा निगरानी, निरीक्षण, पुनःनिरीक्षण, पर्यवेक्षण एवम् जाँचबुझ गर्ने गराउने कार्य अनुगमन हो। यसले कार्यक्रमको प्रगति र वर्तमान स्थितिको बारेमा जानकारी गराउँदछ।

मूल्याङ्कन भनेको कुनै योजना, कार्यक्रम, परियोजना वा गतिविधिको प्रभाव, परिणाम र प्रभावकारिताको गहिरो विश्लेषण गरी यसको सफलतासङ्ग सम्बन्धित निर्णय गर्ने प्रक्रिया हो। शैक्षिक कार्यक्रमको सान्दर्भिकता, उपयुक्तता, दक्षता र प्रभावकारिताको सन्दर्भमा सुव्यवस्थित एवम् उद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोखा गर्ने कार्य मूल्याङ्कन हो। मूल्याङ्कन प्रतिफल र प्रभावसँग बढी केन्द्रित हुन्छ। अनुगमन सामान्यतया कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनका चरणका साथै कार्यक्रम सम्पन्न भए पश्चात् पनि गरिन्छ। अनुगमन र मूल्याङ्कनले शैक्षिक कार्यक्रमहरुमा भएको लगानीलाई पारदर्शी, नतीजामुखी, जवाफदेही र उत्तरदायीपूर्ण बनाउन सहयोग गर्दछन्।

७.१ वर्तमान अवस्था

विद्यालयमा सञ्चालित योजना/कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन खास गरी गाउँ पलिकाको शिक्षा शाखाबाट गरिएको छ। साथै जनप्रतिधिहरुबाट पनि समय समयमा अनुगमन गरिएको छ। विद्यालयमा विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकको नेतृत्वमा समेत अनुगमन गर्ने गरिएको छ। हुनत कहिले काँही गरिएको अनुगमनले सुधारात्मक सुझाव दिए पनि त्यसको पूर्ण कार्यान्वयन गर्ने परिपाटी छैन। विद्यालयमा शैक्षणिक क्रियाकलापमा सुधारका निमित्त शिक्षकहरुको कक्षा अवलोकन लगायतका पेसागत दक्षता वृद्धि हुनेगरी प्रभावकारी अनुगमन र मूल्याङ्कनको स्थायी प्रणाली निर्माण र परिचालनमा आवश्यक जनशक्तिको व्यवस्था गर्नुपर्ने खाँचो छ। यस योजना अवधिमा यस्ता कार्यलाई प्राथमिकताका साथ कार्यान्वयनमा ल्याउने सोच राखीएको छ।

७.२ उद्देश्य

- अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतीजामा आधारित बनाउनु,
- योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरुलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु,
- शैक्षणिक क्रियाकलापमा सुधार हुनेगरी अनुगमन संयन्त्रको व्यवस्था र कार्यान्वयन गर्नु।

७.३ रणनीति

- प्रभावकारी अनुगमनको लागि संयन्त्र निर्माण गर्ने,

- शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र प्रयोग गर्ने,
- कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनको लागि एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याउने,
- नतीजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्ने,
- कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण प्रणाली प्रबन्ध गर्ने,
- योजनाअन्तरगत सञ्चालित कार्यक्रम तथा परियोजना वा क्रियाकलापहरुको नियमित आवधिक, मध्यावधिक तथा अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गर्ने,
- अनिवार्य तथा निशुल्क शिक्षा ऐन २०७५ ले तोके बमोजिम अनिवार्य तथा निशुल्क शिक्षा कार्यान्वयनको अवस्थाको प्रभावकारी अनुगमन गर्ने।
- सूचना प्रविधिका उपलब्ध साधनहरुको उपयोग गरी अनुगमन प्रणालीलाई चुस्त दुरुस्त बनाउने।

७.४ प्रमुख उपलब्धि तथा नतीजा

उपलब्धि:

- अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकत्रित प्रणाली विकास भएको हुनेछ।
- नतीजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली कार्यान्वयन हुनेछ।
- योजना कार्यान्वयनको चरणमा आएका समस्या तथा चुनौतीहरुलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल भएको हुनेछ।
- अनुगमन कार्यमा सूचना प्रविधिका उपलब्ध साधन र संयन्त्रको भरपुर उपयोग भएको हुनेछ।

नतिजा:

- अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास भएको हुनेछ।
- नतीजामा आधारित अनुगमन प्रणाली स्थापित हुनेछ।
- अनुगमनका आधारमा नतीजा सुधार हुनेछ।
- विद्यालयको दैनिक गतिविधि सञ्चालनमा नियमितता र चुस्त दुरुस्ताता भएको हुनेछ।

७.५ मुख्य क्रियाकलाप र परिमाणात्मक लक्ष्य

क्र.सं.	प्रमुख क्रियाकलापहरु	एकाइ	भौतिक लक्ष्य (५ वर्ष)						भौतिक लक्ष्य (१०वर्ष)	कैफियत
			१	२	३	४	५	जम्मा		
१.	अनुगमन तथा मूल्याङ्कन संयन्त्र निर्माण	निरन्तर	१					निरन्तर		
२.	नतीजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरु त्यार तथा अध्यावधिक गर्ने	पटक	१	१	१	१	१	५		
३.	कार्यक्रम कार्यान्वयनको चौमासिक तथा वार्षिक समीक्षा गर्ने	पटक	३	३	३	३	३	१५		
४.	कार्यक्रम कार्यान्वयन पुस्तिका तयारी	पटक	१					१		
५.	अनिवार्य तथा निशुःल्क शिक्षा कार्यान्वयन अवस्थाको अनुगमन	पटक	१	१	१	१	१	५		
६.	विद्याथी सिकाइ उपलब्धि परीक्षण	पटक	१	१	१	१	१	५		
७.	विद्यालयको कार्यसम्पादन परीक्षण	पटक	१	१	१	१	१	५		
८.९.	सामाजिक परीक्षणलाई प्रभावकारी र नियमित बनाउने	पटक	१	१	१	१	१	५		
१०.	अनुगमनको लागि आवश्यक सूचना प्रविधि संयन्त्रको विकास र प्रयोग	निरन्तर	१					निरन्तर		
११.	विद्यालयको लेखा परीक्षण	पटक	१	१	१	१	१	५		

अनुसूची

अनुसूची १: शिक्षा योजना तर्जुमा प्रक्रियामा सहभागीको विवरण

आज मिति २०८१/०२/२१ गते हल्दीबारी गाउँपालिकाको शिक्षा योजना (आ.व. २०८२/८३ - २०८६/०८६) तर्जुमा गर्ने सिलसिलामा श्री हल्दीबारी माध्यमिक विद्यालयमा तपशिलका मह.पुश्चात्कको उपस्थितिमा छलफल तथा अन्तर्क्रिया गरियो । साथै, अन्तर्क्रियाबाट प्राप्त सुझावहरूलाई टिपोट्ट गरी सो शिक्षा योजनामा समावेश गरिएको ।

क्र.सं.	नामथर	पद	ठेगाना	सम्पर्क नं.	हस्ताक्षर
१.	टिकादेवी पन्त	अध्यक्ष	हलिमारी-२	९८१६९८१०२	
२.	टंक क० पाण्डेय	उ.प्र.	"	९८४२६२८५४	
३.	देवी प्रसाद दाहाल	अध्यक्ष (शि.व्य.स.)	हल्दिबारी-२	९८१५०६९६०२	
४.	भोलानाथ ढुङ्गेल (भुपन)	वि क० सदस्य	हल्दिबारी-२	९८२४६८२५९८	
५.	तुलसी प्रसाद ढोइजा	सदस्य	हल्दिबारी-१	९८४०४४८८०	
६.	हरनाथ राजवंशी	प्राथमिक शिक्षक	हल्दिबारी २	९८१४०८१९४१	
६.	किराण दाहाल	बालक्लब सदस्य	हल्दिबारी-२	९८०६४००२५	
८.	सुयोग तिम्सिना	बालक्लब सचिव	हल्दिबारी-२	९८६१२५२१५१	
९.	बाङ्ग पाण्डेय	बालक्लब सदस्य	हल्दिबारी-२	९८४२६३८२२४	
१०	सदिनी भुजेल	बालक्लब सदस्य	हल्दिबारी-२	९८२५३०५०५०	
११	कविता गौतम	बालक्लब अध्यक्ष	हल्दिबारी-२	९८१४९३२३१८	
१२	केशव राज नेपाल	वि व्या.प्र.सदस्य	हल्दिबारी	९८४५६३६०८	
१२	सीता खतिवडा तिमिल्सिना	पीटीए सदस्य	हल्दिबारी २	९८४२६५८९	
१३	गणेश भगत	वडा सदस्य	हल्दिबारी २	९८१५००८५८४	
१४	गोविन्द क० - पौडेल	वि अ.सं सदस्य	हल्दिबारी-१	९८४३०२९५२८	
१५	ज्ञान ब० रोका	शिक्षक	हल्दिबारी मा.वि	९८७९९१४६६१	
१६	मिन प्रसाद निरौला	शिक्षक	हल्दिबारी मा.वि.	९८४२६३५९१५	
१७	रमेशचन्द्र पौडेल	स.प्र.अ०	हल्दिबारी मा.वि.	९८१६०००६०	
१८	लक्ष्मी प्रसाद दाहाल	प्रशिक्षक	चितामोड ०५	९८६२६०००२५	
१९.	चुडामणि ढंगाल (सुमन)	शिक्षक	हल्दिबारी-५	९८४२१८६२०८	
२०	डम्बर कुमार शर्मा	शिक्षक	हल्दिबारी भद्रपुर	९८०६०३४९२२	
२१	कमल ब. बस्नेत	शिक्षक	भद्रपुर-६	९८१२६६४०५	
२२.	दुर्गा प्र. अधिकारी	शिक्षा सहजकर्ता	गाडडुङ्गी-५	९८१६०५४४२४	
२३.	डा. माधव अधिकारी	प्रमुख, गैरवित्तीय अ.अ. केन्द्र	सानोठिमी भक्तपुर	९८५१२५८३६१	
२४.	प्रल्हाद अर्याल	विषय विज्ञ	काठमाडौं	९८६१२३२२६८	
२५.	योगेन्द्र उप्रेती	सहायक भूसन्धानकर्ता	सानोठिमी भक्तपुर	९८६५६८६५५	

आज मिति २०८२/०२/२९ गते, हल्दीबारी गाउँपालिकाको शिक्षा योजना (आ.व. २०८२/८३ - २०८६/०८६) बुझ्ने सिलसिलामा श्री रामेश्वर प्राथमिक विद्यालय, हल्दीबारी -३ मा तपसिलका महानुभावहरूको उपस्थितिमा छलफल तथा अन्तर्क्रिया गरियो। साथै, अन्तर्क्रियाबाट प्राप्त सुझावहरूलाई लिपीबद्ध गरी सो शिक्षा योजनामा समावेश गरिएको।

क्र.सं.	नामथर	टोलमा	पद	सम्पर्क नं.	हस्ताक्षर
१.	डिल्ली राम ठकुरी	ह० - ३	वि०व्य०स० अध्यक्ष		
२.	यशोदा मुजेल	ह० - ३	वि० व्य.व. पूर्व अध्यक्ष	8C9686009	yashoda
३.	कुमारी लिम्बु	" "		9806889952	कुमारी
४.	गोमा कार्की बोहोरा	" "		9826966221	गोमा
५.	लेखमाया बुढा			9804989573	लेखमाया
६.	शुकरानी रई			9863449480	[illegible]
७.	भावना त्रिखत्री			9827968778	भावना
८.	मनिका कर्मकार	भद्रपुर -४		9824004732	मनिका
९.	अञ्जु ढुङ्गेल	ह० - ३			अञ्जु
१०.	रिता गौतम	" "		9804928708	रिता
११.	ओम प्रसाद भिम	ह० ३	पूर्व प्र.अ	9815906078	[illegible]
१२.	बिनोद प्र. भण्डारी	ह० ३	पूर्व प्र.अ	8C9X002072	[illegible]
१३.	गोविन्द प्र. घिमिरे			8C2348448	[illegible]
१४.	धन ब. खोबा				[illegible]
१५.	टेकनाथ रेग्मी			8C0283220	[illegible]
१६.	निर्मला दुलाल	भद्रपुर - ६	शिक्षक	8C4088240	[illegible]
१७.	लक्ष्मी पौडेल	भद्रपुर - १०	शिक्षक		[illegible]
१८.	दिल कुमारी विष्ट	ह० - ३	शिक्षक		[illegible]
१९.	गोमा घिमिरे	" "	शिक्षक		[illegible]
२०.	मेनका शर्मा	भद्रपुर ६	प्र.अ.	8C8294848X	मेनका
२१.	सुमन योङ्हाङ्		शिक्षक		[illegible]
२२.	होम कुमारी खड्का	ह० - ३	शिक्षक		[illegible]
२३.	तारा कु. पुरी	" "	शिक्षक		[illegible]
२४	डिल्लीराम उप्रेती	" "	वि.अ.संघ अध्यक्ष	8C0659368	[illegible]
२५.	दुर्गाप्रसाद आचार्य	शिक्षा सहजकर्ता हल्दीबारी गा.पा.	बाह्रदशी - ५	8C9406882	[illegible]

क्र.सं.	नामथर	पद	ठेगाना	सम्पर्क नं.	हस्ताक्षर
२६.	डा. माधव अधिकारी	प्रमुख, गोरखकाली गाउँपालिका	सानोहिमी, बकपुर	९८४१५६१६४	
२७.	प्रल्हाद अर्याल	विषय विज्ञ	काठमाडौं	९७४४५५५६८	
२८.	सोहान उप्रेती	सहायक अनुसन्धानकर्ता	सानोहिमी, बकपुर	९८६९६९२८५५	

आज मिति २०८२।०२।२१ गते, हल्दीबारी गाउँपालिकाको शिक्षा योजना (आ.व. २०८२।८३- २०८६।०८६) तर्जुमा गर्न सिलसिलामा डी दिपेन्द्र आधारभूत विद्यालयमा तपसिल्का मद्दुभावहरुको उपस्थितिमा छलफल तथा अन्तर्क्रिया गरियो। साथै, अन्तर्क्रियाबाट प्राप्त सुझावहरुलाई लिपीबद्ध गरी सो शिक्षा योजनामा समावेश गरिनेछ।

क्र.सं.	नामथर	पद	ठेगाना	सम्पर्क नं.	हस्ताक्षर
१.	सन्तोष कु. मेचे	वि.व्य.स. अध्यक्ष	हल्दिबारी-४	९६००९०८२०६	
२.	सुना मद्दराई	वि.अ.स. अध्यक्ष	" ४		
३.	अर्जुन मद्दराई	प्र.अ.	" ४		
४.	केशव कु. थुवाल	स.शि	" "		
५.	पृथ्वी राज ढकाल	वि.व्य.स. सदस्य	" "		
६.	टिका पराजुली निवेदिता	शिक्षक			
७.	रोहित चौहान	विद्यार्थी	" "		
८.	सुरज नेवार	विद्यार्थी	" ३		
९.	मौसमी मेचे	विद्यार्थी	" ४		
१०.	सन्ध्या रजक	विद्यार्थी	" २		
११.	भार्दिगा मेचे	विद्यार्थी	" ४		
१२.	सुनिता मेचे	वि.व्य.स.अ	" ४		
१३.	छगरी पे आधिकारी	शिक्षक	हल्दीबारी-४		
१४.	डा. माधव अधिकारी	प्रमुख, जोरबङ्गाली मलाम्ची आ.के.	सानोठिमी भक्तपुर	९८४२५८१६४	
१५.	प्रल्हाद अर्याल	विषयविज्ञ	गाहमाडा	९८५४५५५६८	
१६.	जोगन थुम्कोटी	सहायक सञ्चालक	सानोठिमी, भक्तपुर	९८६१६९१८५२	
१७.					
१८.					
१९.					
२०.					
२१.					
२२.					
२३.					
२४.					
२५.					

आज मिति २०८२/०२/२१ गते, हल्दीबारी गाउँपालिकाको शिक्षा योजना (आ.व. २०८२/८३ – २०८६/०८६) तर्जुमा गर्ने सिलसिलामा श्री सरस्वती माध्यमिक विद्यालय, हल्दीबारी -१ योजनामा तपसिलका महानुभावहरूको उपस्थितिमा छलफल तथा अन्तर्क्रिया गरियो । साथै, अन्तर्क्रियाबाट प्राप्त सुझावहरूलाई लिपीबद्ध गरी सो शिक्षा योजनामा समावेश गरिनेछ ।

क्र.सं.	नामथर	पद	ठेगाना	सम्पर्क नं.	हस्ताक्षर
१.	राम कुमार लिङ्गदेम	वि.व्य.स. अध्यक्ष	हल्दीबारी-१	[illegible]	
२.	प्रेम कुमार न्यौपाने	प्र.अ.	हल्दीबारी-१		
३.	मणिराज ढुंगाल	शिक्षक	हल्दीबारी-१		
४.	धन माया आचार्य	"	"		
५.	हेम कु. राई	"	"		
६.	लक्ष्मी लिम्बु	"	"		
७.	रोज थापा	"	"		
८.	शान्ती गौतम	"	"		
९.	सुस्मीता कर्फले	"	[illegible]		
१०	निर्मला बास्तोला	"	[illegible]		
११.	सीता माबो	सदस्य	बाहुदशी ३		सीता
१२.	रुक्मिणी राई	सदस्य	बाहुदशी-३		
१३.	भविष्य विक्रम ढुंगाल	शिक्षक	हल्दीबारी-१	९८०६९४० ६००	
१४	राम बहादुर बेलवार	शिक्षक	महादेवा-६	[illegible]	
१५	धर्म बहादुर	"	हल्दीबारी-१	[illegible]	
१६.	सन्तोष कुमार अधिकारी	शिक्षा कर्मचारी तथा शिक्षक	हल्दीबारी-१	९८१६०६९६२९	
१७	सुरेश मकुराइ	शिक्षक	" १	[illegible]	
१८	प्रेम कुमार गजमेर			९८१४५२९५३५	
१९	पेर.टे. [illegible]			९८२७९४५०१४	
२०	देवी प्रसाद घिमिरे		" १	[illegible]	
२१	रवीन्द्र प्रसाद पोखरेल	शिक्षक	हल्दीबारी-१		
२२	लोकमान गुरुङ	शिक्षक	हल्दीबारी-१	९८६२७७३३५१	
२३.	तपन बराल	शिक्षक	हल्दीबारी-१	९८६९३३४९८४	
२४.	दुर्गा प्रसाद [illegible]	शिक्षक	हल्दीबारी-१	९८२५१७९५१६	
२५	दुर्गा प्र. अधिकारी	शिक्षा सहजकर्ता	बाहुदशी-२	९८१४०६४३२४	

क्र.सं.	नामथर	पद	ठेगाना	सम्पर्क नं.	हस्ताक्षर
२६.	डा. माधव अधिकारी	प्रमुख गोरखकाली मा.वि.मा. नेतृ	खानीखोला, शक्तिपुर	९८४१५६३६४	[illegible]
२८.	प्रल्हाद अर्याल	विषय, विज्ञ	काठमाडौं	९८५१५५५५६८	[illegible]
२९.	रोशन उग्रकोटी	सहायक अनुसन्धानकर्ता	खानीखोला, शक्तिपुर	९८६१६५१८४५	[illegible]

आज मिति २०८२/०२/२२ गते हल्दीबारी गाउँपालिकाको शिक्षा योजना (आ.व. २०८२/८३ - २०८६/०८७) तर्जुमा गर्ने सिलसिलामा तपशिलका पालिकास्तरका सामुदायिक तथा संस्थागत र धार्मिक प्रकृतिका विद्यालयका प्रधानाध्यापक ज्यूहरूसँग सामूहिक छलफल तथा अन्तरक्रिया गरी सुझावहरू संकलन गरिएको ।

तपशिल

क्र.सं.	नामथर	पद	संस्था/विद्यालय	सम्पर्क नं.	हस्ताक्षर
१.	मनिरु कुमारी राई	शिक्षक/अध्यक्ष	शिक्षक/शा.वि.	[illegible]	
२.	राजन लौपाने	योजना/शाखा प्रमुख	योजना/शाखा		
३.	डी० माधव अधिकारी	विज्ञ	गोरखकाली आधारभूत आ.वि.	९८६१२८३६८४	
४.	प्रल्हाद आर्याल	विज्ञ	"	९८५१२१२५६८	
५.	रोसन उप्रेती	सहायक अभिलेखापाल	"	९८६१६५१८५२	
६.	[illegible]	प्र०अ०	श्री नेहन्द्र मा०वि.	९८६१६६३३५	
७.	तुलसी प्र. कोइराला	सभापति	हलिबारी मा.वि.	९८४०४८८०	
८.	केदर प्रसाद सुवेदी	प्र० अ०	श्री मेरो आ.वि.	९८४२६६१८८	
९.	याम बहादुर लरोवर	प्र.अ०	न्यू स्टार इ. स्कूल	९८४९५९६६६०	
१०.	नितेश खरेल	प्र.अ.	कृष्णलागर इ. स्कूल	९८५२६१७३६८	
११.	त्रिलोचन नेपाली	संस्थापक	सुरुकाटा शिक्षा संघ	९८५२६६७६३२	
१२.	जनक लाल श्रेष्ठ	संस्थापक/प्रिन्सिपल	जसोदा ई.वि.	९८१५९२७९४५	
१३.	दिनेश कुमार सुवेदी	शिक्षक	रा० प्र० प्रा० वि.	९८६२६३८४६	
१४.	हिमलाल राजवंशी	प्र.अ.	श्री जनता आ.वि.	९८०६९४८६४	
१५.	सन्त बहादुर [illegible]	प्र.अ.	श्री धनुषा आ.वि.	९८२४०५८६००	
१६.	चन्द्र प्रकाश राई	प्र० अ०	श्री शान्ति प्रा.वि.	९८४२६६५४८	
१७.	मनकुमार बेघा	मा० प्रिन्सिपल	क्यानरी एकाडेमी	९८०१४४४३२०	
१८.	श्यामा कुमारी तिमिल्सिना	श्री दुर्गा देवी प्रा०वि० प्र० अ०		९८०६०५५६६५	
१९.	राम प्रसाद घिमिरे	प्र० अ०	श्री लक्ष्मी मा.वि.	९८१५९९४४६५	
२०.	गीता पौखेल	शिक्षक	श्री नव सृजना प्रा.वि.	९८१६९१३५२	
२१.	तुलसादेवी संग्रौला	प्रिन्सिपल	श्री गोलघाप सनलाइन	९८०३८५४२५६	
२२.	प्रेमका शर्मा	प्र.अ.	श्री रामेश्वर आ.वि.	९८४३१६४९५६	
२३.	[illegible]	प्र.अ.	प्र.अ. [illegible] मा.वि.	९८५९८६२३६	
२४.	गोविन्द बोहोरा	प्र.अ.	श्री सरस्वती आ.वि.	९८१४९२८९९१	

क्र.सं.	नामथर	पद	संस्था / विद्यालय	सम्पर्क नं.	हस्ताक्षर
२५	प्रेमकुमार ओझा	प्र.अ.	सरस्वती मा.वि.	9809859022	[illegible]
२६	Sangita Basnet	Teacher	Smart Montessori	9815953178	[illegible]
२७	दुर्गा पु. आचार्य	शिक्षक (नरसरी)	शिक्षा मा.वि.	9780848248	[illegible]
२८	प्रसाद सिलवाल	शिक्षक	ज्योति मा. वि	9780928888	[illegible]
२९	डिल्ली राम कुँडेल	प्र. अ.	पञ्चायत मा. वि	9817905038	[illegible]
३०	पुष्कर नाथ ओझा	कम्प्यूटर अपरेटर	हल्दीबारी	9820513240	

आज मिति २०८२।०२।२३ गते हल्दीबारी गाउँपालिकाका अध्यक्ष श्री रविन्द्र प्रसाद लिङ्देन ज्यूको अध्यक्षतामा हल्दीबारी गाउँ शिक्षा योजना (आ.व. ०८२।०८३-२०८६।०८६) तर्जुमा गर्ने सिलसिलामा तपसिलको उपस्थितिमा सामुहिक छलफल तथा अन्तक्रिया गरी सुझावहरू संकलन गरियो।

क्र.सं.	नामथर	पद	ठेगाना	सम्पर्क नं.	हस्ताक्षर
१-	रविन्द्र प्र. लिङ्देन	अध्यक्ष	हल्दीबारी		
२-	लक्ष्मी देवी नेपाली	उपाध्यक्ष	"		
३-	मान ब. वत (सुरेन्द्र)	प्र.प्र.अ.	"		
४-	देवी वि. थापा	वडाध्यक्ष वडा नं. १	"		
५-	कुलबहादुर राजवंशी	" " २ नं. वडा	"		
६-	विष्णु प्र. ओली	" " ३ नं. वडा	"		
७-	सुल ब. थापा	" " ४ नं. "	"		
८-	खड्क ब. लामिछाने	वडा नं. ५ अध्यक्ष	हल्दीबारी-८	९८४२६२२०६६	
९-	शान्ता दिवाकोटी	कार्यपालिका सदस्य	"	९८२६०१९६९१	
१०	आयुष भैचे	"	" " -३	९८४६०४२८१०	
११	रूपा देवी रसाइली	"	" " ९	९८४६०६६६४९	
१२	शिव भाई मगर	"	" " ५	९८२४१०२३७७	
१३	सानमाया श्रेष्ठ	पशु डाक्टर			
१४	पदुराम पकरिया	इन्जिनियर	विर्तामोड -१०	९८४२७५१५०३	
१५	संकल्प खतान	सूचना प्रविधि अधिकृत	हल्दीबारी -९	९८१८९८५१८	
१६	दीपक भट्टराई	ने.अ.			
१७.	कविता कर्ण	सहायक पाँचौं	बिरटामोड -१२	९८०७९०५९६७	
१८	सुनीता पौडेल	आ.वै.प. अधिकृत	झापा -०७	९८६०४८६५३१	
१९	देवीका अधिकारी	रोजगार संयोजक	हल्दीबारी ३	९८२५९३८५६०	
२०	तृष्णा थापा मगर	प्र.लेखा अ.	"	९८०९४०६६९	
२१	सपना ज्योपाते	रोजगार सेवा केन्द्र	हल्दीबारी	९८४९६६३०६३	
२२	हनिलाल गुरुङ	कृषि विकास शाखा	"	९८०८६९९५६२	
२३	दुर्गा प्र. अधिकारी	शिक्षा सहायक	हल्दीबारी		
२४	अनिशा दाहाल	का.प.सदस्य	हल्दीबारी ४	९८१६९१९६३३	
२५	कुल ब. [illegible]	व.नं. वडा	" -१	९८१६९६३१३०	

क्र.सं.	नामथर	पद	ठेगाना	सम्पर्क नं.	हस्ताक्षर
२६.	सुल्ला मदरा	कार्यपालीकाध्यक्ष	हल्दिबारी	9825945432	
२८.	गणेश प्रसाद	वडा सदस्य	हल्दिबारी २	9815008584	
२८.	डा. माधव अधिकारी	प्रमुख, गोरखाली सहकारी लि.	सानोठिमी भरतपुर	9849288688	
२९.	प्रल्हाद भण्डारी	विषय विज्ञ	काभ्रेडाँडा	9849282627	
३०.	रोशन घिमिरे	सहायक अनुसन्धानकर्ता	सानोठिमी भरतपुर	9846959254	

श्री

आज मिति २०८२ जेष्ठ २२ गते हल्दीबारी गाउँपालिकाको शिक्षा समितिको बैठक समितिका अध्यक्ष श्री रविन्द्र प्रसाद लिङ्देल ज्यूको अध्यक्षतामा हल्दीबारी गाउँपालिकाको आवधिक पञ्चवर्षिय योजनाका सम्बन्धमा विषय विज्ञहरू ज्यूसंग देहाय बमोजिमका उपस्थितिमा गाउँपालिकाको सभाहलमा बसी छलफल गरियो ।

उपस्थिति:

क्र.सं.	पदाधिकारीको नामथर	गठन प्रक्रिया	पद	दस्तखत
१.	श्री रविन्द्र प्रसाद लिङ्देन	गा.पा. अध्यक्ष	अध्यक्ष	
२.	श्री मान ब. वन (महेन्द्र)	प्रमुख प्रशासकीय अधिकृत	सदस्य	
३.	श्री देवी बहादुर थापा	कार्यपालिका सदस्य	सदस्य	
४.	श्री आयुषा मेचे	कार्यपालिका सदस्य	सदस्य	
५.	श्री मदन पोखेल	अध्यक्ष- शिक्षक महासंघ	सदस्य	
६.	श्री टंक बहादुर पाखिन	प्र.अ.-हल्दीबारी मा.वि.	सदस्य	
७.	श्री नरेश पराजुली	प्रि. सिरमा अंग्रेजी विद्यालय	सदस्य	
८.	श्री हर्क बहादुर तामाङ	शिक्षा प्रेमी/बुद्धिजिवि	सदस्य	
९.	श्री खिवराज भट्टराई	शिक्षा प्रेमी/बुद्धिजिवि	सदस्य	
१०.	श्री प्रतिमा भुजेल	शिक्षा प्रेमी/बुद्धिजिवि	सदस्य	
११.	श्री धर्मराज सिवाकोटी	शिक्षा प्रेमी/बुद्धिजिवि	सदस्य	
१२.	श्री दुर्गा प्रसाद अधिकारी	शिक्षा सहजकर्ता	सदस्य	
१३.	श्री जनक कुमारी राई	शिक्षा अधिकृत	स. सचिव	

आमन्त्रित:

लक्ष्मी देवी मैनाली-गा.पा. उपाध्यक्ष

विषय विज्ञ:

१. डा. माधव अधिकारी

२. प्रल्हाद अर्याल

३. रोशन उग्रकोटी- सहायक अनुसन्धानकर्ता

अन्य उपस्थिति:

श्री सुमन चौधरी- प्राविधिक सहायक

श्री पुष्करनाथ ओझा- क.अ.

अनुसूची २: शिक्षा योजना तर्जुमाको सिलसिलामा लिइएका केही तस्विर

हल्दीबारी गाउँपालिका

झापा, कोशी प्रदेश

ईमेल: haldibaririruralmunicipality123@gmail.com

वेवसाइट: https://haldibarimun.gov.np/